सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

## महिला विकास कार्यक्रम

# वार्षिक प्रगति प्रतिवेदन

## २०६७/०६८

वार्षिक प्रगति प्रतिवेदन
२०६७/०६८

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
श्रीमहल, ललितपुर

सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

# महिला विकास कार्यक्रम

# वार्षिक प्रगति प्रतिवेदन

## २०६७/६८

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
श्रीमहल, ललितपुर

प्रकाशक

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

महिला तथा बालबालिका विभाग

श्रीमहल, ललितपुर

तार : ०१-५५४७०१३, ०१-५५२६७७९

छवि : ०१-५५२१२१४

बिजुली मञ्जुषा : dwd1@wlink.com.np

गृह पन्ना : www.dwd.gov.np

२०६९ असार (१,५००)

मुद्रक

कैलाश प्रेस तथा मसलन्द छपाइ

लुभु, ललितपुर

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार,काठमाण्डौ
फोन नं.: ४२००१६५, ४२००४१३
४२००१६८, ४२००३२८
फ्याक्स : ४२००११६
ईमेल : mail@mowcsw.gov.np

# प्राक्कथन

महिला तथा बालबालिका विभागले आव २०६७/६८ मा सञ्चालित महिला विकास कार्यक्रमको प्रगति प्रतिवेदन जनसमक्ष ल्याउन लागेकोमा मलाई खुसीको अनुभूति भएको छ ।

ग्रामीण क्षेत्रका विपन्न महिलाहरूको बहुआयामिक सशक्तीकरणका लागि आव २०३९/४० देखि महिला विकास कार्यक्रम सञ्चालन हुँदैआएको हो । सामाजिक परिचालनको यो देशव्यापी अभियानमा मन्त्रालयअन्तर्गत विभाग र विशेष गरी जिल्लास्थित कार्यालयहरू संलग्न छन् । विभिन्न मन्त्रालय तथा निकायहरूको सराहनीय सहयोग पनि मिलिरहेको छ ।

कार्यक्रमले लाखौं लक्ष्यित महिलाको जीवनमा परिवर्तन ल्याएको छ । झण्डै तीन दशकको साङ्गठनिक सिकाइबाट कार्यक्रमका सहभागितात्मक विधिहरू समृद्ध भैरहेका छन् ।

सँगसँगै धेरै काम गर्न बाँकी पनि छ । खास गरी चालु त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) मा निर्धारित देशका सबै गाविसमा कार्यक्रम लागू गर्ने लक्ष्यको तुलनामा हालसम्म ३,३६० गाविससम्म मात्र पुग्न सकिएको अवस्था ध्यानयोग्य छ ।

वार्षिक प्रतिवेदन सूचनाको स्रोत हुन्छ र लेखाजोखाको आधार पनि बन्दछ । प्रतिवेदनमा कार्यक्रमअन्तर्गतका गतिविधि, प्राप्ति र चुनौती राम्ररी झल्किएका छन् भन्ने मलाई लागेको छ । लैङ्गिक समानता र महिला सशक्तीकरणका कतिपय सैद्धान्तिक पक्षहरूको विवेचना गरिनुका साथै जारी प्रयासहरूलाई यथाशक्य ऐतिहासिक परिप्रेक्ष्यमा राखिएकाले पनि प्रतिवेदन धेरैथरी पाठकका लागि उपयोगी होला भन्ने आसा मैले गरेको छु ।

अन्तमा, प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न विभागका सबै कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बालानन्द पौडेल
सचिव

मिति २०६९।३।१७

# विषय-सूची


| | | |
|---|---|---|
| परिच्छेद १ | परिचय | १ |
| | १.१ स्वतन्त्रताको सङ्घर्ष | १ |
| | १.२ संयुक्त राष्ट्रसङ्घीय समर्थन | ४ |
| | १.३ अन्तर्राष्ट्रिय संविदा | ८ |
| | १.४ विकासमा लैङ्गिकता | १२ |
| | १.५ लैङ्गिक विश्लेषणका पक्ष | १५ |
| परिच्छेद २ | नेपालमा महिला सशक्तीकरण | २२ |
| | २.१ ऐतिहासिक आधार-रेखा | २२ |
| | २.२ नीतिगत प्रयास | २३ |
| | २.३ संवैधानिक प्रावधान | २८ |
| | २.४ राष्ट्रिय कार्ययोजना | ३० |
| | २.५ संस्थागत व्यवस्था | ३१ |
| | २.६ परिवर्तनको प्रवृत्ति | ३४ |
| परिच्छेद ३ | महिला विकास कार्यक्रम | ३७ |
| | ३.१ प्रारम्भ | ३७ |
| | ३.२ रचनात्मक परिवर्तन | ४१ |
| | ३.३ हालसम्मको प्रगति | ४८ |
| परिच्छेद ४ | वार्षिक कार्यक्रमको कार्यान्वयन | ५४ |
| | ४.१ समष्टिगत प्रगति | ५४ |
| | ४.२ महिला विकास कार्यक्रम (केन्द्रस्तर) | ५७ |
| | ४.३ महिला विकास कार्यक्रम (जिल्लास्तर) | ५७ |
| | ४.४ लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजना | ५८ |
| | ४.५ जोखिममा रहेका एवं द्वन्द्वबाट प्रभावित बालबालिका तथा परिवारका लागि विकेन्द्रित सहयोग सुदृढीकरण आयोजना | ६२ |
| | ४.६ छाउपडी निवारण आयोजना | ६५ |
| परिच्छेद ५ | उपसंहार | ६८ |

## अनुसूचीहरू


अनुसूची १ महिला विकास कार्यक्रमको फैलावट ........................................ ७३
अनुसूची २ लक्ष्यित समूह सहभागिता ........................................ ७६
अनुसूची ३ समूह बचत परिचालन ........................................ ७९
अनुसूची ४ चालुकोष परिचालन ........................................ ८१
अनुसूची ५ बेरुजूको विवरण ........................................ १०७
अनुसूची ६.क महिला विकास कार्यक्रम (जिल्लास्तर) को वार्षिक प्रगति .............. ११०
अनुसूची ६.ख महिला विकास कार्यक्रम (केन्द्रस्तर) को वार्षिक प्रगति ................ ११६
अनुसूची ७ जिल्लागत प्रगति अनुपात ........................................ ११८
अनुसूची ८ समीक्षा गोष्ठीको सार ........................................ १२१
अनुसूची ९ नेपालमा महिला विकास : मुख्य घटनाहरू ................................ १२७


## तालिकाहरू


१ नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि प्रतिज्ञापत्र र इच्छाधीन आलेख........ १०
१.क नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि ...................... १२
२ विकासमा महिला र लैङ्गिक पहुँच ........................................ १४
३ लिङ्ग र लैङ्गिकता ........................................ १५
४ नेपालमा महिला विकास : छैठौँ पञ्चवर्षीय योजनाको पूर्वावस्था ................ २२
५ चालु त्रिवर्षीय योजनाका परिमाणात्मक लक्ष्य ........................................ २६
६ नेपालमा महिला विकास : चालु त्रिवर्षीय योजनाको अवस्था ...................... ३५
७ महिला विकास कार्यक्रमको विस्तार ........................................ ४८
८ महिला विकास कार्यक्रमको समष्टिगत प्रगति
(आ. व. २०३९/४० देखि २०६७/६८) ........................................ ५२
९ लैसमस आयोजनाको कार्यक्षेत्र ........................................ ५९
१० लैसमस आयोजनाको हालसम्मको प्रगति ........................................ ६०
११ जोखिममा रहेका ... आयोजनाका सम्भाग ........................................ ६३
१२ जोखिममा रहेका ... आयोजनाको कार्यक्षेत्र र लक्ष्यित परिवार ..................... ६४
१३ जोखिममा रहेका ... आयोजनाको हालसम्मको प्रगति ................................. ६४

# परिच्छेद १
# परिचय

## १.१ स्वतन्त्रताको सङ्घर्ष[1]

महिला मुक्तिको गाथा अथाह छ। आधुनिक आन्दोलन नै नौ पुस्तादेखि जारी छ। जागरण देश वा महादेशमा सीमित छैन; संसारभरि छ ।

**वैचारिक अधारशिला** : महिला अधिकारका लागि प्रारम्भिक अभियानको अग्रपङ्क्तिमा Mary Wollstonecraft थिइन् । सन् १७९२ मा A Vindication of the Rights of Woman पुस्तक लेखेर उनले लैङ्गिक समानताको आधारशिला राखिन् । व्यक्तिगत जीवनमा पनि उत्तिकै जुझारु स्वभावकी ती मेघावी वेलायती विचारकले महिला र पुरुष समान जन्मेका हुन्छन् भन्ने आग्रह गरिन् । असमानता सामाजिक रचना (Social construction) हो, जुन बालिकालाई बालकसरह शिक्षा-दीक्षा प्रदान गरेर अनि महिलालाई पुरुषसरह रोजगारी दिलाएर सल्टाउन सकिन्छ भन्ने तर्क उनको थियो । महिलालाई मान्छे नगन्ने जमानामा एउटी महिलाले साहसिक वहस चलाइन्, जसमा भाग लिन उप्रान्त जोसुकैलाई सजिलो भयो ।

**भावानुभूतिको घोषणापत्र** : संसारमै पहिलो महिला अधिकार सभा (Women's rights convention) अमेरिकामा बस्यो । सन् १८४८ को जुलाइ १९-२० मा न्यु योर्कको सेनेका फल्समा सम्पन्न सभामा ६८ जना महिलाका साथै ३२ जना पुरुषले भाग लिएका थिए । सभाले १२ वटा सङ्कल्प (Resolutions) सहित भावानुभूतिको घोषणापत्र (Declaration of Sentiments) जारी गऱ्यो । कानुनको अघिल्तिर पुरुषको बराबरी, महिलालाई मताधिकार, शिक्षा र रोजगारीमा पक्षपातको अन्त्यलगायतका माग सङ्कल्पमा थिए । तत्कालीन अमेरिकी जीवनमा महिलामात्रको उपेक्षाको मर्मस्पर्शी चित्रण गरेको उक्त ऐतिहासिक दस्तावेजको मस्यौदा प्रखर अभियन्ता Elizabeth Cady Stanton ले गरेकी थिइन् ।

**नारीवादको प्रचार** : सेनेका फल्स सभा 'अमेरिकी' थियो तर त्यसले अन्यत्र पनि महिला अधिकार प्राप्तिको आन्दोलनका लागि प्रस्ट कार्यसूची (Agenda) दियो । हुलाक, टेलिग्राफ, पानीजहाजको माध्यमबाट विचार प्रवाह र आवागमन सुगम भैरहेको थियो, जसले देश-देशान्तरका महिला अधिकारकर्मीलाई एकजुट हुन मद्दत गऱ्यो । पेरिसमा सन् १८७८ मा पहिलोपल्ट सम्पन्न अन्तर्राष्ट्रिय महिला अधिकार महासभा (International Congress on Women's Rights) विस्तारित हातेमालोकै प्रतीक थियो ।

फ्रान्सेली महिला अधिकारवादी Leon Richer र Maria Deraismes को अग्रसरतामा महासभाको आयोजना गरियो, जसका लागि पेरिसमै हुन लागेको विश्व महोत्सवको मौका छोपिएको थियो । फ्रान्सको त कुरै भएन, अन्यत्र युरोप, अमेरिका अनि दक्षीण अमेरिकाका थप ११ मुलुकका महिला तथा पुरुष प्रतिनिधि गरेर २०० जनाजतिको जमघट भयो । Leon Richer पनि पुरुष नै थिए ।

महिला मताधिकारलाई कार्यसूची (Agenda) मा नराख्दा विवाद पनि पऱ्यो । ऐतिहासिक, शैक्षिक, आर्थिक, नैतिक र विधायकी पक्षमा भने दुई साता लामो बैठकमा प्रसस्त भलाकुसारी भयो । महिला अधिकारका

[1] यो खण्ड जिज्ञासु तर वेफुर्सदिला विकासकर्मीको मोटामोटी ज्ञानका लागि टिपोट हो, जुन प्राज्ञिक अर्थमा पक्कै नपुग छ । यत्रतत्र छूट होलान् । कताकति नहोऊन् भनिएका त्रुटी पनि भेटिएलान् ।

मुद्दाहरूको प्रथम-प्रथम अन्तर्राष्ट्रियीकरण महासभाबाटै भएको मान्न सकिन्छ । महासभाले अन्तर्राष्ट्रिय स्थायी समितिको घोषणासमेत गरेको थियो । फ्रान्सेली शब्द 'Fe'ministe' को अङ्ग्रेजी तद्भव 'Feminism' अठारौँ शताब्दीको मध्यतिर नारीका गुणहरू (Qualities of females) जनाउन प्रयोग हुन्थ्यो, जुन महासभापछि क्रमशः नारीवादबोधक बन्यो । अघि महिला अधिकार (Women's rights) र महिला स्वतन्त्रता (Women's emancipation) नै भनिन्थ्यो ।

**श्रमिक जागरण** : महिला र पुरुषबीचको भेदभाव जताजतै थियो । आन्दोलनको आधार पनि फराकिलो बन्दै गयो । औद्योगीकरणसँगै महिलालाई पनि नोकरीको मौका मिलेको थियो । श्रमिक महिलाहरू काममा कायम रहेको लिङ्गभेदविरुद्ध बोल्न थाले । अमेरिकामा सन् १९०३ मा महिलाको श्रम सङ्गठन (Women's Trade Union League) खोलियो । सङ्गठनको समर्थनमा सन् १९०९ मा तयारी पोशाक उद्योगमा कार्यरत २० हजार महिलाले आम हडताल गरे । मुख्यतया आप्रवासी महिला कामदारले नेतृत्व गरेको तीन महिना लामो उक्त ऐतिहासिक घटना बीसहजारको विद्रोह (Uprising of the 20,000) भनेर पनि कहलिएको छ ।

**दिवसीय लहर** : खास गरी महाद्विपीय युरोपमा समाजवादी महिला महिलाकै अर्थमा राजनीतिक ढङ्गले सङ्गठित हुने कि नहुने भन्ने विवादकै बीच जर्मनीकी Clara Zetkin, रसियाकी Alexandra Kollontai जस्ता नेतृहरू अघि सरे । समाजवादी महिलाको अन्तर्राष्ट्रिय सम्मेलनको सिलसिला चल्यो, जसमध्ये पहिलो स्टुटगार्टमा सन् १९०७ मा भयो भने दोस्रो कोपेनहेगनमा सन् १९१० मा । कोपेनहेगन सम्मेलनले संसारका महिलाले अधिकार प्राप्तिका लागि सालबसाली दिवस मनाउने प्रस्ताव पनि पारित गऱ्यो । अन्तर्राष्ट्रिय नारी दिवसको प्रस्ताव अमेरिकी समाजवादी महिलाको सिको थियो, जसले सन् १९०९ को फेब्रुवरी २८ मा पहिलो राष्ट्रिय नारी दिवस मनाएका थिए ।

कोपेनहेगनमा आह्वान गरिएको थियो; यै दिन भनिएको थिएन । प्रतिउत्तरमा सन् १९११ मा मार्च १८ का दिन डेनमार्क, जर्मनी, अष्ट्रियालगायतका युरोपेली मुलुकमा पहिलोपल्ट अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो, जसमा १० लाख बढीको सहभागिता रहेको थाहा हुन्छ । आन्ध्रपारि अमेरिकामा भने फेब्रुवरी महिनाको अन्तिम आइतबार नारी दिवस मनाउने परम्परा कायमै राखियो ।

रुसमा पहिलोपल्ट सन् १९१३ मा अमेरिकामा जस्तै रुसी पात्रोअनुसार फेब्रुवरी महिनाको अन्तिम आइतबार नारी दिवस मनाइएको थियो, जसको निरन्तरतामा सन् १९१७ मा भएका प्रदर्शनहरूबाटै फेब्रुवरी क्रान्ति प्रारम्भ भयो । अङ्ग्रेजी पात्रोमा उक्त दिन मार्च महिनाको ८ तारिखमा परेको थियो । अक्टुवर क्रान्तिपछि मार्च ८ लाई नारी दिवसको आधिकारिक मान्यता दिइयो, जसका लागि Alexandra Kollontai ले पनि विशेष पहल गरेकी थिइन् भनिन्छ ।

रुसमा स्थापित परम्परालाई पछ्याउँदै चीनमा सन् १९२२ देखि र अन्यत्र पनि विभिन्न वर्षदेखि साम्यवादी दलहरूले मार्च ८ मा नारी दिवस मनाउन थाले । कालान्तरमा सन् १९७७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले मार्च ८ लाई महिला अधिकार र विश्व शान्तिका लागि संयुक्त राष्ट्रसङ्घीय दिवसको रूपमा घोषणा गर्न सदस्य राष्ट्रहरूलाई आह्वान गऱ्यो ।

जे होस्, जागृति, एकता र दवावसमेतका लागि नारी दिवस सहयोगी भयो । अधिकारको माग घन्की नै

रह्यो; आन्दोलनको आगो दन्की नै रह्यो । खास गरी विकासशील जगतमा आज पनि त्यत्तिकै उत्साहका साथ नारी दिवस मनाइन्छ ।

**मताधिकारको प्राप्ति** : अमेरिकी Susan Brownell Anthony, वेलायती Emmeline Pankhurst, फ्रान्सेली Jeanne Deroin लगायतका थुप्रै उन्नायकहरू कतिले देख्न पाए कतिले पाएनन् तर बीसौँ शताब्दीको प्रारम्भदेखि नै राजनीतिक अधिकारको मोर्चामा महत्वपूर्ण जीत हासिल भैरहेको थियो । फिनल्याण्डमा सन् १९०६ मा नै महिलालाई मताधिकार प्रदान गरिएको थियो । अमेरिकामा सन् १९२० मा मात्र सफलता मिल्यो । वेलायती महिलामध्ये ३० वर्षमाथिकाले सन् १९१८ मा र पुरुषसरह सबैले त्यसको १० वर्षपछि सन् १९२८ मा मताधिकार प्राप्त गरेका थिए । फ्रान्समा सन् १९४४ मा मात्र मताधिकारमा लैङ्गिक समानता कायम हुन सक्यो । स्वीजरल्याण्डमा पनि मतका लागि महिलाले सन् १९७१ सम्म पर्खनुपर्‍यो ।

**तेस्रो तरङ्ग** : महिला आन्दोलनको विकासक्रमलाई तीनवटा तरङ्ग (Waves) मा हेर्ने चलन पनि छ । पहिलो तरङ्ग वस्तुतः मताधिकारको माग र प्राप्तीबीचको सङ्घर्ष हो । अमेरिकामा भावानुभूतिको घोषणा (१८४८ ई.) र संविधानको उन्नाईसौं संशोधन (१९२० ई.) बीचको ७२ वर्षको अनवरत यात्रा नारीवादको पहिलो तरङ्ग (First-wave feminism) थियो ।

मताधिकारको प्राप्तिपछि 'अब त समाजमा महिलाको बराबरी स्थान भयो वा हातमा मतपत्र भएकाले गराउन सकिन्छ' भन्ठानेर होला पश्चिमतिर आन्दोलन सुस्तायो । सन् १९६० सम्म पनि महिलाको सामाजिक मर्यादास्तरमा मतपत्ररूपी अस्त्रको अपेक्षित असर देखा परेन । विकासको युग प्रारम्भ भैसकेको थियो, जताततै परिवर्तन भैरहेका थिए तर आम महिलाको जीवन घरायसी दैनिकीमा हराइरहेको थियो । अमेरिकी चिन्तक Betty Friedan लाई पटक्कै चित्त बुझेको थिएन । उनले सन् १९६३ मा The Feminine Mystique लेखिन् । सबैथोक बिर्सेर श्रीमती अनि आमाको रूपमा जीवन समर्पण नगरी जे-जति गरेर हुन्छ सार्थक क्रियाकलाप खोज्न सारा महिलालाई घच्घच्याइएको उनको पुस्तकसँगै नारीवादको दोस्रो तरङ्ग (Second-wave feminism) पैदा भयो । सन् १९६० को दशकका बाँकी वर्ष, ७० र ८० का दशकभरि घरबाहिर महिलाको भूमिका बढाउने गरी समानता, समता, सकारात्मक कार्य (Affirmative actions) लगायतका मुद्दाहरू उठाइए । शिक्षामा पहुँच, प्रजनन सेवाहरूको विस्तार, समान कामका लागि समान ज्याला, घरेलु ज्यादतीको प्रतिरोध, कार्यस्थलमा लैङ्गिक संवेदनशीलताजस्ता पक्षहरूमा जोड दिइयो ।

महिला र पुरुषबीच तुलना गर्ने चलन चल्यो, जसको दुई अर्थ निस्किन्थ्यो : एक, 'महिला' समूह हो जो एकैनास हुन्छ र दुई, महिलाका आकांक्षा आम (Universal) हुन्छन् । पछिल्लो पुस्ताले भने महिलामाझ विषमता देख्यो र महिलाका लागि यो जाती त्यो नजाती भन्ने सर्वमान्यता पनि मन पारेन । भिडमा हराउन चाहेन, चिनिन खोज्यो; अर्काको पछि लाग्न चाहेन, आफ्नै सुरमा हिड्न खोज्यो । परिणाम नारीवादको वर्तमान तेस्रो तरङ्ग (Third-wave feminism) हो । थुप्रै नाममा पहिला अमेरिकी Rebecca Walker को आउँदछ, जसले २३ वर्षकी छँदा नै सन् १९९२ मा Becoming the Third Wave शीर्षकको लेखमा आफू नारीवादोप्रान्तको नारीवादी (Post-feminism feminist) नभएर तेस्रो तरङ्ग भएको जनाएकी थिइन् । त्यसो भनेर उनले नारीवाद विगतमा नहराएको बरु वर्तमानमा जीवन्त

रहेको सन्देश दिन खोजेकी थिइन् । यदाकदा दोस्रो तरङ्गका नारीवादीले अमेरिकी मध्यमवर्गीय स्वेत महिलाहरूको अनुभूति नै सारा महिलाको अनुभूति भन्ठानेको भनेर आलोचना गर्ने तेस्रो तरङ्गका नारीवादीका लागि महिलामाझको वर्ण, वर्ग, संस्कृतिलगायतका विविधता त्यत्तिकै ध्यानयोग्य छन् । नारीवादलाई आ-आफ्नो पहिचानअनुसार आ-आफ्नै परिप्रेक्ष्यमा परिभाषित गर्न सकिन्छ भन्ने मान्यता राखिएको छ । लैङ्गिक हिंसा, प्रजनन अधिकार र वैयक्तिक स्वतन्त्रता सङ्घर्षका मुख्य मोर्चा भएका छन् । महिलालाई अमर्यादित तुल्याउने अधिका शब्दहरू नयाँ अर्थमा प्रयोग गर्ने प्रवृत्ति देखिएको छ । त्यस्तै, महिलालाई जोडदार, शक्तिशाली, स्व-नियन्त्रकको रूपमा चित्रण गर्ने चलन पनि चलाइएको छ ।

मोटामोटीमा नारीवादको पहिलो तरङ्ग समानता, दोस्रो तरङ्ग सार्थकता र तेस्रो तरङ्ग स्वतन्त्रताको सङ्घर्ष हो पनि भन्न सकिन्छ ।

## १.२ संयुक्त राष्ट्रसङ्घीय समर्थन

समस्त महिलाको उन्नतिको अभियानलाई पछिल्ला दशकमा संयुक्त राष्ट्रसङ्घको समर्थनले अग्रगति दिलाएको छ। संयुक्त राष्ट्रसङ्घीय छत्रछायाँमा महिला अधिकारवादीको ऐतिहासिक आन्दोलनले विश्वव्यापी आधिकारिता पाएको तथा सुधारका प्रक्रियाहरूको संस्थागतीकरणसमेत भएको अनुभव हुन्छ । नवोदित मुद्दाहरू पहिल्याउन, राष्ट्रिय वचनबद्धता प्राप्त गर्न र हालसालै जारी प्रयासहरूको अनुगमनसमेत गर्न संसारको यो साझा मञ्च उपयोगी माध्यम बनेको छ । संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा १ मा घोषित उद्देश्यमा '... लिङ्गभेदविना ... सबैको मौलिक स्वतन्त्रता र मानव अधिकारप्रतिको सम्मान प्रवर्धन एवं प्रोत्साहनका लागि अन्तर्राष्ट्रिय सहयोग हासिल गर्ने' उल्लिखित छ । संयुक्त राष्ट्रसङ्घको स्थापना सन् १९४५ मा भएको थियो । लगत्तै सन् १९४६ को जुन २१ मा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्ले महिलाको मर्यादास्तर आयोग (Commission on the Status of Women) बनाएर लैङ्गिक समानता र महिला उन्नतिको कार्यारम्भ गऱ्यो ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र – १९४८** : संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९४८ को डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights) जारी गऱ्यो । मानवमात्रका नैसर्गिक अधिकार र स्वतन्त्रताको उक्त ऐतिहासिक संहितामा 'सारा मान्छे स्वतन्त्र र मान अनि अधिकारमा समान जन्मिन्छन्' भनियो । प्रत्येक व्यक्तिलाई लिङ्गलगायत कुनै किसिमले अन्यथा नगरी घोषणापत्रमा अङ्कित अधिकार औ स्वतन्त्रता प्राप्तिको हक छ भन्ने पनि प्रस्ट पारियो ।

**अन्तर्राष्ट्रिय नारी वर्ष – १९७५** : संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७२ मा सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष (International Women's Year) घोषणा गऱ्यो । उक्त घोषणा महिला र पुरुषबीच समानता प्रवर्धन गर्ने, विकासका सारा प्रयासमा महिलाको पूर्ण एकीकरण सुनिश्चित गर्ने र विश्व शान्तिको सुदृढीकरणमा महिलाको योगदान बढाउने आह्वान थियो । वर्षभरि जताततै अपार उत्साहका साथ खास गरी सोधीखोजी र योजना तर्जुमाका काम भए । संयुक्त राष्ट्रसङ्घमा अन्तर्राष्ट्रिय नारी वर्षका लागि ऐच्छिक कोष (Voluntary Fund for the International Women's Year) समेत खडा गरियो ।

**पहिलो विश्व महिला सम्मेलन – १९७५** : अन्तर्राष्ट्रिय नारी वर्षकै उपलक्ष्यमा मेक्सिको सिटीमा पहिलो विश्व महिला सम्मेलन (First World Conference on Women) भयो । संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सन् १९७५ को जुन १९ - जुलाइ २ बीच सम्पन्न उक्त सम्मेलनमा १०० बढी देशहरूले भाग लिएका थिए । सम्मेलनले समानता, विकास र शान्तिका बृहत् लक्ष्य हासिल गर्न विश्व कार्ययोजना (World Plan of Action) पारित गऱ्यो ।

**संयुक्त राष्ट्रसङ्घीय नारी दशक – १९७६-८५** : पहिलो विश्व महिला सम्मेलनको आग्रहमा संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७६-८५ लाई समानता, विकास र शान्तिको नारासहित संयुक्त राष्ट्रसङ्घीय नारी दशक (United Nations Decade for Women: Equality, Development and Peace) घोषणा गऱ्यो । खास गरी प्रथम अर्द्धदशक (१९७६-८० ई.) मा केन्द्रित रहेर विभिन्न कार्यक्रम तय भए । अन्तर्राष्ट्रिय नारी वर्षका लागि स्थापित ऐच्छिक कोषका गतिविधि दशकभरि जारी राख्ने निधो त सन् १९७५ को अन्ततिरै गरिसकिएको थियो । तद्अनुसार दशकीय कार्यक्रमका लागि ऐच्छिक कोष (Voluntary Fund for the United Nations Decade for Women) को स्थापना गरियो, जुन पछि संयुक्त राष्ट्र सङ्घीय महिला विकास कोष (United Nations Development Fund for Women – UNIFEM) बन्यो ।[२]

**दोस्रो विश्व महिला सम्मेलन – १९८०** : संयुक्त राष्ट्रसङ्घको अग्रसरतामा दोस्रो विश्व महिला सम्मेलन कोपेनहेगनमा भयो । सन् १९८० को जुलाइ १४ देखि ३० सम्म चलेको उक्त सम्मेलनमा १४५ राष्ट्रका प्रतिनिधिले संयुक्त राष्ट्रसङ्घीय नारी दशकको मध्यावधि समीक्षा गरे । मेक्सिको सिटीमा पहिल्याइएका समानता, विकास र शान्तिका बृहत् लक्ष्य हासिल गर्ने सिलसिलामा सम्मेलनका लागि 'रोजगारी, स्वास्थ्य र शिक्षा' उपशीर्षक छानिएको थियो । सम्मेलनले दोस्रो अर्द्धदशक (१९८१-८५ ई.) का लागि कार्यक्रम (Programme of Action) पारित गऱ्यो । सम्पत्तिमा महिलाको स्वामित्व एवं नियन्त्रणमा कार्यक्रममा जोड दिइएको थियो ।

**तेस्रो विश्व महिला सम्मेलन – १९८५** : संयुक्त राष्ट्रसङ्घीय विश्व महिला सम्मेलनको क्रममा तेस्रो नैरोबीमा सन् १९८५ को जुन १५-२६ मा सम्पन्न भयो । सम्मेलनमा १४० बढी देशको सहभागिता थियो । संयुक्त राष्ट्रसङ्घीय नारी दशकको समापन गरेको उक्त सम्मेलनले सन् १९८६ उप्रान्त २००० सम्मको अवधिमा महिलाको उन्नतिका लागि अग्रदर्शी रणनीति (Forward-looking Strategies for the Advancement of Women during the Period from 1986 to the Year 2000) स्वीकृत गऱ्यो । महिलाको उन्नतिका लागि मौजुदा बाधा पन्छाउने उपायका साथै लैङ्गिक विभेदको अन्त्य र विकासका प्रक्रियामा महिलाको एकीकरण रणनीतिक प्राथमिकता थिए ।

**चौथो विश्व महिला सम्मेलन – १९९५** : नैरोबीपछि बेजिङमा विश्व महिला सम्मलेन भयो, जुन संयुक्त राष्ट्रसङ्घीय लहरमा चौथो थियो । बेजिङ सम्मेलन सन् १९९५ को सेप्टेम्बर ४ देखि १५ सम्म चल्यो । सम्मेलनमा १८९ देशका प्रतिनिधिहरू जुटे । सहभागिता, सञ्चार र समसामयिकताका अर्थमा पनि बेजिङ बैठक उल्लेखनीय छ । बेजिङ कार्यमञ्च (Beijing Platform for Action) र बेजिङ घोषणापत्र (Beijing Declaration) सम्मेलनका उपज हुन् ।

---

२ सन् २०१० को जुलाइमा संयुक्त राष्ट्रसङ्घ महिला : लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय (UN Women: United Nations Entity for Gender Equality and the Empowerment of Women) को स्थापना भएपछि २०११ को जनवरीदेखि संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष पनि त्यसैमा गाभिएको छ ।

महिलाहरूको सामाजिक, राजनीतिक तथा आर्थिक सशक्तीकरण गर्ने प्रयासमा बेजिङमा जारी घोषणापत्र सारा संसारको साझा मार्गदर्शन भएको छ। बेजिङ कार्यमञ्चमा संयुक्त राष्ट्रसङ्घीय महिला दशकदेखिको समानता, विकास र शान्तिको आकांक्षा प्राप्तिका लागि नौलो प्रतिज्ञा प्रतिविम्बित छ। सबै मुलुकका सरकार, महिला समूह, विकास साझेदारलगायतको बृहत् कार्यसूची (Agenda) को रूपमा रहेको बेजिङ कार्यमञ्चमा १२ वटा सरोकारका क्षेत्र पहिल्याइएका छन्। ती हुन्-

- महिला र गरिबी
- महिलाको शिक्षा-दीक्षा
- महिला र स्वास्थ्य
- महिलामाथिको हिंसा
- महिला र सशस्त्र सङ्घर्ष
- महिला र अर्थतन्त्र
- शक्ति र निर्णय कार्यमा महिला
- महिलाको उन्नतिका लागि संस्थागत संयन्त्र
- महिलाका मानवीय अधिकार
- महिला र सञ्चारका माध्यम
- महिला र वातावरण
- बालिका।

**बेजिङ जोड ५ विशेष महाधिवेशन – २०००** : बेजिङ घोषणपत्रका साथै कार्यमञ्चमा निर्धारित सरोकारका क्षेत्रमा भएको प्रगति सिंहावलोकन गर्न न्यु योर्कमा सन् २००० को जुन ५-९ मा संयुक्त राष्ट्रसङ्घको तेईसौँ विशेष महाधिवेशन (Twenty-third Special Session of the United Nations General Assembly) बस्यो। बेजिङ सम्मेलनको ५ वर्षपछिको भएकाले उक्त महाधिवेशनलाई बेजिङ जोड ५ (Beijing + 5) भनेर पनि जानिन्छ, जसको शीर्षक महिला २००० : एक्काईसौँ शताब्दीका लागि लैङ्गिक समानता, विकास र शान्ति (Women 2000: gender equality, development and peace for the twenty-first century) थियो। महाधिवेशनमा १४८ सदस्य राष्ट्रका उच्चस्तरीय प्रतिनिधि मण्डलका नेताहरूले संबोधन गरेका थिए।

बेजिङ लक्ष्यहरूको प्राप्तिप्रतिको वचनबद्धता जाहेर गर्दै महाधिवेशनले राजनीतिक घोषणापत्र (Political Declaration) र बेजिङ कार्यमञ्चको कार्यान्वयनका लागि थप कार्य एवं अग्रसरता (Further Actions and Initiatives to Implement the Beijing Platform for Action) पारित गऱ्यो। महाधिवेशनको उपज दस्तावेज (Outcome Document) पनि भनिने उल्लिखित प्रस्तावमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गर्नुपर्ने जम्माजम्मी १९९ वटा कार्यहरू समावेश थिए। उपज दस्तावेजमा-

- नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक परिप्रेक्ष्यको अवलम्बन;
- सबै क्षेत्र र तहमा लैङ्गिक मूलप्रवाहीकरणको महत्वका साथै मूलप्रवाहीकरण र महिला लक्षित क्रियाकलापबीचको परिपूरकता र

- शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, महिला तथा बालबालिकामाथि हुने हिंसा, महिलामाथि गरिबीको निरन्तर एवं बढिरहेको भारलगायतका क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकतामा जोड दिइयो ।

**सहस्राब्दी सभा – २०००** : संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा न्यु योर्कमा सन् २००० को सेप्टेम्बर ६–८ मा सहस्राब्दी सभा (Millennium Assembly) भयो । विश्व नेताहरूको इतिहासमै सबैभन्दा ठूलो यो जमघटमा १४७ राष्ट्राध्यक्ष र सरकार प्रमुख थिए ।

उक्त सभाले सहस्राब्दी घोषणापत्र पारित गर्‍यो । यो विश्वव्यापी विज्ञप्तिमा द्वन्द्व र शान्ति, रोग र स्वास्थ्य अनि गरिबी र समृद्धिका मुद्दाहरूको सर्भेक्षण गरिनुका साथै संसारलाई मानवीय अवस्थामा सुधारका उपायतर्फ सङ्कल्पित गरिएको छ ।

त्यसै धोषणापत्रबाट उप्रान्त टिपिएका आठवटा लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यका रूपमा कहलाइए, जसअन्तर्गत १८ वटा तारा (Target) पर्दछन् । ढिलोमा सन् २०१५ सम्म प्राप्त गर्नुपर्ने ती लक्ष्य हुन्-

- चरम गरिबी र भोक उन्मूलन
- आम प्राथमिक शिक्षा
- लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरण
- बाल-मृत्युमा कटौती
- मातृ-स्वास्थ्यमा सुधार
- एचआईभी/एड्स, मलेरिया र अन्य रोगको निदान
- वातावरणीय दिगोपनको सुनिश्चितता
- विकासका लागि विश्वव्यापी साझेदारी ।

सहस्राब्दी विकास लक्ष्यमध्ये तेस्रो र पाँचौ लैङ्गिकता-विशेष छन् । प्राथमिक र माध्यमिक शिक्षामा सकेसम्म २००५ सम्ममा अनि सबै तहको शिक्षामा २०१५ अगावै लैङ्गिक विभेदको अन्त्यलाई तेस्रो लक्ष्य - लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरण - को सूचक मानिएको छ । त्यस्तै, पाँचौं लक्ष्य - मातृ-स्वास्थ्यमा सुधार - को सूचक सन् १९९० को मातृ-मृत्युदरमा तीन-चौथाई कटौती हो ।

त्यसो त, विकासका लागि विश्वव्यापी साझेदारीबाहेकका बाँकी पाँचवटा सहस्राब्दी विकास लक्ष्यको प्राप्तिमा पनि लैङ्गिक समानता अपरिहार्य छ ।

**बेजिङ जोड १० अधिवेशन – २००५** : बेजिङ सहमतिको १० वर्षे समीक्षा न्यु योर्कमा सन् २००५ को फेब्रुअरी २८ देखि मार्च ११ सम्म संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्अन्तर्गतको महिलाको मर्यादास्तर आयोगको ४९ औं अधिवेशनमा गरियो । आयोगको उक्त अधिवेशन नियमित थियो । विशेष अवसर परेकाले आयोगका ४५ सदस्य राष्ट्रका साथै संयुक्त राष्ट्रसङ्घका थप सदस्य राष्ट्र तथा पर्यवेक्षक प्रतिनिधि मण्डलको सहभागितामा उच्चस्तरीय पूर्ण बैठक (High-level plenary meeting) राखिएको थियो । अधिवेशनकै लागि भनेर संयुक्त राष्ट्रसङ्घीय सचिवालयले महासचिवको प्रतिवेदन तयार पारेको थियो । समीक्षाको निष्कर्षको रूपमा आयोगले जारी गरेको घोषणापत्रका बुँदा देहायबमोजिम छन् :

- चौथो विश्व महिला सम्मेलनमा ग्रहण गरिएको बेजिङ घोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेईसौँ विशेष बैठकको उपजप्रतिको दृढता;
- लैङ्गिक समानताको अभिप्राप्तितर्फ हालसम्म भएको प्रगतिको स्वागत गरी बेजिङ घोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेईसौँ विशेष बैठकको उपजको कार्यान्वयनमा चुनौती औ बाधा विद्यमान रहेको तथ्यमा जोड दिएर पूर्ण अनि गतिमान कार्यान्वयन सुनिश्चित गर्नका लागि थप लागिपर्ने प्रतिज्ञा;
- घोषणापत्रका साथै अन्यत्र अन्तर्राष्ट्रियस्तरमा सहमति जनाइएका विकास लक्ष्यहरूको प्राप्तिमा बेजिङ घोषणापत्र र कार्यमञ्चको पूर्ण एवं प्रभावकारी कार्यान्वयन जरुरी भएको औँल्याउँदै सहस्राब्दी घोषणापत्रको सिंहावलोकनका लागि उच्चस्तरीय पूर्ण बैठकमा लैङ्गिक परिप्रेक्ष्यको एकीकरण सुनिश्चित गर्ने आवश्यकतामा जोड;
- लैङ्गिक समानता एवं महिला सशक्तीकरणको अभिप्राप्तिमा बेजिङ घोषणापत्र र कार्यमञ्चको कार्यान्वयन अनि महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिअन्तर्गतको दायित्वको परिपूर्ति परस्पर सबलकारी भएको पहिचान र
- बेजिङ धोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेईसौँ विशेष बैठकको उपजको कार्यान्वयनमा पूरै वचनबद्ध रहन एवं योगदान सघन बनाउन संयुक्त राष्ट्रसङ्घीय प्रणाली, अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठन, गैरसरकारी सङ्गठनलगायत नागरिक समाजका सबै क्षेत्र अनि सारा महिला तथा पुरुषलाई आह्वान ।

**<u>बेजिङ जोड १५ अधिवेशन – २०१०</u>** : बेजिङ श्रृङ्खलाको पछिल्लो सिंहावलोकन पनि न्यु योर्कमै सन् २०१० को मार्च १-१२ बीच भयो । बेजिङ जमघटयता १५ वर्ष व्यतीत भएकाले बेजिङ जोड १५ (Beijing + 15) भन्ने गरिएको उक्त सिंहावलोकन पनि बेजिङ जोड १० जस्तै संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्अन्तर्गतको महिलाको मर्यादास्तर आयोगकै ५४ औं अधिवेशनमा गरियो ।

समय, सहभागिता र सञ्चालनका अर्थमा दुबै अधिवेशन उस्तै थिए । बैठकको ध्यान बेजिङ लक्ष्यहरूको अभिप्राप्तिमा मौजुदा बाधाहरू पन्छाउनुका साथै सहस्राब्दी विकास लक्ष्यजस्ता नयाँ चुनौतीहरू सामना गर्ने प्रयास र त्यस सिलसिलामा हासिल भएका अनुभव एवं उत्कृष्ट अभ्यासहरूमा केन्द्रित थियो । समीक्षाका निष्कर्षसहित आयोगले घोषणापत्र जारी गर्‍यो, जसका बुँदा बेजिङ जोड १० सँग मिल्दाजुल्दा थिए । आयोगको ५४ औं अधिवेशनको मौकामा मार्च २ का दिन बेजिङ घोषणा तथा कार्यमञ्च ग्रहण गरिएको १५ औं वर्षको उपलक्ष्यमा महासभा (General Assembly) कै बैठक पनि राखिएको थियो ।

## १.३ अन्तर्राष्ट्रिय संविदा

लैङ्गिक न्यायको पक्षमा संयुक्त राष्ट्रसङ्घीय अग्रसरताको अर्को पाटो अन्तर्राष्ट्रिय संविदा (International contract) हो । संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि (Conventions), प्रतिज्ञापत्र (Covenants) र इच्छाधीन आलेख (Optional protocols) पारित भएका छन्, जसमा महिलाको समान अधिकारलाई स्थापित गरिएको छ । साथै महिला अधिकार, बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार विशेषका अन्तर्राष्ट्रिय महासन्धि एवं इच्छाधीन आलेखहरू पनि ग्रहण गरिएका छन् ।

महिला अधिकार विशेषको संयुक्त राष्ट्रसङ्घीय उपकरण 'महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' (Convention on the Elimination of All Forms of Discrimination against Women 1979 – CEDAW) हो । महिलाका लागि अधिकारको पञ्जापत्र (Bill of rights) मानिएको उक्त महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७९ को डिसेम्बर १८ मा पारित भएर सन् १९८१ को सेप्टेम्बर ३ देखि लागू भएको छ । सन् २०११ को जुन २३ सम्म महासन्धिका पक्ष राष्ट्रहरू (States parties) को सङ्ख्या १८७ पुगेको छ ।

महासन्धिले महिला र पुरुषको समानताको सिद्धान्त (Principle of the equality of men and women) अङ्गीकार गरेको छ । महासन्धिमा जम्मा ६ भाग ३० धारा छन् । महासन्धिको धारा १ मा ... 'महिलाविरुद्धको भेदभाव' भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनुपर्दछ[३] भनिएको छ ।

महासन्धिले पक्ष राष्ट्रहरूलाई जुनसुकै क्षेत्रमा महिलाप्रतिको भेदभाव दूर गर्न अनि महिलालाई पुरुषसँगै समानताका आधारमा आफ्नो मानवीय अधिकार औ नैसर्गिक स्वतन्त्रताको उपयोग गर्ने प्रत्याभूति दिन उपयुक्त कदम चाल्न कर गर्दछ । पक्ष राष्ट्रहरूलाई महिला र पुरुषबीच बराबरी कायम गर्ने प्रयासलाई गति दिन तात्कालिक विशेष व्यवस्था (Temporary Special Measures) अवलम्बन गर्न छूट दिनुका साथै लिङ्गका आधारमा असल र कमसल सम्झने अथवा महिला र पुरुषको भूमिका यस्तो वा त्यस्तो हुनुपर्दछ भन्ठान्ने खालका पक्षपात र प्रचलन परिवर्तन गर्न पनि महासन्धिले निर्देशित गर्दछ ।

महासन्धि-प्रदत्त मुख्य अधिकारहरू देहायबमोजिम छन् :

धारा ६ : वेचविखन तथा वेश्यावृत्तिका लागि गरिने यौन शोषणविरुद्धको अधिकार
धारा ७ : सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार
धारा ८ : अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्न पाउने अधिकार
धारा ९ : राष्ट्रियतासम्बन्धी अधिकार
धारा १० : शिक्षासम्बन्धी अधिकार
धारा ११ : रोजगारीको अधिकार
धारा १२ : वैवाहिक र मातृत्वका आधारमा हुने भेदभावविरुद्धको अधिकार
धारा १३ : आर्थिक तथा पारिवारिक लाभको अधिकार
धारा १४ : ग्रामीण महिलाहरूलाई विशेष अधिकार
धारा १५ : कानुनी समानताको अधिकार
धारा १६ : विवाह र परिवारको अधिकार[४]।

[३] मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सङ्गालो (काठमाडौँ, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०६४), पृ. १५६ ।

[४] महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६० (काठमाडौँ, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय), पृ. अन्तिम ।

महासन्धिको कार्यान्वयनमा हासिल भएको प्रगतिमा ध्यान दिन २३ सदस्यीय विज्ञ समितिको पनि व्यवस्था गरिएको छ, जसलाई महिलाविरुद्धको भेदभाव उन्मूलन समिति (Committee on the Elimination of Discrimination against Women) भनिन्छ । पक्ष राष्ट्रहरूले पहिलोपल्ट आफ्ना हकमा लागू भएको एक वर्षभित्र र उप्रान्त कम्तीमा प्रत्येक चार वर्षमा महासन्धिको कार्यान्वयन स्थितिको प्रतिवेदन उक्त समितिमा बुझाउनुपर्दछ । प्रतिवेदनका आधारमा पक्ष राष्ट्रका प्रतिनिधि मण्डलसँग रचनात्मक संवाद गरेर समितिले सुझाउ दिने चलन छ ।

साथै महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख १९९९ (Optional Protocol to the Convention on the Elimination of All Forms of Discrimination against Women 1999) संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९९९ को अक्टुबर ६ मा पारित भयो, जुन सन् २००२ को डिसेम्बर २२ देखि लागू भएको छ। इच्छाधीन आलेखले महासन्धिअन्तर्गत थप दुई कार्यविधि स्थापित गरेको छ ।

पहिलो **सञ्चार कार्यविधि** हो, जसले कुनै महिला वा महिलाको समूहलाई महासन्धिमा सुनिश्चित अधिकारको उल्लङ्घन भएको छ भन्ने दावी महासन्धिअन्तर्गतको समितिसमक्ष पुनरावलोकनार्थ पेस गर्ने अनुमति दिन्छ । दोस्रो **शोधपूछ कार्यविधि** हो, जसअनुसार महासन्धिअन्तर्गतको समितिलाई पक्ष राष्ट्रबाट महासन्धिले प्रत्याभूत गरेका अधिकारको गम्भीर वा व्यवस्थित रूपमा उल्लङ्घन भएको भरपर्दो सूचनाका आधारमा शोधपूछ प्रारम्भ गर्ने अनुमति मिल्दछ ।

नेपाल मानव अधिकारसम्बन्धी २३ वटा अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र एवं इच्छाधीन आलेखको पक्ष राष्ट्र भएको छ, जसमध्ये कुनै राष्ट्रसङ्घ (League of Nations) कै जमानामा सम्पन्न भएका थिए भने कुनै दक्षीण एशियाली क्षेत्रीय सहयोग सङ्गठनस्तरीय पनि छन् (तालिका १) ।

**तालिका १ : नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख**

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | दासत्व महासन्धि १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख १९५३ | २५ सेप्टेम्बर १९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४. | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५. | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाइ १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाइ १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ११. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाइ १९७६ | १२ जुलाइ १९७७ | सम्मिलन |
| १२. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ | १८ डिसेम्बर १९७९ | ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३. | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १४. | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तराष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ | १ मार्च १९८९ | अनुमोदन |
| १५. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाइ १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६. | बालअधिकारसम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| १९. | बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बालअश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २०. | दक्षीण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षीण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१. | बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने, बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षीण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |

साथै नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न महासन्धिको पनि पक्ष राष्ट्र भएको छ (तालिका १.क) ।

**तालिका १.क : नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि**

| सि.नं. | विवरण | नेपालले अनुमोदन गरेको मिति | कैफियत |
|---|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक विदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ | |
| २. | सङ्गठन गर्ने र सामूहिक सौदावाजीसम्बन्धी सिद्धान्तको प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ | |
| ३. | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ | |
| ४. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ | |
| ५. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ | |
| ६. | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ | |
| ७. | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८) | ४ अक्टोम्बर १९९६ | |
| ८. | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ | |
| ९. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ | |
| १०. | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९) | २४ अगष्ट २००७ | |

## १.४ विकासमा लैङ्गिकता

नवनिर्वाचित अमेरिकी राष्ट्रपति Harry S Truman को सन् १९४९ जनवरी २० को उद्घाटन संवोधन ऐतिहासिक थियो । उक्त संवोधनको चौथो बुँदा (Point Four) मा उनले संसारका आधाभन्दा बढी मानिसहरू झण्डै दयनीय अवस्थामा बाँचिरहेको जनाए, लोकतान्त्रिक स्वच्छ व्यवहारको अवधारणाका आधारमा विकास [सहायता] कार्यक्रमको चित्रण गरे र अरू देशहरूलाई पनि त्यस उद्यमका लागि स्रोत जुटाउन आमन्त्रण गरे । उनको उक्त वक्तव्यबाटै विकासको युग (Development age) सुरु भएको मानिन्छ ।[५]

**<u>लैङ्गिक परिप्रेक्ष्य</u>** : विकासको युगको प्रारम्भतिर विकासविद्हरूले महिला र पुरुषबीचको भिन्नतालाई खासै दृष्टिगत गरेका थिएनन् । महिला र पुरुष दुबैलाई एकै समान हेर्ने गरिन्थ्यो । उनीहरूको अनुमान के थियो भने समाज जब आर्थिक वृद्धिको माध्यमबाट आधुनिकीकरणतिर अग्रसर हुन्छ तब महिला र पुरुष दुबै समान रूपमा लाभान्वित भैहाल्दछन् ।

डेनमार्ककी अर्थशास्त्री Ester Boserup को खोजीनीतिमा भने त्यस खालको अनुमानअनुसारको अवस्था देखिएको थिएन । उनले सन् १९७० मा Woman's Role in Economic Development लेखिन् । विकासको क्रममा महिलाको भूमिकाका साथै महिलामा पर्ने असरको प्रथम-प्रथम गवेषणाको उपज उक्त कितापमा निम्न तथ्य उजागर गरिएका थिए :

---

५ बुँदा ४ को पूर्ण पाठका लागि हेर्नुहोस्, Gilbert Rist, The History of Development: From Western Origins to Global Faith (Second edition), English Translation Patrick Camiller (London: Zed Books, 2006, first English edition 1997), पृ.७०-७१ ।

- कृषि तथा सामुदायिक उत्पादकत्व बढाउने कार्यमा महिलाहरूको प्रमुख योगदान रहेको भए तापनि देशका र आयोजनाका तथ्याङ्कहरूमा त्यसको उल्लेखसम्म थिएन (अर्थात् उनीहरूको योगदानको बेवास्ता गरिएको थियो) र
- आधुनिकीकरण प्रक्रियाबाट महिलाहरू उल्टै विस्थापित भएका पनि थिए (अर्थात् उनीहरूको परम्परागत उत्पादनशील कार्य, आय र सामाजिक मर्यादामा ह्रास आएको थियो) ।

विकासका लाभ औ लागतमा लैङ्गिक तटस्थता (Gender neutrality) को मान्यतालाई चुनौती दिएर उनले विकासको वहसमा नौलो आयाम थपिन् । साराको ध्यान महिला र विकासबीचको सम्बन्धपट्टि गयो । विकासलाई लैङ्गिक परिप्रेक्ष्यमा हेर्ने चलन चल्यो ।

**रणनीतिक छनौट** : विकासको प्रक्रियामा महिला र पुरुषबीचको भिन्नतालाई संवोधन गर्ने रणनीतिमा समयान्तरको फरक भेटिन्छ ।

### क. कल्याणकारी सोच

महिला विकासमा सन् १९७० को दशकको खास महत्व छ तापनि अघिका प्रयासलाई बिर्सन मिल्दैन । सन् १९५० र ६० का दशकमा महिलाका लागि कल्याणकारी कार्यक्रमको खाँचो अनुभव गरियो । आमा, श्रीमती र बुहारीको रूपमा महिलाको भूमिकालाई विशेष महत्व दिएर महिलालाई विकासको फलको निष्क्रिय उपभोक्ता सम्झिएको भए तापनि केही न केही गरियो । कल्याणकारी सोचको तिनताकालाई पूर्व-'विम' अवधि (Pre-WID period) पनि भनिन्छ ।

### ख. विकासमा महिला

सन् १९७० को दशकमा महिलाहरूलाई आर्थिक, सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्न विकासमा महिला (Women in Development – WID) रणनीति अवलम्बन गरियो । महिलाहरूलाई विकास प्रयासको प्रवाहमा एकीकृत रूपमा समावेश गर्न सकिए महिलाहरू प्रतिको थिचोमिचो तथा असमानता पनि स्वतः अन्त्य हुन्छ भन्ने मान्यता उक्त रणनीतिमा अन्तर्निहित थियो । महिलाहरूलाई कसरी विकासका विभिन्न आयाममा बढीभन्दा बढी रूपमा सहभागी गराउने भन्ने चिन्तन गरियो ।

विशेषतः महिलाहरूको उत्पादनशीलता बढाउन अनि उनीहरूको अवस्थामा सुधार ल्याउन आयआर्जन कार्यक्रमका साथै कल्याणकारी कार्यक्रमहरू (जस्तै- साक्षरता, परिवार स्वास्थ्य, घरायसी कार्यबोझ घटाउने उपकरणको विकास एवं प्रसार) सञ्चालन भए ।

विकासमा महिला रणनीतिको कार्यान्वयनपछि पनि महिलाहरू सोचे अनुरूप लाभान्वित हुन भने सकेनन् । महिलाहरूको अवस्था (Condition) मा केही हदसम्म सुधार अवश्य भयो तर उनीहरूको अवस्थिति (Position) मा खासै अन्तर आएको अनुभव गर्न सकिएन ।

### ग. विकास र महिला

महिलाहरूको अवस्थाका साथै अवस्थितिमा समेत सुधार ल्याउनका लागि विकास प्रक्रियामा उनीहरूको संलग्नता आवश्यक ठानी सन् १९८० को दशकमा महिला र विकास (Women and Development – WAD) को रणनीति लिइयो । विकास र महिला रणनीतिलाई विकासमा महिला रणनीतिको परिमार्जित

रूपमा पनि लिने गरिन्छ । मोटामोटीमा महिलालाई विकासमुखी बनाउने विकासमा महिला रणनीति हो भने विकासलाई नै महिलामुखी बनाउने विकास र महिला रणनीति । अर्को शब्दमा, अघिल्लो वस्तुतः सहभागिताको आह्वान हो भने पछिल्लो साझेदारीको । त्यस्तै, अघिल्लो 'वाञ्छनीय' को अर्थमा भएदेखि पछिल्लो 'अपरिहार्य' को अर्थमा हो ।

### घ. लैङ्गिकता र विकास

सन् १९९० को दशकमा महिला र विकास रणनीतिको स्थानमा लैङ्गिकता र विकास (Gender and Development – GAD) रणनीति अपनाइयो । विकास र महिला रणनीतिमा विकासको सन्दर्भमा महिलालाई लिइएको थियो भने लैङ्गिकता र विकास रणनीतिमा विकासको सन्दर्भमा महिला र पुरुषबीचको सम्बन्धलाई लिइएको छ । अर्को शब्दमा, अघिल्लोको जोड विकास प्रक्रियामा महिलाको साझेदारी कसरी प्रभावकारी हुन्छ भन्नेमा थियो भने पछिल्लोको जोड विकास प्रक्रियामा महिला र पुरुषबीचको सम्बन्धले कसरी प्रभाव पार्दछ भन्नेमा रहेको छ । लैङ्गिकता र विकासलाई विकासमा लैङ्गिक पहुँच (Gender Approach to Development) भनेर पनि जानिन्छ । यसरी समयान्तरमा मुख्य चासो 'महिला' बाट महिला र पुरुषबीचको सम्बन्धमा सरेको देखिन्छ ।

**तालिका २ : विकासमा महिला र लैङ्गिक पहुँच**

| | **विकासमा महिला (WID)** | **विकासमा लैङ्गिक पहुँच (GAD)** |
|---|---|---|
| प्रयास | विकास प्रक्रियामा महिला सहभागिता | महिला सशक्तीकरण |
| केन्द्रबिन्दु | महिला | महिला र पुरुषबीचको सामाजिक सम्बन्ध |
| समस्या | विकास प्रक्रियामा महिलाको किनारा | महिला र पुरुषबीचको असमान शक्ति सम्बन्ध |
| लक्ष्य | प्रभावकारिता, दक्षता विकास | समदर्शी विकास, समान शक्ति सम्बन्ध |
| रणनीति | महिलामुखी विशेष कार्यक्रम :<br>• लघु ऋण<br>• संस्थागत विकास<br>• परिवार योजना, इत्यादि | लैङ्गिक चासोको मूलप्रवाहीकरण |
| मान्यता | विकासमा महिला सहभागिता आवश्यक छ । | विकासका लागि महिला र पुरुषबीचको न्यायपूर्ण सम्बन्ध आवश्यक छ । |

**परिवर्तित पहुँच** : महिला विकासको परिवर्तित पहुँच (Approach) लाई क्रममा हेर्न सकिन्छ ।

### क. कल्याण

महिलाहरूको कल्याणका लागि विभिन्न आयोजना सञ्चालन गर्नमा जोड दिनु नै कल्याणकारी पहुँच (Welfare approach) हो । महिलालाई बढी नाजुक र असुरक्षित अवस्था भएका समूहका रूपमा लिएर महिलाका समस्या समाधानका निम्ति प्रसूति गृह, साक्षरता कक्षा, घरायसी कार्यबोझ घटाउने प्रविधिको विकास एवं प्रसारजस्ता कार्यक्रमको तर्जुमा वस्तुतः कल्याणकारी मान्यताबाट प्रेरित भएको पाइन्छ ।

**ख. आर्थिक आत्मनिर्भरता**

आर्थिक आत्मनिर्भरता पहुँच (Economic self-reliance approach) अन्तर्गत महिलाहरूमा अर्द्धबेरोजगारी, परनिर्भरता तथा न्यून उत्पादन क्षमता भएको मानेर उनीहरूको उत्पादनशील क्षमता विकास र आयआर्जनका क्रियाकलापमा जोड दिइन्छ ।

**ग. कार्यदक्षता**

महिलाहरूको वास्तबिक उत्पादनशील भूमिकाको लेखाजोखा, दक्षता विकासका साथै श्रममा रहेको लैङ्गिक भेदभाव पहिचान गरी अन्त्य गर्ने प्रयासहरूलाई कार्यदक्षता पहुँच (Efficiency approach) अन्तर्गत राखिन्छ । खास गरी सन् १९८० को दशकमा उत्पादनका साधन, ऋण तथा बजार सुविधाको प्रबन्ध, महिला कृषकहरूलाई कृषि प्रसारसम्बन्धी सरसल्लाह, महिला श्रमको बढीभन्दा बढी सदुपयोग हुने किसिमको उचित प्रविधिको विकासलगायतका कार्यक्रम सञ्चालन गरिए ।

**घ. समानता**

अवसरमा सहभागिता, स्रोतमाथिको नियन्त्रण र निर्णय कार्यमा पुरुषसरह महिला हुनुपर्दछ भन्ने मान्यता नै समानताको पहुँच (Equality approach) हो । समानताका लागि विद्यमान असमानताको विश्लेषण गरी अन्तर्निहित मुद्दाहरूलाई सम्बोधन गर्ने खालका नीति, विधि तर्जुमा गर्नुका साथै कार्यक्रम सञ्चालन गरिएको पाइन्छ ।

**ङ. सशक्तीकरण**

महिलाहरू आत्मनिर्भरताबाट स्वयं सशक्त हुन्छन् भन्ने सशक्तीकरण पहुँच (Empowerment approach) को मान्यता हो । महिला सशक्तीकरणबाट महिलाहरूको प्रजनन, उत्पादनशील र सामुदायिक भूमिकाको विश्लेषण गरी व्यावहारिक आवश्यकताको परिपूर्ति एवं रणनीतिक हित भई उनीहरूको अवस्थाका साथै मर्यादास्तरमा समेत सुधार आउने विश्वास गरिन्छ । महिला विकासको नवीनतम पहुँच पनि सशक्तीकरण नै हो ।

## १.५ लैङ्गिक विश्लेषणका पक्ष

लैङ्गिक परिप्रेक्ष्यमा विकास, सेवा प्रवाह एवं शासकीय प्रणालीको लेखाजोखा गर्दा पारिभाषिक शब्दावलीको पनि प्रयोग भैरहेको हुन्छ ।

**क. लिङ्ग र लैङ्गिकता**

महिला र पुरुषबीच प्रकृतिले गरेको भेद लिङ्ग (Sex) हो भने परम्पराले गरेको भेद लैङ्गिकता (Gender)। लिङ्गलाई प्राकृतिक लिङ्ग अनि लैङ्गिकतालाई सामाजिक लिङ्ग पनि भन्ने चलन छ ।

**तालिका ३ : लिङ्ग र लैङ्गिकता**

| लिङ्ग | लैङ्गिकता |
|---|---|
| • प्राकृतिक | • सामाजिक |
| • अपरिवर्तनीय | • परिवर्तनीय |
| • समुदायनिरपेक्ष | • समुदायसापेक्ष |

## ख. पहुँच र नियन्त्रण

स्रोतको सुगमता पहुँच (Access) अनि स्वामित्व नियन्त्रण (Control) हो । पहुँच प्राप्तिसँग सम्बन्धित हुन्छ भने नियन्त्रण परिचालनसँग । स्रोतजस्तै अवसरमा पनि पहुँच र नियन्त्रण भन्न सकिन्छ । अवसरमा सहभागिता पहुँचको पक्ष हो त उपयोग नियन्त्रणको ।

## ग. लैङ्गिक भूमिका

लैङ्गिक भूमिका (Gender role) भनेको महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको भूमिका हो । यो प्रकृति-प्रदत्त होइन - बरु यस्ता कामहरू महिलाले गर्ने र यस्ता चाहिँ पुरुषले गर्ने भनी परम्पराले निर्धारण गरेको हो । उदाहरणका लागि घरायसी कामलाई लिन सकिन्छ । जैविक रूपमा घरायसी काम महिलाले नै गर्नुपर्ने होइन तर चलनचल्तिमा प्रायः महिलाले गरेका हुन्छन् ।

लैङ्गिक भूमिका खासमा वनावटी कार्यविभाजन हो, जुन भेदभावपूर्ण पनि छ । जस्तै-

- महिलाहरूले प्रजनन तथा हेरचाहसम्बन्धी, उत्पादनशील र सामुदायिक व्यवस्थापकीय गरी तीन मुख्य भूमिका खेल्दछन् भने पुरुषहरूले उत्पादनशील र सामुदायिक राजनीतिक गरी दुई मुख्य भूमिकामात्र खेल्दछन् र
- पुरुषहरूको भूमिका मूलतः प्रत्यक्ष आयआर्जन हुने, राष्ट्रिय आयमा गणना गरिने र समाजले बढी महत्व दिने खालको छ भने महिलाहरूको भूमिका प्रायः प्रत्यक्ष आयआर्जन नहुने, राष्ट्रिय आयमा गणना नगरिने र काम नदेखिने खालको छ ।

## घ. लैङ्गिक आवश्यकता

महिला र पुरुषबीचको सामाजिक सम्बन्धको कारणबाट उत्पन्न महिला र पुरुषका बेग्लाबेग्लै आवश्यकतालाई लैङ्गिक आवश्यकता (Gender needs) भनिन्छ । लैङ्गिक आवश्यकताको सन्दर्भमा महिला र पुरुषबीचको सम्बन्धमा असर पार्ने निम्न पक्ष उल्लेखनीय छन् :

- महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको असमान कार्यविभाजन
- महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको स्रोत, अवसर र लाभमा असमान पहुँच तथा नियन्त्रण
- महिलाको पुरुषअधिनस्थ सामाजिक स्थान ।

लैङ्गिक आवश्यकतालाई दुई शीर्षकअन्तर्गत राख्न सकिन्छ।

### व्यावहारिक आवश्यकता

व्यावहारिक आवश्यकता (Practical needs) मा महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसार निभाउनुपर्ने बेग्लाबेग्लै भूमिकाबाट उत्पन्न भौतिक आवश्यकता पर्दछन् । यी आवश्यकताहरू वस्तुतः दैनिक जीवन गुजाराका लागि तत्कालीन समस्यासँग सम्बन्धित छन् । नगीचै धारा नहुनाले टाढा पानी लिन जानुपर्ने, धुवाँरहित चूल्हो नहुनाले धुवाँले भरिएको भान्छामा पकाउनुपर्ने, छिमेकमा स्वास्थ्य चौकी नहुनाले उपचार सेवाबाट वञ्चित हुनुपर्ने अथवा अन्यत्र जानुपर्ने जस्ता समस्या व्यावहारिक आवश्यकतामा

पर्दछन् । यीमध्ये कतिपय पारिवारिक तथा सामुदायिक आवश्यकतामा पर्ने भए तापनि प्रायः महिलाकै आवश्यकता मानिएको पाइन्छ । जे होस्, यस खालका समस्या हल गर्नाले खास गरी महिलाको कामको बोझ कम गरी कार्यदक्षता बढाउन मद्दत पुग्दछ तर दीर्घकालीन उद्देश्य (अर्थात् महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको असमान कार्यविभाजन तथा समाजमा महिलाहरूको पुरुषअधिनस्थ स्थानमा सुधार) प्राप्त गर्नमा खासै सहयोग पुग्दैन भन्ने मानिन्छ ।

**रणनीतिक हित**

रणनीतिक हित (Strategic interests) भन्नाले सामाजिक सम्बन्धअनुसार निर्धारण गरिएको महिला र पुरुषको असमान सामाजिक अवस्थिति (Position) मा सुधार ल्याउन लक्ष्यित दीर्घकालीन उद्देश्यहरूको परिप्राप्ति बोध हुन्छ । समाजमा विद्यमान महिला र पुरुषबीचको अन्यायपूर्ण सम्बन्ध एवं भूमिकामा गर्नुपर्ने परिवर्तनका आवश्यकताहरू रणनीतिक हितका कुरा हुन् । विशेषत: पुरुषको तुलनामा महिलाको स्रोत, अवसर र लाभमा नियन्त्रण नहुने मौजुदा अवस्थाका साथै समाजमा महिलाको पुरुषअधिनस्थ स्थानमा सुधार ल्याउन रणनीतिक खालका आवश्यकताहरू उल्लेखनीय छन्, जसमा समान ज्यालादर अधिकार पनि पर्दछ । साथै परम्परागतभन्दा बेग्लै खालका कामहरूमा महिलाहरूलाई उत्प्रेरित गरी उनीहरूको सामाजिक मर्यादास्तर उठाउने प्रयासहरूलाई पनि रणनीतिक हितअन्तर्गत नै राख्न सकिन्छ ।

**ङ. समानता र समता**

लैङ्गिक समानता (Gender equality) र लैङ्गिक समता (Gender equity) बीचको भेद पनि उल्लेखनीय छ ।

**लैङ्गिक समानता**

लैङ्गिक समानता भनेको महिला र पुरुषबीच सबै प्रकारका सामाजिक भेदभावको अन्त्यको अनुपम अवस्था हो । लैङ्गिक समानताका केही मुख्य पक्ष हुन्-

- महिला र पुरुषलाई समान अवसर
- महिला र पुरुषको समान स्तर
- महिला र पुरुषलाई समान अधिकार
- महिला र पुरुषलाई समान जिम्मेवारी
- विकासको स्रोत एवं प्रतिफलमा महिला र पुरुषको समान पहुँच
- विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता
- निर्णय कार्यमा महिला र पुरुषको समान मत ।

**लैङ्गिक समता**

समता भनेको 'न्याय' हो । लैङ्गिक भेदभावबाट विगतमा पछाडि पारिएका महिला वर्गलाई पुरुष वर्गको हाराहारीमा ल्याउन अहिले दिइने ग्राह्यता नै समता हो । असमानहरू बीच बराबरी नै गर्दा पनि असमानता कायम रहन्छ भन्ने मान्यता समताको अवधारणामा देखिन्छ । महिलालाई प्राथमिकता, अग्राधिकार, आरक्षण समताका एक वा अर्को रूप हुन् । सकारात्मक नतीजाका लागि गरिने फरक भएकाले यस्ता व्यवस्थालाई सकारात्मक विभेद (Positive discrimination) पनि भनिन्छ । सकारात्मक

कदम (Affirmative action) चलनचल्तिको अर्को शब्द हो ।

समानता र समतामा फरक गर्दा समानता गन्तव्य हो भने समता पुग्ने मार्ग पनि भन्न सकिन्छ ।

### च. लैङ्गिक समानताका विभिन्न अवस्था

लैङ्गिक समानताको अवस्थालाई चार दृष्टिकोणबाट हेर्न सकिन्छ ।

- **औपचारिक समानता (Formal equality)** त्यस्तो अवस्था हो जहाँ आधिकारिक रूपमा लैङ्गिक विभेद अन्त्य भएको हुन्छ । भनाइको अर्थ, कानुनमा, नीतिमा, आधिकारिक व्यवहारमा महिला र पुरुषबीच समानता कायम हुन्छ ।
- **संरक्षणात्मक समानता (Protectionist equality)** को अवस्थामा महिलाप्रति संरक्षणभावले समानता कायम राख्ने प्रयास भैरहेको हुन्छ । संरक्षणात्मक समानता औपचारिक समानताको विशेष अवस्था हो ।
- **सुधारात्मक समानता (Corrective equality)** मौजुदा विभेदलाई सच्याएर महिला र पुरुषबीच समान सम्बन्ध स्थापनार्थ प्रयासरत अवस्था हो । सुधारात्मक समानतालाई समतामय समानता पनि भन्न सकिन्छ ।
- **सारवान समानता (Substantive equality)** को अवस्थामा सार्थक रूपमै लैङ्गिक असमानता अन्त्य भएको हुन्छ । औपचारिक समानता कैल्येकाहीँ सतही पनि हुन सक्तछ । संरक्षणात्मक समानताको अवस्थामा महिलाको ख्याल गरिए जस्तो प्रतीत भए तापनि महिलालाई वस्तुतः संरक्षणभागी सम्भिएको हुन्छ । सुधारात्मक समानता सङ्क्रमणीय अवस्था हुन सक्तछ । सारवान समानतामा भने महिला र पुरुष दुबैले समान रूपमा प्रतिभाको विकास एवं उपयोग गर्न सक्ने गरी यथाव्यवस्था कायम भएको हुन्छ । सुधारात्मक समानताको चरण पारी तर लिङ्गकै कारण कुनै अर्थमा पनि महिला वा पुरुषले अघि-पछि पर्नु नपर्ने अनि अस्वाभाविक मोलाहिजाको अनुभूति पनि गर्नु नपर्ने गरी कायम भएको लैङ्गिक समानता हो - सारवान समानता ।

लैङ्गिक समानताको अवस्था प्रायः औपचारिक समानताको तहबाट संरक्षणात्मक अनि सुधारात्मक समानताका चरणहरू भएर अन्ततः सारवान समानताको तहमा पुग्दछ - यद्यपि यी चरणहरूको सीमाङ्कन र खास गरी सारवान समानताको प्राप्तिमा मतान्तर हुन सक्तछ ।

### छ. पहुँच-प्रतिनिधित्व-आवाज श्रृङ्खला

लैङ्गिक समानता देखावटी पनि हुन सक्तछ । वास्तबिक अर्थमा लैङ्गिक समानता कत्तिको छ भनी थाहा पाउन पहुँच-प्रतिनिधित्व-आवाज श्रृङ्खलातिर ध्यान दिनुपर्ने हुन्छ ।

- पुरुषसरह महिलाका लागि सबैथरी स्रोत एवं अवसर सुगम भएको खण्डमा **पहुँचमा समानता (Equality in access)** हुन्छ ।
- विधि बनाउने मञ्चमा महिलाको समानुपातिक उपस्थिति भएपछि **प्रतिनिधित्वमा समानता (Equality in representation)** हुन्छ । महिलाको अभिकार्य भूमिका **(Agency role)** लाई बढावा दिन प्रतिनिधित्वको महत्व हुन्छ ।
- समानुपातिक प्रतिनिधित्व हुँदैमा विधिको सार र प्रक्रियामा महिलाको मत प्रभावी हुन्छ नै भन्न सकिँदैन । त्यसका लागि त **आवाजमा समानता (Equality in voice)** चाहिन्छ । लैङ्गिक समानताको चुरो आवाजमा समानता हो ।

**ज. महिला सशक्तीकरण**

सशक्तीकरण भनेको 'परिवर्तन ल्याउने मान्छेको क्षमतामा बढावा' (… an increase in people's ability to bring about change …) हो ।[६]

आफ्नो संसार बदल्ने महिला अभिकार्य (Women's agency) को आर्जनलाई महिला सशक्तीकरण भन्न सकिन्छ । महिला सशक्तीकरणलाई निम्न पाँच स्तरमा हेर्ने चलन छ :

- कल्याणकारी (Welfare)
- पहुँच (Access)
- सचेतना (Conscientisation)
- सहभागिता (Participation)
- नियन्त्रण (Control) ।

महिला सशक्तीकरण कल्याणकारी तहमा न्यूनतम अनि नियन्त्रण तहमा उच्चतम हुन्छ भन्ने मानिन्छ ।

**झ. लैङ्गिक मूलप्रवाहीकरण**

लैङ्गिक मूलप्रवाहीकरण वस्तुतः रणनीति हो । लैङ्गिक विभेदलाई सम्वोधन गर्ने गरी विकास नीति, कार्यक्रम र कार्यविधि तर्जुमा एवं कार्यान्वयन-पुनरावलोकन गर्ने प्रक्रियाको रूपमा पनि लैङ्गिक मूलप्रवाहीकरणलाई लिन सकिन्छ । लैङ्गिक मूलप्रवाहीकरणअन्तर्गत–

- विकासका मुद्दा, नीति तथा कार्यहरूमा महिलाहरूको इच्छा, अनुभव एवं दूरदर्शिताको सम्मिलन र
- महिलाहरूको व्यावहारिक आवश्यकतामा साथै रणनीतिक हितको विश्लेषण एवं सम्वोधनका पक्षहरू पर्दछन् ।

लैङ्गिक मूलप्रवाहीकरणलाई विशेष गरी क्षेत्रगत विकासमा लैङ्गिक चासो एकीकरण गर्ने प्रक्रियाको रूपमा पनि जानिन्छ । लैङ्गिक सम्वोधनात्मक शासन (Gender-responsive Governance) चलनचल्तिको अर्को शब्द हो, जुन शासकीय प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरणबाटै हासिल हुन्छ ।

**ञ. माप**

लैङ्गिक विकास सूचकाङ्क (**Gender-related Development Index – GDI)** र लैङ्गिक सशक्तीकरण मापक **(Gender Empowerment Measure – GEM)** महिला सशक्तीकरण एवं लैङ्गिक समानताका मुख्य द्योतक हुन् । दुबै सूचकाङ्क मानव विकास सूचकाङ्क **(Human Development Index – HDI)** सँग मिल्दाजुल्दा छन् ।

मानव विकास सूचकाङ्क शैक्षिक उपस्थिति, आयस्तर र अपेक्षित आयुसमेतका तीनथरी सूचकको समष्टि हो ।

मानव विकासका तिनै सूचकमा रहेको लैङ्गिक असमानता छुट्याएर समायोजन गरेपछि लैङ्गिक विकास सूचकाङ्क निस्किन्छ । त्यस कारण लैङ्गिक विकास सूचकाङ्कलाई समायोजित मानव विकास सूचकाङ्क पनि भन्न सकिन्छ । लैङ्गिक असमानता घटेको खण्डमा मानव विकास सूचकाङ्क र लैङ्गिक विकास सूचकाङ्कका मानको अन्तर पनि घटेको हुन्छ ।

---

६ Human Development Report 2010 (New York: United Nations Development Programme), पृ. ६६ ।

लैङ्गिक सशक्तीकरण मापक भने अलि फरक छ । यो राजनीतिक, आर्थिक औ पेसागत क्षेत्रहरूमा पुरुषको दाँजोमा महिलाको अवस्थितिको जनाउ हो । महिलाको राजनीतिक सहभागिता एवं निर्णायक अधिकार, आर्थिक क्रियाशीलता एवं स्रोतमा नियन्त्रण अनि पेसागत क्षेत्रमा संलग्नता एवं निर्णायक तहमा पहुँचलाई झल्काउँछ - लैङ्गिक सशक्तीकरण मापकले ।

लैङ्गिक विकास सूचकाङ्क र सशक्तीकरण मापकको पहिलो विश्वव्यापी प्रयोग बेजिङ सम्मेलनको पूर्व-सन्ध्यामा जारी मानव विकास प्रतिवेदन १९९५ मा गरिएको थियो । त्यसपछि दुबै आम प्रचलनमा छन् । साथै तिनका दोष पनि देखाइने गरेको छ । खास गरी लैङ्गिक विकास सूचकाङ्कले मानव विकास सूचकाङ्कलाई समायोजन गर्ने भएकाले जम्मा र फरक प्रगति गाँसिन्छन् । भनाइको अर्थ, लैङ्गिक समता राम्रो हुँदाहुँदै पनि निरपेक्ष आय निम्न भएको मुलुकको मान कम्ती हुन्छ । त्यस्तै, लैङ्गिक सशक्तीकरण मापक शहरतिरका सम्भ्रान्त वर्गतर्फ ढल्किएको तथा विकसित जगतलाई मिल्दो भएको भनिन्छ ।

उल्लिखित दोष हटाउने प्रयासमा हालसालै लैङ्गिक विषमता सूचकाङ्क (Gender Inequality Index – GII) को रचना गरियो, जसको पहिलो विश्वव्यापी प्रयोग सन् २०१० को मानव विकास प्रतिवेदनमा गरिएको छ ।

लैङ्गिक विषमता सूचकाङ्कमा प्रजनन स्वास्थ्य, सशक्तीकरण र श्रम बजार गरी तीनवटा आयाम लिइएका छन् । महिलाको प्रजनन स्वास्थ्यको स्तर मातृ-मृत्यु अनुपात र किशोरी प्रजननदरबाट हेरिन्छ । महिला सशक्तीकरणमा माध्यमिक तथा माथिल्लो तहको शैक्षिक प्राप्ति र संसदीय प्रतिनिधित्व लिइन्छ । श्रम बजारअन्तर्गत भने महिला श्रम सहभागितामात्र पर्दछ, जसमा रोजगार, वेरोजगार अनि आंशिक समय कामको खोजीमा रहेकाको पनि गन्ती गरिन्छ । यसरी तीनवटा आयाममा जम्माजम्मी पाँचवटा सूचकहरू मिलाएर लैङ्गिक विषमता सूचकाङ्क बनेको छ । त्यसो त, सूचकाङ्कमा महिलाको समय उपयोग, सम्पत्तिमा पहुँच, घरायसी हिंसाजस्ता पक्षहरू अझै परेका छैनन् । तैपनि मुख्य पक्ष समातिएका छन् । विकासको स्तरबाट स्वतन्त्र भएकाले लैङ्गिक मर्का (Gender disadvantages) घटाउन सक्दा विकासोन्मुख देशको मान पनि माथि पर्ने हुन्छ ।

लैङ्गिक विकास सूचकाङ्कका साथै लैङ्गिक सशक्तीकरण मापकमा मान ० देखि १ को बीचमा राखिन्छ, जहाँ ० तर्फ घटी र १ तर्फ बढी राम्रो जनिन्छ । लैङ्गिक विषमता सूचकाङ्कको मान पनि ० देखि १ कै बीचमा पर्दछ तर ० तर्फ बढी र १ तर्फ घटी राम्रो जनिन्छ । विकास वा सशक्तीकरणबोधक भएकाले माथिल्लो मान राम्रो अनि विषमताबोधक भएकाले तल्लो मान राम्रो मानिएको हो । त्यसो त, नापो ० देखि १ सम्म नै हुने हुँदा तीनवटै मापकमा दिइएको मानलाई १ बाट घटाएर आवश्यकताअनुसार दिशा बदल्न सकिहालिन्छ ।

**ट. आवश्यकीय उपस्थिति**

निर्णायक तहमा कम्तीमा ३० प्रतिशत महिलाको लक्ष्य बेजिङ कार्यमञ्चको उल्लेखनीय पक्ष हो । यो लक्ष्यमा आवश्यकीय उपस्थिति (Critical mass) को अवधारणा प्रतिविम्बित छ । अर्को शब्दमा, न्यूनतम ३० प्रतिशतको प्रतिनिधित्वमा महिलाले सहभागी हुन सुविस्ता अनुभव गर्दछन् र निर्णय प्रक्रियालाई असर पार्न थाल्न सक्तछन् भन्ने मानिएको छ ।

### ठ. नारीवाद

नारीवाद (Feminism) भनेको-

- लैङ्गिक समानताप्रतिको आस्था;
- लैङ्गिक समानताको अधिवाचन र
- महिलाको अधिनस्थता अन्त्यको आन्दोलन हो ।

नारीवादलाई मान्यताजन्य दावी (Normative claims) र चित्रणजन्य दावी (Descriptive claims) का रूपमा पनि अर्थ्याउन सकिन्छ । जस्तै-

- पुरुष र महिला बराबरी अधिकार एवं मानका हकदार छन् (मान्यताजन्य) र
- हाल [... यस-यस मामिलामा यस-यस अवस्थाले गर्दा ...] पुरुषको दाँजोमा महिलालाई अधिकार एवं मानमा तलवितल भएको छ (चित्रणजन्य) ।[७]

### ड. लैङ्गिक सामाजिकीकरण

नारीजनक (Feminine) गुण ग्रहण गरेर र आचरण सिकेर नै नारी (Females) महिला (Women) बन्दछन् भन्ने धारणा लैङ्गिक सामाजिकीकरण (Gender socialisation) हो । पुरुषपन (Masculinity) र नारीपन (Femininity) लालनपालन वा हुर्काउने क्रमकै फल मानिन्छ । सामाजिक सिकाइ (Social learning) को परिपाटीले जानीनजानी लैङ्गिकृत आचरण (Gendered behaviour) कायम हुन्छ, जसले गर्दा महिला अधिनस्थ सामाजिक भूमिकामा अभ्यस्त हुन्छन् ।[८]

---

७ Stanford Encyclopedia of Philosophy (http://plato.stanford.edu) बाट साभार ।

८ विस्तृत विवेचनाका लागि हेर्नुहोस्, ऐ. ।

# परिच्छेद २
# नेपालमा महिला सशक्तीकरण

## २.१ ऐतिहासिक आधार-रेखा

अन्तर्राष्ट्रिय नारी वर्ष १९७५ र संयुक्त राष्ट्रसङ्घीय नारी दशक (१९७६-८५) को अवधिमा नेपालमा पनि महिलाको अवस्थापट्टि विशेष ध्यानाकर्षण हुने नै भयो । राष्ट्रिय विकासको प्रक्रियामा महिलाको अधिक एकीकरणलाई सहज तुल्याउने खालको योजना तर्जुमा कार्यलाई मद्दत पुऱ्याउने उद्देश्यले नेपालमा महिलाहरूको मर्यादास्तर (The Status of Women in Nepal) विषयक अनुसन्धान गरियो । त्रिभुवन विश्वविद्यालय, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (Centre for Economic Development and Administration – CEDA) बाट पुगनपुग तीन वर्षको अवधिमा सम्पन्न गरिएको उक्त बहुविधात्मक अनुसन्धानमा नौ-दशजना नेपाली र विदेशी शोधकर्ताहरू संलग्न थिए । अनुसन्धान कार्य प्राज्ञिक अभिरुचीको उपजमात्र थिएन । नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (United States Agency for International Development – USAID) बीच अनुदान सहायताको अनुसन्धान आयोजनाको रूपमा अग्रसरता लिइएको थियो ।

आयोजनाको पहिलो चरणमा माध्यमिक तथ्याङ्कमा आधारित पाँचवटा र दोस्रो चरणमा आठवटा स्थलगत ग्रामीण अध्ययनका ग्रन्थ (Monograph) प्रकाशित भए । स्थलगत अभिलेखीकरणमा हिमाल, पहाड र तराईका फरक-फरक समुदाय लिइएका थिए र महिनौँ लगाएर अवलोकन गरिएको थियो । ग्रामीण अध्ययनका आठवटै प्रतिवेदनबाट प्रकट तथ्यहरू केलाएर नीतिगत अर्थ र खास गरी महिलाको उत्पादकत्व एवं मर्यादास्तर बढाउने राष्ट्रिय कार्ययोजना तर्जुमा गर्न उपयोगी मार्गदर्शनसहितको नवौँ ग्रन्थ पनि निस्कियो । ती ग्रन्थहरू सन् १९७९ र ८१ का बीचमा क्रमशः प्रकाशित भएका थिए । पछि संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा छानिएका चारवटा भागको नेपाली अनुवाद पनि निकालिएको थियो ।

नेपाली महिलाका सम्बन्धमा त्यस्तो विस्तृत गवेषणा अघि सम्भवतः भएको थिएन । त्यस ऐतिहासिक कार्यबाट महिलाको यथास्थितिको पत्तो पाइयो, बहुआयामिक भूमिकाको प्रचार भयो र विकासकर्मीहरूका लागि आधार-रेखा (Baseline) पनि सिर्जना भयो । ऊ बेला नेपाली महिलाको विकासको स्तर कस्तो थियो त ? झट्ट भेटिएका तथ्याङ्क तालिका ४ मा दिइएका छन् ।

**तालिका ४ : नेपालमा महिला विकास : छैठौँ पञ्चवर्षीय योजनाको पूर्वावस्था**

| सि.नं. | सूचक | उल्लिखित स्रोत | एकाइ | मान | | |
|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | दुबै |
| १ | जनसाङ्ख्यिक अनुपात | राष्ट्रिय जनगणना, २०२८ | प्रतिशत | ५०.७ | ४९.३ | १०० |
| २ | जन्मदाको जीवन अपेक्षा | जनसाङ्ख्यिक नमुना सर्भेक्षण, २०३३ | वर्ष | ४३.४ | ४१.१ | - |
| ३ | शिशु-मृत्युदर (प्रतिहजार जीवित जन्म) | -ऐ- | जना | १२८.४ | १३७.९ | १३३.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | विवाहको औसत उमेर | राष्ट्रिय जनगणना, २०२८ | वर्ष | २०.९ | १६.८ | - |
| ५ | कुल प्रजननदर | नेपाल प्रजनन सर्भेक्षण, २०३३ | जन्म | ६.१ | | |
| ६ | परिवार नियोजनका साधनको प्रयोगदर | -ऐ- | प्रतिशत | ३.४ | | |
| ७ | १० वर्ष र माथिको साक्षरता | राष्ट्रिय शिक्षा समिति, २०३४ | प्रतिशत | ३३.२ | ५.२ | १९.२ |
| ८ | विद्यालय भर्नामा छात्रा अनुपात | आचार्य, १९७८ | प्रतिशत | - | | |
| | • प्राथमिकस्तर | | | २०.० | | |
| | • निम्नमाध्यमिकस्तर | | | १७.७ | | |
| | • माध्यमिकस्तर | | | १६.९ | | |
| | • विश्वविद्यालयस्तर | | | २१.० | | |
| ९ | १० वर्ष र माथिको श्रम सहभागितादर | राष्ट्रिय जनगणना, २०२८ | प्रतिशत | ८२.९ | ३५.१ | ५९.३ |
| १० | आर्थिक दृष्टिले सक्रिय जनसङ्ख्यामा अनुपात | -ऐ- | प्रतिशत | ७०.८ | २९.२ | १०० |
| ११ | १० वर्ष र माथिका महिला [को कार्यप्रकृति] | -ऐ- | प्रतिशत | - | | |
| | - आर्थिक दृष्टिले सक्रिय महिला | | | ३५.१ | | |
| | - घरधन्दा गर्ने महिला | | | ५७.१ | | |
| १२ | सरकारी सेवामा महिला | प्रशासन व्यवस्था विभाग, २०३५ | प्रतिशत | २.६२ | | |
| | - राजपत्राङ्कित | | | ३.२३ | | |
| | - राजपत्रअनङ्कित | | | २.३७ | | |
| | - श्रेणीविहीन | | | २.७६ | | |
| १३ | राजनीतिक निकायमा महिला | निर्वाचन आयोग, २०३(?) | प्रतिशत | - | | |
| | • तत्कालीन गाँउ वा नगर पञ्चायत केन्द्र | | | - | | |
| | - सदस्य | | | ९.९५ | | |
| | - सभापति | | | ०.२३ | | |
| | • तत्कालीन जिल्ला पञ्चायत | | | - | | |
| | - सदस्य | | | ७.१३ | | |
| | - सभापति | | | - | | |
| | • तत्कालीन राष्ट्रिय पञ्चायत | | जना | १३२ | ३ | १३५ |

स्रोत : मीना आचार्य, नेपाली महिलाहरूको साङ्ख्यिक चित्रण : एक समालोचनात्मक समीक्षा, नेपालमा महिलाहरूको मर्यादास्तर खण्ड १, भाग १, नेपाली अनुवाद पदमनाथ तिवारी (काठमाडौं, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र, २०४०, प्रथम अङ्ग्रेजी संस्करण, १९७९) ।

## २.२ नीतिगत प्रयास

'विकास कार्यमा महिला सहभागिता प्रवर्धन' गर्ने छुट्टै नीति पहिलोपल्ट छैठौं पञ्चवर्षीय योजना (२०३७-४२) मा समावेश गरियो । जनसङ्ख्याको ४८.९ प्रतिशत महिलालाई शिक्षा र दीक्षा प्रदान गरेर राष्ट्र निर्माणमा बल पुऱ्याउनुपर्ने आवश्यकता औंल्याइयो । आर्थिक रूपमा सक्रिय महिलाको सङ्ख्या बढाउनुका साथै महिला सहभागिताका क्षेत्रसमेत यथासम्भव विस्तार गर्नुपर्नेमा जोड दिइयो । त्यसका लागि विशेषतः निम्न चारवटा नीति अवलम्बन गरिए :

- महिलालाई तालिम प्रदान गरेर कृषि विकास कार्यक्रममा सहभागी हुन सक्षम बनाउने;
- साभा संस्थामार्फत तालिम, पुँजी एवं बजार-व्यवस्थाका सुविधा उपलब्ध गराएर अर्द्धवेरोजगारीको अवस्थामा रहेका महिलालाई घरेलु तथा कुटीर उद्योगधन्दामा संलग्न हुन सक्षम बनाउने;
- परिवार नियोजनका साधनहरूको प्रयोग बढाउने कार्यमा अधिक सङ्ख्यामा महिलालाई संलग्न गराउने र
- विकास कार्यमा महिला सहभागितालाई मौजुदा कुनै कानुनले असहज बनाएको भए त्यस्तो कानुनमा वाञ्छनीय संशोधन गरेर महिलालाई अधिकाधिक भूमिका खेल्न तथा रोजगारीका फराकिला अवसर जुटाउन समर्थ तुल्याउने ।[९]

सातौँ योजना (२०४२-४७) मा पनि महिलाको उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरूलाई विकास प्रक्रियामा पुरुषसरह सक्रिय रूपमा सहभागी बनाउने नीति अवलम्बन गरिएको पाइन्छ भने आठौँ योजना (२०४९-५४) मा महिलाहरूलाई विकासको मूलप्रवाहमा समाहित गर्ने र उनीहरूको सामाजिक, आर्थिक उत्थान गर्ने कार्यनीतिहरू निर्धारण गरिएको देखिन्छ ।

ती योजनाहरूमा महिला वर्गको विकासका लागि विभिन्न नीति तय गरी कार्यक्रमहरूको थालनी भए तापनि महिला विकासलाई कल्याणकारी कोणबाट नै हेरियो । आठौँ योजनाको विकास नीतिमा महिला सरोकारलाई विकासको मूलप्रवाहमा समाहित गर्ने उल्लेख भएको हो तर त्यसरी क्षेत्रगत विकास नीतिहरू बनेनन्; महिला विकास नीति र क्षेत्रगत विकास नीति आ-आफ्नै ढङ्गले बने ।

नवौँ योजना (२०५४-५९) मा लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरिएको देखिन्छ । महिला वर्गलाई विकासको मूलप्रवाहमा समाहित गराउन कल्याणकारी दृष्टिकोण नभएर समता तथा सशक्तीकरण आवश्यक भएको तथ्य नवौँ योजनामा मान्य भइसकेको पाइन्छ ।

लैङ्गिक मुद्दाले दशौँ योजना (२०५९-६४) मा थप महत्व पायो । दशौँ योजनाको रणनीति गरिबी निवारण थियो भने लैङ्गिक मूलप्रवाहीकरण एवं महिला सशक्तीकरण त्यसका अभिन्न पक्ष थिए ।

दोस्रो जनआन्दोलनको सफलतापछि अन्तरिम अवधिका लागि तर्जुमा गरिएको तीनवर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले राज्य संरचनामा महिलाको प्रतिनिधित्व र समस्त विकास प्रक्रियाको लैङ्गिकीकरणमा जोड दियो ।

वर्तमान त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा पनि लैङ्गिक समानता तथा महिला सशक्तीकरणका नीतिहरूको निरन्तरता छ । कार्यान्वयन प्रयोजनका लागि पनि यो योजनाका उद्देश्य, रणनीति, कार्यनीतिलगायतका पक्षहरू उल्लेखनीय छन् ।

**उद्देश्य**

(१) सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने र

(२) महिलाविरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एव विभेदको अन्त्य गर्ने ।

९ अङ्ग्रेजीको नेपाली अनुवादमा शब्दहरू फरक परेका हुन सक्तछन् ।

**रणनीति**

(१) विकास प्रक्रिया, सेवा प्रवाह र शासकीय प्रणालीका सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्ने;

(२) लैङ्गिक बजेट प्रणालीलाई सुदृढ गर्दै स्थानीयस्तरसम्म विस्तार गर्ने;

(३) महिलाविरुद्धका विभिन्न हिंसा र विभेद रोकथाम तथा नियन्त्रणका लागि अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्ने;

(४) ग्रामीण क्षेत्रका सीमान्तीकृत महिलाहरूको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्ष्यित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने र

(५) द्वन्द समाधान र शान्ति स्थापना गर्ने कार्यमा महिलाहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

(१.१) महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण, प्रवर्धन तथा प्रचलनमा हालसम्म भएका उपलब्धिहरूलाई सुदृढीकरण गर्दै राज्यको संरचनामा महिला प्रतिनिधित्व ३३ प्रतिशतमाथि पुऱ्याइनेछ;

(१.२) महिला सशक्तीकरण, क्षमता अभिवृद्धि, क्षेत्रगत लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणलाई अभियानका रूपमा अघि बढाइनेछ;

(१.३) लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणको क्षेत्रमा क्रियाशील संस्थाहरू तथा जनशक्तिको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गरिनेछ;

(१.४) लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक क्षेत्र र दातृ-समुदायबीचको सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ;

(१.५) समष्टिगत आर्थिक ढाँचा, समग्र लेखा र तथ्याङ्क प्रणालीलाई लैङ्गिक-मैत्री बनाउनुका साथै समय र श्रम बचत गर्ने प्रकारका कार्यक्रम सञ्चालन गरिनेछ र

(१.६) लैङ्गिक मूलप्रवाहीकरणका लागि राष्ट्रिय लैङ्गिक रणनीति तयार गरी लागू गरिनेछ ।

(२.१) आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजना तर्जुमाको क्रममा 'Gender analysis', 'Gender audit' तथा 'Gender impact assessment' गर्ने पद्धतिको सुनिश्चितता गरिनेछ र

(२.२) लैङ्गिक बजेट प्रणालीलाई सबै क्षेत्रगत कार्यक्रम तर्जुमा प्रक्रियामा बढी प्रभावकारी, सार्थक र संस्थागत बनाउँदै स्थानीयस्तरसम्म विस्तार गरिनेछ ।

(३.१) महिलाकाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेदहरूको रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार, सामाजिक संरक्षण र सामुदायिक अग्रसरतालाई प्रोत्साहन गर्दै लैङ्गिक हिंसा संवोधन प्रणालीको विकास गरिनेछ;

(३.२) महिला तथा बालबालिकालगायत मानव ओसार-पसार तथा वेचविखनविरुद्धमा नयाँ राष्ट्रिय कार्ययोजना तयार गरी विभिन्न सरोकारवाला निकायहरूले सञ्चालन गरिरहेका निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक प्रयासहरू बीच समन्वय गरी प्रभावितहरूको उद्धार तथा पुनःस्थापनाका लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ;

(३.३) नेपालका विभिन्न भाग विशेष गरी तराई-मधेश क्षेत्रमा दाइजो प्रथालगायत सामाजिक कुरीतीजन्य हिंसा नियन्त्रणका लागि सामाजिक तथा कानुनी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछन्;

(३.४) महिला मानव अधिकारको पक्षमा नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार तर्जुमा भएका राष्ट्रिय कार्ययोजनाहरू, महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, वेजिङ कार्यमञ्च, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षासम्बन्धी प्रस्ताव १३२५ तथा महिला शान्ति र विकाससम्बन्धी प्रस्ताव १८२० र मानव वेचविखनविरुद्धको राष्ट्रिय कार्ययोजनाअर्न्तगत विभिन्न निकायवाट सम्पन्न हुने र हुनुपर्ने कार्यक्रमहरूको कार्यान्वयन र त्यसको प्रभावकारी अनुगमन र नियमित प्रतिवेदनको पद्धति विकास गरिनेछ र

(३.५) विभिन्न किसिमका लैङ्गिक हिंसामा परेका महिला तथा किशोरीहरूलाई पुनःस्थापना तथा सेवा केन्द्र स्थापना गरी जीवनोपयोगी सीपमार्फत क्षमता विकास गरिनेछ ।

(४.१) महिलाहरूको रोजगारी सामर्थ्यमा वृद्धि गर्न बजारमुखी उद्यमशीलता एवं सीपमूलक तालिम कार्यक्रममा महिला सहभागिता अभिवृद्धि गर्नुका साथै लघु ऋण एवं उत्पादन तथा बजार प्रवर्धनका लागि उपयुक्त लक्ष्यित कार्यक्रम ल्याइनेछ;

(४.२) स्रोत र साधनमा महिलाहरूको पहुँच एवं प्रभाव बढाउन विशेष जोड दिइनेछ;

(४.३) पिछडिएका, सीमान्तीकृत, वृद्ध, अपाङ्गता भएका एवं विभिन्न कारणले जोखिममा परेका र वञ्चितीकरणमा परेका जातजाति, क्षेत्र एवं समुदायका महिलाहरू विशेष गरी वादी, देवकी, कमलरी, कमैया समुदायका महिला तथा किशोरीहरूका लागि लक्ष्यित कार्यक्रमहरू सञ्चालन गरिनेछन्;

(४.४) एकल महिलाको सशक्तीकरणका लागि क्षमता विकास, स्व-रोजगारीका निम्ति प्रोत्साहन, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमहरू ल्याइनेछन्;

(४.५) निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग सहकार्य गरी ती क्षेत्रको नेतृत्व पङ्तिमा महिला उपस्थिति र भूमिकालाई सुदृढ गरिनेछ र

(४.६) महिला विकास कार्यक्रमलाई सबै गाविसहरूमा विस्तार गरी ग्रामीण क्षेत्रका विपन्न तथा अतिविपन्न महिलाहरू र विद्यालयविमुख किशोरीहरूलाई लक्ष्यित गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

(५.१) महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै द्वन्द्व समाधान, दिगो शान्ति र विकासमा महिलाहरूको भूमिकालाई सक्षम र सशक्त बनाइनेछ ।

**तालिका ५ : चालु त्रिवर्षीय योजनाका परिमाणात्मक लक्ष्य**

| विवरण | आ.व. २०६६/०६७ को स्थिति | आ.व. २०६९/७० को लक्ष्य |
|---|---|---|
| • लैङ्गिक विकास सूचकाङ्क | ०.५४५ | ०.५९२ |
| • लैङ्गिक सशक्तीकरण मापक | ०.४९६ | ०.५४९ |
| • राज्य संयन्त्रमा महिला प्रतिनिधित्व अनुपात | - | ३३+ |
| • लक्ष्यित कार्यक्रममा महिला सहभागिता अनुपात | - | ४० |
| • लैङ्गिक संवेदनशील विनियोजन अनुपात | - | ३३ |
| • महिला विकास कार्यक्रमको फैलावट (गाविस) | ३,०४३ | ३,९१५ |
| • महिला विकास कार्यक्रममा लक्ष्यित समूह सहभागिता (जना) | ५,२६,००० | ६,७५,००० |

**प्रमुख कार्यक्रम**

- लैङ्गिक मूलप्रवाहीकरण कार्यक्रम (मन्त्रालयस्तर) : राष्ट्रिय लैङ्गिक मूलप्रवाहीकरण रणनीति तर्जुमा, लैङ्गिक समानता कायम गर्न आवश्यक कानुनी सुधार, लैङ्गिक सम्पर्क एकाइको रूपमा क्षेत्रगत मन्त्रालयका योजना महाशाखाहरूको क्षमता विकास, क्षेत्रगत मन्त्रालयको सहभागितात्मक लैङ्गिक लेखाजोखा तथा लैङ्गिक मूलप्रवाहीकरण कार्ययोजना, लैङ्गिक हिंसा निवारण कोषको प्रवर्धन, लैङ्गिक मुद्दाहरूको पहिचान वा संवोधन लक्ष्यित अनुसन्धान, वार्षिक रूपमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको क्षेत्रमा हासिल भएको प्रगतिको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- महिला विकास कार्यक्रम (जिल्लास्तर) : लैङ्गिक मूलप्रवाहीकरण कार्ययोजना, क्षेत्रगत कार्यालयको लैङ्गिक लेखाजोखा क्षमता विकास, लैङ्गिक हिंसा निवारण, जोखिम-सन्मुखका विद्यालयविमुख किशोरीको बहुआयामिक विकास, जोखिम-उन्मुखका अतिविपन्न महिलाका लागि बीउपुँजी टेवासहित पारिवारिक संरक्षण प्रणालीको सुदृढीकरणका लागि घर विकास आयोजना, कानुनी उपचार सहायता समिति, लैङ्गिक हिंसा संवोधनका लागि सञ्चालनमा रहेका सेवाहरूको उपभोगमा सचेतना अभिवृद्धि, प्रभावित महिलाका लागि सेवा केन्द्र, लैङ्गिक हिंसाको नियन्त्रणमा पुरुष सक्रियताका लागि अभिमुखीकरण, लक्ष्यित महिलाको समूहीकरण, समूह सदस्यको अनुशिक्षण एवं अभिकार्य प्रशिक्षण, स्व-रोजगारीका अवसर सिर्जना, महिला संस्थाको भौतिक पूर्वाधार विकास, चालुकोष परिचालन, सेवाविमुख गाविसमा कार्यक्षेत्र विस्तारजस्ता कार्यहरू गरिनेछन् ।
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजनातर्फ महिलाहरूको क्षमता विकास, महिला बहुउद्देश्यीय भवन निर्माण, साना सामुदायिक आयोजना सञ्चालन, महिला संस्थाका लागि परिपूरक कोष स्थापना, रोजगारीमूलक प्रविधि हस्तान्तरण तथा टेवा र जोखिममा रहेका तथा द्वन्द्वबाट प्रभावित बालबालिका एवं परिवारका लागि विकेन्द्रित सहयोग सुदृढीकरण आयोजनातर्फ सामुदायिक पूर्वाधार निर्माण, जीविकोपार्जनका लागि नगद हस्तान्तरण, एकल तथा असहाय महिलाहरूलाई सामाजिक, आर्थिक तथा कानुनी सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरिनेछन् । साथै एकल तथा असहाय महिलाहरूलाई समाजमा पुनःस्थापना गर्ने, मनोपरामर्श तथा कानुनी सेवा प्रदान गर्ने, रोजगारीमूलक सीप प्रदान गर्ने, बचत तथा ऋण सहकारीमार्फत आर्थिक क्रियाकलापमा सहभागी गराउने, एकल तथा असहाय महिलाका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

**कार्यान्वयन व्यवस्था**

राष्ट्रियस्तरमा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट अगुवाइ गरी लैङ्गिक समानताका लक्ष्यहरू हासिल गर्न विभिन्न क्षेत्रबाट पुग्नुपर्ने योगदान सुनिश्चित हुने गरी सम्बन्धित मन्त्रालयहरूसँग सहकार्य गरिनेछ । सबै मन्त्रालयका योजना प्रमुखले लैङ्गिक सम्पर्क-बिन्दु र महाशाखाले लैङ्गिक सम्पर्क एकाइको रूपमा कार्य गर्नेछन् । लैङ्गिक सम्पर्क एकाइहरूले आ-आफ्नो क्षेत्रमा मूलप्रवाहीकरणको प्रक्रिया अघि बढाउनेछन् । मन्त्रालयको संयोजनमा विभिन्न क्षेत्रका लैङ्गिक सम्पर्क एकाइहरू माझ सञ्जालीकरण, अनुकरणीय अभ्यासहरूको अनुशरण र स्थानीय तहसम्म समन्वय सुनिश्चित गर्ने परिपाटी बसालिनेछ । निजी र गैरसरकारी क्षेत्रहरूसँग पनि सञ्जालीकरण गरी सहकार्यलाई बढावा दिइनेछ ।

**अपेक्षित उपलब्धि**

- राज्य संयन्त्रमा महिला प्रतिनिधित्व ३३ प्रतिशतभन्दा माथि पुगेको हुनेछ;
- महिलाविरुद्धको हिंसामा उल्लेखनीय रूपमा न्यूनीकरण भएको हुनेछ;
- लैङ्गिक संवेदनशील बजेट विनियोजनको अनुपात ३३ प्रतिशत पुगेको हुनेछ;
- महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूको क्षमता विकास भई महिला विकास कार्यक्रम सबै गाविसमा पुगेको हुनेछ र
- राष्ट्रिय लैङ्गिक रणनीति तर्जुमा भएको हुनेछ ।

## २.३ संवैधानिक प्रावधान

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा ... देशमा विद्यमान ... लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनरसंरचना गर्ने सङ्कल्प गर्दै भन्ने शब्दहरूमा लैङ्गिक समानता प्राप्तिको राष्ट्रिय आकांक्षा प्रतिविम्बित भएको छ । लैङ्गिक समानता र महिला सशक्तीकरणका पक्षमा संविधानमा विशेषतः भएका प्रावधानलाई निम्न तीनवटा शीर्षकअन्तर्गत राख्न सकिन्छ :

क. महिलाको मौलिक हक

ख. समानताको प्रत्याभूति

ग. सकारात्मक विभेद ।

**क. महिलाको मौलिक हक**

**धारा २०** ले महिलाका निम्न चारवटा हक प्रत्याभूत गरेको छ :

(१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिनेछैन;

(२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ;

(३) कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिनेछैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ र

(४) पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

**ख. समानतको प्रत्याभूति**

विभिन्न रूपमा लैङ्गिक असमानताको अवस्था रहेका वा रहन सक्ने क्षेत्रमा समानताको प्रत्याभूति संविधानले दिएको पाइन्छ । जस्तै-

(१) **नागरिकताको प्राप्तिमा :** कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने **(धारा ८(२)**;

(२) **कानुनको प्रयोगमा :** सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि ... लिङ्ग ... को आधारमा भेदभाव नगरिने **(धारा १३(२)** र

(३) **पारिश्रमिक वा सामाजिक सुरक्षामा** : समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने (**धारा १३(४)** ।

**ग. सकारात्मक विभेद**
महिला सशक्तीकरणका लागि संविधानमा प्राथमिकता तथा सकारात्मक कार्यका विभिन्न व्यवस्था गरिएको पाइन्छ।

**ग-१) राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा विशेष व्यवस्था**
**धारा ३३** मा लैङ्गिक भेदभावको अन्त्य एवं राज्य संरचनामा महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता राज्यको दायित्व मानिएको छ, **धारा ३४** मा लैङ्गिक रूपमा आर्थिक शोषण हुन नपाउने व्यवस्थालाई राज्यका निर्देशक सिद्धान्तमा लिइएको छ र **धारा ३५** मा सामान्य एवं विशेष अवस्थाका महिलालाई लक्ष्यित गरी सहभागिता, सकारात्मक विभेद तथा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यको हुने उल्लिखित छ ।

**धारा ३३(घ)** : ... लैङ्गिक ... भेदभावको अन्त्य गर्दै महिला ... लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनरसंरचना गर्ने ।

**धारा ३३(घ१)** : मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा ... महिला ... लाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।

**धारा ३४(४)** : ... कुनै पनि ... लिङ्ग ... उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै ... राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।

**धारा ३५(८)** : महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।

**धारा ३५(९)** : राज्यले एकल महिला ... को संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

**धारा ३५(१४)** : राज्यले महिला ... का लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

**धारा ३५(१७)** : ... अशक्त महिला ... लाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति राज्यले अवलम्बन गर्नेछ ।

**ग-२) संविधान सभा, राजनीतिक दल तथा राष्ट्रिय मानव अधिकार आयोगमा प्रतिनिधित्व**
महिला प्रतिनिधित्वतर्फ पनि विभिन्न व्यवस्था गरिएका छन् ।

**धारा ६३(४)** : ... संविधान सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ र ... समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले उम्मेदवारहरूको सूचीकृत गर्दा महिला ... समेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनुपर्नेछ ।

**धारा ६३(५)** : ... महिलाको हकमा ... समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा ... पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दिइने उम्मेदवारीको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एक-

तिहाई उम्मेदवारी दिनुपर्नेछ ।

**धारा १३१(२)** : राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नुपर्नेछ ।

**धारा १४२(३)** : [निर्वाचन आयोगमा राजनीतिक दल ... दर्ताका लागि निवदेन दिँदा ...] राजनीतिक दलको विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला ... लगायतका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनुपर्ने शर्त पूरा गरेको हुनुपर्दछ ।

**धारा १४२(४)** : कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल ... लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण बन्देज लगाइएको ... रहेछ भने निर्वाचन आयोगले त्यस्तो सङ्गठन वा दललाई दर्ता गर्नेछैन ।

**ग-३) सकारात्मक प्रयासको मान्यता**

**धारा १३(३)** को ... महिला ... को संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न [समानताको हकले] रोक लगाएको नमानिने प्रतिबन्धात्मक व्यवस्था ।

**ग-४) सामाजिक न्याय र सुरक्षा**

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला ... लाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक **(धारा २१)**

(२) महिला ... लाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक **(धारा १८(२)** ।

**ग-५)** आयोगको गठन

**धारा १५४** को नेपाल सरकारले महिला ... को हक, हितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्ने व्यवस्था ।

## २.४ राष्ट्रिय कार्ययोजना

लैङ्गिक समानता प्राप्तिको अन्तर्राष्ट्रिय अभियानमा नेपालको सक्रिय सहभागिता रहँदैआएको छ । मेक्सिको सिटीदेखि बेजिङसम्म - संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सम्पन्न चारवटै विश्व महिला सम्मेलनमा नेपालको प्रतिनिधित्व थियो । उप्रान्तका समीक्षा बैठकहरूमा पनि नेपालको उपस्थिति उल्लेखनीय छ ।

महिला अधिकार स्थापित गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बनेर पनि नेपालले आफ्नो अठोट व्यक्त गरेको छ ।

अन्तर्राष्ट्रियस्तरमा विभिन्न रूपमा जाहेर गरिएको वचनबद्धता पूरा गर्ने सिलसिलामा राष्ट्रिय कार्ययोजना बनाएर समन्वयात्मक ढङ्गले काम गर्ने परिपाटी बसालिएको छ ।

सर्वप्रथम २०४२ सालमा तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति एक राष्ट्रिय कार्ययोजना तयार गरिएको थियो । त्यस कार्ययोजनामा शिक्षा, स्वास्थ्य, रोजगारी,

कृषि, सहकारिता, वन र कानुनी क्षेत्रहरू निर्धारण गरी महिला वर्गको विकासका लागि नीतिगत उद्देश्यसहित कदमहरू तय गरिएको पाइन्छ ।

बेजिङ सम्मेलनको लगत्तै जस्तो नेपाल सरकारले लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०५४ स्वीकृत गरी लागू गरेको थियो । हाल बेजिङ जोड ५ विशेष महासभाका निष्कर्षलाई समेत समावेश गरी तयार पारिएको लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयन भैरहेको छ ।

त्यस्तै, नेपाल सरकारबाट स्वीकृत महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० पनि लागू छ ।

## २.५ संस्थागत व्यवस्था

इतिहासमा प्रारम्भ हुन्छ भने पृष्ठभूमि पनि हुन्छ । महिला विकासका क्षेत्रमा भएका अघिका अग्रसरतामा महिला प्रशिक्षण केन्द्रको स्थापना उल्लेखनीय छ । महिलाहरूको सीप विकास गरेर आयआर्जन गराउने उद्देश्यले 'Ford Foundation' को सहयोगमा २०१३ साल (सन् १९५६) मा उक्त केन्द्र खोलिएको थियो । केन्द्रलाई पहिलो पञ्चवर्षीय योजना (२०१३-१८) को उपलब्धि पनि मान्न सकिन्छ । पछि पाँचौं पञ्चवर्षीय योजना अवधि (२०३२-३७) मा चारवटा थपेर पाँचवटै विकास क्षेत्रमा एक-एकवटा पर्ने गरी केन्द्रको विस्तार गरियो ।[१०]

शिक्षा तथा समाजकल्याण मन्त्रालयमा २०२९ साल (सन् १९७२) मा महिला शिक्षा परियोजना लागू भयो र सञ्चालन गर्न छुट्टै एकाइ खडा गरियो । उक्त परियोजनाबाट महिला साक्षरताको क्षेत्रमा योगदान गर्नुका साथै विभिन्न कारणले विद्यालय जान नपाएका बालिकाहरूका लागि व्यापक रूपमा चेलीबेटी कार्यक्रम पनि चलाएको थियो । परियोजनाअन्तर्गत २०३८ साल (१९८१ ई.) देखि सञ्चालित सेती अञ्चलमा ग्रामीण विकासका लागि शिक्षा (Education for Rural Development) को पहल पनि उल्लेखनीय छ ।[११]

अर्को वर्ष (२०३० साल तद्अनुसार सन् १९७३) मा तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमितिअन्तर्गत महिला सीप विकास परियोजना चलाइयो । महिलाहरूको सीप विकास गर्नुका साथै उनीहरूबाट उत्पादित हस्तकलाका सामानहरूको बजार-व्यवस्था मिलाउने उद्देश्य उक्त परियोजनाको थियो । परियोजनाले नेपाली महिलाका हस्तकलाका सामान विभिन्न माध्यमबाट विदेशमा निर्यात गर्ने व्यवस्था पनि मिलाएको थियो ।[१२]

गैरसरकारीस्तरमा २०३२ साल (सन् १९७५) मा अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर आमा मिलन केन्द्रको स्थापना भयो । महिलाहरूको सामाजिक जीवनस्तर उठाउन सहयोग गर्ने, ग्रामीण क्षेत्रका महिलाहरूको स्वास्थ्य स्थितिमा सुधार गर्ने, महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन

---

[१०] हाल महिला विकास प्रशिक्षण केन्द्र भनिने उक्त केन्द्र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ जारी भएपछि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानअन्तर्गत तर छुट्टै पहिचानसहित सञ्चालित छ ।

[११] उप्रान्त २०५० साल (१९९३ ई.) मा महिला शिक्षा परियोजना एकाइलाई शाखामा परिणत गरियो ।

[१२] पछि २०५२/७/२० मा विकास समिति ऐन, २०१३ बमोजिम नेपाल सरकारको सूचित आदेशबाट महिला सीप विकास समिति गठन भयो र समितिअन्तर्गत महिला सीप विकास केन्द्रको स्थापना गरियो । हालै २०६५/११/२६ मा उक्त केन्द्रसमेत विघटन भैसकेको छ ।

रोजगारीमूलक व्यवसाय प्रवर्धन गर्ने उद्देश्य रहेको उक्त केन्द्रको कार्यक्षेत्र देशव्यापी छ । नेपालका कुनै पनि ठाउँका इच्छुक महिलाहरूले केन्द्रअन्तर्गत शाखा खोलेर स्थानीय सभामार्फत कार्यसञ्चालन गर्न सक्तछन् । पछिल्लोपल्ट केन्द्रका स्थानीय शाखाहरू ५९ वटा पुगेका तथा ती १९ जिल्लामा फैलिएका छन् ।

त्यस्तै, २०३४ साल (१९७७ ई.) मा नारी विकासका क्षेत्रमा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थामाझ समन्वय स्थापना गराउने अभिप्रायले तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत नारी सेवा समन्वय समितिको गठन गरिएको थियो ।

त्यसपछिको मुख्य कदम २०३८ साल (१९८१ ई.) मा तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखाको स्थापना थियो ।

क्रमशः अन्यत्र पनि छुट्टै साङ्गठनिक एकाइ खडा गरेर महिला विकासपट्टि ध्यान दिन थालियो । जस्तै-

- श्रम मन्त्रालयमा २०४४ साल (सन् १९८७) मा महाशाखा स्थापना
- कृषि मन्त्रालयमा २०४९ साल (सन् १९९२) मा महाशाखा स्थापना
- जल तथा शक्ति आयोगको सचिवालयमा २०५० साल (सन् १९९३) मा एकाइ स्थापना
- राष्ट्रिय योजना आयोगमा २०५० साल (सन् १९९३) मा शाखा स्थापना
- नेपाल प्रहरीअन्तर्गत २०५२ साल (सन् १९९६) मा एकाइ स्थापना
- प्रधानमन्त्रीको अध्यक्षतामा २०५२ साल फागुन २३ गते राष्ट्रिय महिला तथा बालविकास परिषद् गठन ।

विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्ने व्यवस्था पनि उल्लेखनीय छ। केन्द्रीयस्तरमा २०५९ साल (सन् २००२) देखि लैङ्गिक सम्पर्क-बिन्दुहरूको व्यवस्था गरिएको थियो । जिल्लास्तरमा २०६१ सालदेखि त्यस्तो व्यवस्था भयो ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग र महिला तथा बालबालिका विभाग एवं अन्तर्गतका कार्यालयहरूको सङ्गठनका साथै कार्यक्षेत्र उल्लेखनीय छन् ।

### क. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

महिला, बाल, वृद्ध र अनाथहरूको सशक्तीकरण एवं कल्याणसम्बन्धी कार्य गर्न आवश्यक राष्ट्रिय नीति, योजना र कार्यक्रम तयार गरी सम्बन्धित सबै निकायसँग समन्वय राखी कार्यान्वयन गराउने मुख्य कार्यजिम्मेवारीसहित तत्कालीन शिक्षा तथा समाजकल्याण मन्त्रालयमा रहेको समाजकल्याणको कार्यक्षेत्रसमेत सम्पादन गर्ने गरी बि.सं. २०५२ असोज ६ गते महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भएको हो । बि.सं. २०५७ मा बालबालिका थप भई मन्त्रालयको नाम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहेको छ। मन्त्रालयअन्तर्गत निम्न निकायहरू पर्दछन् :

- महिला तथा बालबालिका विभाग र अन्तर्गतका जिल्लास्थित कार्यालयहरू;
- विराटनगर, राजविराज, वीरगञ्ज र बुटवल गरी ४ स्थानमा ४ वटा बालकल्याण गृहहरू र
- समाजकल्याण केन्द्र (पशुपति वृद्धाश्रम) ।

साथै समाजकल्याण परिषद् तथा राष्ट्रिय महिला आयोगको सर्म्पक निकायको रूपमा समेत मन्त्रालय रहिआएको छ ।

मन्त्रालयले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू देहायबमोजिम छन् :

- महिला, बालबालिका, समाजकल्याणसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा एवं कार्यान्वयनसम्बन्धी;
- महिला बालबालिका, समाजकल्याणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनसम्बन्धी;
- महिला, बालबालिका, समाजकल्याण सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वयसम्बन्धी;
- अनाथ बालबालिका, असहाय महिला, वृद्ध-वृद्धा, अपाङ्गका साथै अशक्तहरूको संरक्षण र सम्वर्द्धनसम्बन्धी;
- बालबालिका कल्याणसम्बन्धी;
- समाजकल्याण परिषद्सम्बन्धी;
- महिला कल्याण तथा सीप विकाससम्बन्धी;
- समाजकल्याण केन्द्रहरू सम्बन्धी;
- बालमन्दिरहरू सम्बन्धी;
- युवालयहरूको सञ्चालन र युवालयसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पर्क र समन्वयसम्बन्धी;
- सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका, समाजकल्याणसम्बन्धी कार्यक्रमहरूको नियमित तथा आवधिक मूल्याङ्कन र समीक्षासम्बन्धी र
- धर्मपुत्र र धर्मपुत्री लिनेदिने विषयसम्बन्धी ।

**ख. राष्ट्रिय महिला आयोग**

राष्ट्रिय महिला आयोगको गठन २०५८ साल (२००१ ई.) मा भएको हो । महिलाको हक, हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्ने र महिला अधिकार एवं लैङ्गिक न्याय कायम गर्ने अभिप्रायले प्रतिनिधि सभाबाट राष्ट्रिय महिला आयोग ऐन पारित भै २०६३ पुस ३० गतेबाट लागू भयो र उक्त ऐनअन्तर्गत नै आयोग स्थापित भयो । ऐनमा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था निम्नानुसार छ :

- महिलाको हक, हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने;
- महिलाको हक, हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सुझाउ दिने;
- महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्नका लागि लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने;

- महिलाविरुद्धका भेदभाव तथा सामाजिक कुरीतिविरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने;
- विभिन्न मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए, नभएको विश्लेषण गराउने;
- लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने;
- नेपाल सरकारअन्तर्गतको कुनै कार्यालय, निकाय वा प्रचलित कानुनबमोजिम संस्थापन भएको सरकारी, गैरसरकारी वा निजी संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र महिलाको अधिकार संरक्षणका लागि त्यस्ता कार्यालय, निकायको काम, कार्यवाही र भौतिक सुविधाजस्ता विषयमा गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकार वा सम्बन्धित निकायलाई सुझाउ दिने;
- महिला अधिकारसम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने;
- महिला अधिकारबाट वञ्चित, पीडित वा असहाय महिलालाई आवश्यक कानुनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने;
- महिलाको हक, हित र सरोकारको विषयमा आवश्यकताअनुसार सार्वजनिक सुनुवाइ गर्ने;
- आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने;
- महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको तथा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको विषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा त्यस्तो विषयमा आवश्यक जाँचबुझ गर्न सक्ने र
- प्रत्येक वर्ष आफूले गरेका काम, कार्यवाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्री/राज्यमन्त्रीसमक्ष पेस गर्ने ।

### ग. महिला तथा बालबालिका विभाग

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको कार्यान्वयन निकाय महिला तथा बालबालिका विभाग हो । विभागले मन्त्रालयबाट स्वीकृत मार्गदर्शनको अधीनमा रहेर जिल्लास्थित महिला तथा बालबालिका कार्यालयमार्फत महिला विकास कार्यक्रम सञ्चालन गर्दछ । विभागका साथै मातहतका कार्यालयहरूको साङ्गठनिक विकासक्रम, कार्यक्षेत्र एवं थप कार्यादेशका सम्बन्धमा परिच्छेद ३ मा चर्चा गरिनेछ ।

## २.६ परिवर्तनको प्रवृत्ति

छैठौं पञ्चवर्षीय योजना (२०३७-४२) पछिका योजनाहरूमा समावेश गरिएका महिला विकास, महिला सशक्तीकरण वा लैङ्गिक मूलप्रवाहीकरणका नीतिहरूलाई त्यसैको निरन्तरता मान्न सकिन्छ । यता जे-जति काम भए नीति कार्यान्वयनकै क्रममा भए भन्न सकिन्छ । त्यतिका प्रयासको परिणाम के निस्कियो त ?

तालिका ६ मा हालसालैका केही सूचक दिइएका छन् ।

**तालिका ६ : नेपालमा महिला विकास : चालु त्रिवर्षीय योजनाको अवस्था**

| सि.नं. | सूचक | स्रोत | एकाइ | मान | | |
|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | दुवै |
| १ | जनसाङ्ख्यिक अनुपात | १ | प्रतिशत | ४८.६ | ५१.४ | १०० |
| २ | जन्मदाको जीवन अपेक्षा | २ | वर्ष | ६३.६ | ६४.५ | ६४.१ |
| ३ | बाल्यावस्थाको मृत्युदर (प्रतिहजार जीवित जन्म) | ३ | जना | - | - | - |
| | • ५ वर्षको गणनामा | | | - | - | - |
| | - शिशु-मृत्युदर | | | - | - | ४६ |
| | - बाल-मृत्युदर | | | - | - | ५४ |
| | • १० वर्षको गणनामा | | | - | - | - |
| | - शिशु-मृत्युदर | | | ५४ | ५२ | - |
| | - बाल-मृत्युदर | | | ६३ | ६२ | - |
| ४ | विवाहको मध्यवर्ती उमेर | ३ | वर्ष | २१.६ | १७.५ | - |
| ५ | कुल प्रजननदर | ३ | जन्म | २.६ | | |
| ६ | परिवार नियोजनका साधनको प्रयोगदर | ३ | प्रतिशत | ४९.७ | | |
| ७ | ६ वर्ष र माथिको साक्षरता | ४ | प्रतिशत | ७५.६ | ५३.३ | ६३.७ |
| ८ | विद्यालयमा छात्रा अनुपात | ४ | प्रतिशत | - | | |
| | • प्राथमिक तह | | | ५० | | |
| | • निम्नमाध्यामिक तह | | | ४९ | | |
| | • माध्यमिक तह | | | ४८ | | |
| | • विश्वविद्यालय तह | | | ३८.६ | | |
| ९ | श्रम सहभागितादर | ५ | प्रतिशत | - | | |
| | • १५ वर्ष र माथिका वयस्क | | | ८७.५ | ८०.१ | ८३.४ |
| | • ५-१४ वर्षका बालबालिका | | | ३०.२ | ३७.८ | ३३.९ |
| १० | १५ वर्ष र माथिको आर्थिक दृष्टिले सक्रिय जनसङ्ख्यामा अनुपात | ५ | प्रतिशत | ४६.९ | ५३.१ | १०० |
| ११ | १५ वर्ष र माथिको घरधन्दा गर्ने महिला | ५ | प्रतिशत | ७.६ | | |
| १२ | निजामती सेवामा सहभागिता | ६ | प्रतिशत | - | | |
| | • नीतिगत तह | | | ९२.८३ | ७.१७ | १०० |
| | • जम्मा | | | ८६.७१ | १३.२९ | १०० |
| १३ | व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व | ७ | प्रतिशत | ६७.२ | ३२.८ | १०० |
| १४ | श्रम योगदान | ८ | घण्टा प्रतिहप्ता | - | | |
| | • घरबाहिरका आर्थिक क्रियाकलाप | | | ४२.६ | ३६.३ | |
| | • घरभित्रका आर्थिक क्रियाकलाप | | | ४६.५ | ४२.५ | |
| | • घरभित्रका गैरआर्थिक क्रियाकलाप | | | ९.७ | २५.१ | |
| | • समग्र (आर्थिक तथा गैरआर्थिक क्रियाकलाप) | | | ९८.८ | १०३.९ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | मातृ-मृत्युदर (प्रतिलाख जीवित जन्म) | ९ | जना | २८१ |
| १६ | लैङ्गिक बजेट | १० | प्रतिशत | १९.०५ |
| १७ | लैङ्गिक समानता | - | - | - |
| | • लैङ्गिक विकास | ११ | सूचकाङ्क | ०.४९९ |
| | • लैङ्गिक सशक्तीकरण | | मापक | ०.४९६ |
| | • लैङ्गिक विषमता | १२ | सूचकाङ्क | ०.५५८ |

१. राष्ट्रिय जनगणना, २०६८ प्रारम्भिक प्रतिवेदन (काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग, २०६९)।
२. नेपालको तथ्याङ्कीय झलक, २०६७ (काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग)।
३. Nepal Demographic and Health Survey 2011 (काठमाडौं, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०१२)।
४. Nepal Education in Figures 2010 : At a Glance (काठमाडौं, शिक्षा मन्त्रालय)।
५. Report on the Nepal Labour Force Survey 2008 (काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग, २०६६)।
६. नेपालमा लैङ्गिक समानताको एक झलक (काठमाडौं, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०६७)।
७. Some Statistical Facts on Nepalese Women (काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग, २००९)।
८. तीनवर्षीय अन्तरिम योजना २०६४/६५-२०६६/६७ (काठमाडौं, राष्ट्रिय योजना आयोग)।
९. Nepal Demographic and Health Survey 2006 (काठमाडौं, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २००७)।
१०. आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्य (काठमाडौं, अर्थ मन्त्रालय, २०६८)।
११. Nepal Human Development Report 2009 (काठमाडौं, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम)।
१२. Human Development Report 2011 (न्यु योर्क, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम)।

---

माथि तालिका ४ मा राखिएका सूचक सन् १९७९ (तद्अनुसार २०३६ साल) तिरको अवस्थाजनक थिए। पुगनपुग ३२ वर्षको अन्तःरालमा नेपाली महिलाको अवस्था र अवस्थिति फेरिएको छ। तिनताका महिलाको औसत आयु पुरुषकोभन्दा २.३ वर्ष कम्ती ४१.१ वर्ष थियो। अचेल जन्मने बालिकाले बालकलेभन्दा ०.९ वर्ष बढी ६४.५ वर्ष बाँच्ने आसा गर्न सक्तछिन्।

कुल प्रजननदर ६.१ बाट २.६ मा झर्नु त्यत्तिकै उल्लेखनीय छ। प्राथमिक शिक्षामा लैङ्गिक समदर (Gender parity) हासिल हुनु अर्को सफलता हो। विद्यालय शिक्षाका माथिल्ला तहमा पनि छात्रा अनुपात समानताको नगीच पुगेको छ।

जहाँ बराबरी भैसकेको छैन त्यहाँ दूरी घट्ने क्रममा छ। साक्षरताकै कुरो गरौं न ! ऊ बेला ५.२ प्रतिशत महिलामात्र साक्षर थिए र साक्षरतामा लैङ्गिक अन्तर २८ प्रतिशत बिन्दु थियो। हाल महिला साक्षरता दर ५३.३ प्रतिशत पुगेको छ भने पुरुष साक्षरतादरसँगको अन्तर २२.३ प्रतिशत बिन्दुमा घटेको छ।

प्रजनन स्वास्थ्यका साथै शैक्षिक उपस्थितिमा भएको प्रगतिले गर्दा महिलाको श्रम सहभागितादर बढेको छ। पारिभाषिक अन्तरसमेतका कारण तालिकाका तथ्याङ्क सोझै तुलनायोग्य नहोलान्। तैपनि घरधन्दामा अल्झिएका महिलाको अनुपात ५७.१ बाट ७.६ मा ओर्लिएको गणनामा सशक्तीकरणको झल्को पक्कै मिल्दछ।

सँगसँगै छोराको चाहना कायमै रहनु, महिलापट्टि विवाहको मध्यवर्ती उमेर १७.५ वर्षभन्दा माथि लग्न नसकिनु र पछिल्लो अवधिमा शिशु-मृत्युदर अपेक्षाकृत घटाउन नसकिनु चिन्ताजनक छन्। नेपालको लैङ्गिक विषमता सूचकाङ्क ०.५५८ छ, जसले धेरै काम गर्न बाँकी नै छ भन्ने जनाउँदछ। महिलामाथि भैरहेका हिंसाका घटना चिन्ताको अर्को स्रोत हो।

# परिच्छेद ३
# महिला विकास कार्यक्रम

## ३.१ प्रारम्भ

### ३.१.१ सङ्गठन

अनभिज्ञ ग्रामीण महिला र विकासका आम अवसरको वारिपारिमा साँगुसरह महिला विकास कार्यक्रमको कल्पना गरिएको हो । तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत २०३८ सालमा महिला विकास शाखाको स्थापना अनुपम सन्दर्भमा भएको थियो । संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष अनि १९७६-८५ लाई संयुक्त राष्ट्रसङ्घीय नारी दशकका रूपमा मनाउन आह्वान गरेपछि देशभित्र र बाहिर पनि विकासमा महिला सहभागिताको लहर आइरहेको थियो । छिट्टै नेपालमा महिलाको मर्यादास्तर अध्ययन भयो । सँगसँगै छैठौँ पञ्चवर्षीय योजना (२०३७-४२) मा 'विकास कार्यमा महिला सहभागिता प्रवर्धन' गर्ने नीतिगत अग्रसरता थियो ।

महिला विकास शाखा खडा गर्दा देहायका उद्देश्य राखिएका थिए :

क. सबै मन्त्रालय तथा निकायसँग संवाद गरी तिनका कार्यक्रममा महिलाहरूका आवश्यकतालाई संबोधन गराउन प्रोत्साहन दिने;

ख. ग्रामीण महिलाहरूको सर्वाङ्गीण विकासका लागि प्रभावकारी नीति तथा कार्यक्रम तर्जुमा गर्ने;

ग. महिला विकास शाखाका आयोजनाहरूको हकमा सुपरिवेक्षकको भूमिका निभाउने;

घ. ग्रामीण महिलाहरूका तालिम आवश्यकताको पहिचान गरी महिला प्रशिक्षण केन्द्र, [तत्कालीन] पञ्चायत विकास प्रशिक्षण केन्द्र र अन्य निकायमार्फत उपयुक्त तालिम दिलाउने व्यवस्था गर्ने;

ङ. चालु आयोजनाहरूका लागि मूल्याङ्कनका मापदण्ड निर्धारण गर्ने र

च. विभिन्न सरकारी तथा गैरसरकारी सङ्गठनबाट महिला विकासका लागि सञ्चालित कार्यक्रमहरूको जानकारी राख्ने ।[१३]

उल्लिखित उद्देश्यहरूको परिप्राप्तिका लागि देहायका नीतिहरू निर्धारण गरिएका थिए :

क. मन्त्रालयद्वारा सञ्चालित ग्रामीण विकास आयोजना तथा अन्य क्रियाकलापमा ग्रामीण महिलाका आवश्यकता एवं हित संवोधन गर्दै उनीहरूलाई विकास प्रक्रियाका सारा क्षेत्रमा एकीकृत गराउने;

ख. माथि (क) मा उल्लिखित नीतिअनुसार ग्रामीण महिलाहरूका लागि समग्र कार्यक्रमको योजना एवं तर्जुमा गर्ने तथा सुहाउँदा आयोजनाको रचना गर्ने;

ग. चालु आयोजनाहरूको कार्यान्वयनको सुपरिवेक्षण गर्ने;

घ. त्यस्ता आयोजनाहरूको मूल्याङ्कनमा सहभागी हुने;

ङ. महिला विकास शाखा तथा अन्य निकायका अल्पकालीन एवं दीर्घकालीन तालिममार्फत ग्रामीण विकासका विभिन्न क्रियाकलापमा ग्रामीण महिलाहरूलाई दीक्षित गर्ने र

च. महिला विकासमा संलग्न अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्बन्ध कायम गर्ने ।[१४]

---

[१३] Glimpses of Women Development Programme (ललितपुर, महिला विकास शाखा, २०४२), पृ. २ । अङ्ग्रेजीको नेपाली अनुवादमा शब्दहरू फरक परेका हुन सक्तछन् ।

[१४] ऐ. ।

महिला विकास शाखाको स्थापना पहिलो संस्थागत व्यवस्था अवश्य थिएन । तैपनि स्थानीयस्तरको विकासका समस्त गतिविधि निर्देशित गर्ने मन्त्रालयमा खडा भएको, ग्रामीण महिलाहरूको सर्वाङ्गीण विकासतर्फ विशेष ध्यान दिएको र एकलौटी रूपमा नभएर सम्बन्धित सबै निकायहरूसँग सम्पर्क स्थापित गरेर महिला विकासका कार्यहरूमा अग्रता लिने दृष्टिकोण राखेको हुनाले उक्त शाखाको रणनीतिक महत्व थियो ।

### ३.१.२ कार्यक्रम

महिला विकास शाखा जम्मा ८ जना कर्मचारीसहित खडा गरिएको थियो । उद्देश्य फराकिलो भए तापनि लक्ष्यित समूह र नीतिगत मार्गदर्शन प्रस्ट थिए । ग्रामीण महिलालाई विकासका प्रक्रियामा एकीकृत गर्न कार्यक्रम एवं सुहाउँदा आयोजना तयार पार्ने काममा शाखा जुटिहाल्यो । आधा दर्जन बढी दातृ-संस्थाका साथै त्यत्तिकै सङ्ख्यामा स्वदेशी बैङ्क तथा विकास निकायहरूसँगको अनवरत सम्पर्क, सहकार्यका ढाँचाहरूको खोजी, हस्तक्षेपको रूपाङ्कन, प्रस्तावहरूको विकास, जनशक्ति योजना – पूर्व-तयारीको भ्याइनभ्याइ अनुमान गर्न सकिन्छ । शाखा स्थापना भएपछि जति छिटो आयोजनाहरू कार्यान्वयन भए त्यसले पनि कर्मचारीको आन्तरिक अभिप्रेरणा, अथक परिश्रम अनि चुनौती सामना गर्ने जुझारु स्वभावको पुष्टि गर्दछ, जुन अद्यापि साङ्गठनिक संस्कृतिमा झल्किरहन्छ ।

महिला विकास शाखाले सञ्चालन गर्ने कार्यक्रम महिला विकास नै हुन्थ्यो । कार्यक्रमको मर्म पेवा बढाउने थियो । त्यसैले पेवा बढाउने शब्दसँगै महिलाले थैलीमा पैसा राख्दै गरेको चित्र अङ्कित प्रतीकचिन्ह बनाइयो ।

नियमित स्रोतको पुगनपुग हेरेर वैदेशिक सहायता परिचालन गर्न सकिने भएसम्म गर्ने दृष्टिकोण लिइएको पनि होला । जे होस्, महिला विकास कार्यक्रम वस्तुतः वैदेशिक सहायताप्राप्त आयोजनाहरूको सङ्गालोको रूपमा लागू भयो, जसमा आव २०३९।४० देखिको ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम (Production Credit for Rural Women - PCRW) मुख्य थियो ।

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम महिला विकास शाखाबाट सञ्चालन गरिएको पहिलो आयोजना भने थिएन । पहिलो आयोजना त ग्रामीण महिलाको अर्थोपार्जन तथा श्रम बचाउने साधनका लागि प्रशिक्षक प्रशिक्षण (Train the Trainers for Income Generating Activities and Labour Saving Devices for Rural Women) थियो ।[१५] आव २०३९।४० देखि नै कार्यान्वयन गरिएको उक्त आयोजनाका लागि संयुक्त राष्ट्रसङ्घीय महिला दशकका लागि ऐच्छिक कोष (Voluntary Fund for United Nations Decade for Women) को सहायता एशिया र प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (Economic and Social Commission for Asia and the Pacific - ESCAP) मार्फत मिलेको थियो । आयोजनाअन्तर्गत बाँके, ललितपुर र सिन्धुली गरी तीन जिल्लामा चारथरीका आयमूलक क्रियाकलाप पहिल्याएर जम्मा १४० जना महिलालाई प्रशिक्षण दिइएको थियो ।

तिनताकाका अन्य आयोजनामा नेपालका ग्रामीण क्षेत्रमा महिला परिवर्तन अभिकर्तामार्फत महिला घरमूलीका लागि स्व-रोजगारी (Self-Employment for Female-headed Households through Female Change Agents - SEFHH) पर्दछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labour Office - ILO) को

[१५] ऐ., पृ. ७ ।

सहयोगप्राप्त उक्त आयोजना आव २०४२।४३ देखि काभ्रेपलाञ्चोक जिल्लाका दुई गाविसबाट थाली ११ गाविसमा विस्तार गरिएको थियो ।[१६]

त्यस्तै, खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organisation - FAO) को सहयोगमा उपयुक्त प्रविधिसम्बन्धी अध्ययन कार्यहरू सम्पन्न भएका थिए भने झापामा जुट आयोजना चलाइएको थियो । अन्य निकायका तर्फबाट पनि सानातिना आयोजनाका लागि सहयोग मिलिरहेको थियो ।

### ३.१.३ उत्पादन ऋण व्यवस्था अग्रसरता

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था (Production Credit for Rural Women – PCRW) कार्यक्रम आव २०३९/४० देखि लागू भएको हो । पछिसम्म महिला विकास कार्यक्रमको पर्यायवाची बनेको यो कार्यक्रममा विभिन्न विकास साझेदारहरूको संलग्नता थियो । प्रारम्भमा मुख्य सहयोग संयुक्त राष्ट्रसङ्घीय बालकोषमार्फत नेदरल्याण्ड सरकारको तर्फबाट मिलेको थियो ।[१७] महिला विकास अधिकृतहरूको समकक्षीका रूपमा विदेशी स्वयंसेवीहरू पनि परिचालन गरिएका थिए ।[१८]

पहिलो वर्ष ५ जिल्ला (धादिङ, तनहुँ, नवलपरासी, स्याङ्जा र सुर्खेत) मा कार्यक्रम चलाइयो । संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा ती ५ जिल्लादेखि क्रमशः ३८ जिल्लासम्म कार्यक्रम पुग्यो । सन् १९९६ सम्म कार्यक्रमका लागि कोषको सहयोग निरन्तर रह्यो ।

कार्यक्रममा दातृ-स्रोत खास गरी सञ्चालन प्रक्रियाहरू स्थापित गर्नमा उपयोग भएको थियो । मूल राशी - ऋण - त राष्ट्रिय बैङ्कहरूबाटै जुटाउने व्यवस्था गरिएको थियो । नेपाल राष्ट्र बैङ्कबाट २०३१ सालमा वाणिज्य बैङ्कहरूलाई लगानीको निश्चित अंश प्राथमिकता क्षेत्रमा पर्नुपर्ने निर्देशन भएको थियो ।[१९] पछि २०३८ सालमा पर्याप्त धितो नभएका व्यक्तिलाई सामूहिक जमानीमा पनि लगानी गर्न सकिने व्यवस्था भयो ।[२०] नेपाल राष्ट्र बैङ्कको संयोजनमा नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क महिला समूहहरूलाई ऋण लगानी गर्न तत्पर भए । उप्रान्त सहभागी बैङ्क (Participating banks) मा कृषि विकास बैङ्क पनि थपियो ।

'ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम' को नाम नै पनि ध्यानयोग्य छ । एक त 'व्यवस्था' शब्दले कार्यक्रमले ऋण दिने नभएर ऋण प्राप्त गर्ने प्रक्रियामा सहजीकरण गर्ने जनाउँदछ । अर्थात् वाणिज्य बैङ्क ऋण लगानीकर्ता र विपन्न महिला ऋण उपभोक्ता थिए भने कार्यक्रमका तर्फबाट दुबै पक्षको हितमा सघाउन खोजिएको थियो ।

---

१६ Women Development Section Bulletin (पूर्णाङ्क २, अङ्क १, २०४६ साउन-कात्तिक) ।

१७ Achievements : Inception – July 1988 (ललितपुर, महिला विकास शाखा), पृ. १९ ।

१८ त्यस्ता स्वयंसेवीहरू नेदरल्याण्ड विकास सङ्गठन (SNV) का साथै अमेरिकी 'Peace Corps', वेलायती 'Voluntary Service Overseas' र जर्मनीको 'Volunteer Service' का तर्फबाट उपलब्ध भएका थिए । नेदरल्याण्ड विकास सङ्गठनका स्वयंसेवीहरूलाई विकास सहकर्मी (Development Associates) भनिन्थ्यो । ती सबै दुई वर्षसम्म समुदायमै काम गर्ने गरी खटिएका हुन्थ्ये ।

१९ Introduction of Credit Component in Production Credit for Rural Women (Women Development Division Bulletin, पूर्णाङ्क ३, अङ्क १, २०४७ साउन-कात्तिक), पृ. २ ।

२० ऐ. ।

दोस्रो, 'कार्यक्रम' भनिएको थियो; आयोजना भनिएको थिएन । अर्थात् कार्यक्रम खासमा आयोजना नभएर अग्रसरता (Initiative) थियो, जुन उत्तरोत्तर रहन सक्तथ्यो ।

नीति-प्रदत्त अवसरको उपयोग आफैमा सिर्जनात्मक थियो भने वाणिज्य बैङ्कहरूको संलग्नता त्यत्तिकै सराहनीय। त्यस्तै सम्बन्धन अन्य सेवा-प्रदायकहरूसँग पनि राख्ने गरी कार्यक्रमको रचना गरिएको थियो ।

कार्यक्रमका उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएका थिए :

- महिलाहरूलाई बजार अर्थतन्त्रमा गाँसेर ग्रामीण परिवारको आम्दानी बढाउने;
- ग्रामीण क्षेत्रका महिला ग्राहकहरूको सेवा गर्ने क्षमता बढाउन वाणिज्य बैङ्कहरूसँग सहकार्य गरेर कृषि, कुटीर उद्योग तथा सेवामा साना महिला उद्यमहरूको विकासलाई बढावा दिने;
- आफ्ना प्राथमिकता र सिकाइ व्यक्त गरेर सरकारी संयन्त्रलाई आफ्ना लागि उपयोगी बनाउन सक्ने गरी ग्रामीण महिलाहरूका स्वावलम्बी समूह खडा गर्नुका साथै त्यस्ता समूहलाई महिला तथा बालबालिकाका लागि लाभदायी विभिन्न सेवाहरू प्रारम्भ गर्ने प्रवेश-बिन्दुको रूपमा उपयोग गर्ने;
- आयमूलक आयोजनाहरूका लागि महिला समूहमा ऋण, तालिम र उत्पादन प्रविधि जुटाउन महिला विकास शाखाका केन्द्र, जिल्ला र गाँउस्तरका कर्मचारीलाई सहजकर्ताको रूपमा उपयोग गरी प्रवाह प्रणाली विकास गर्ने र
- [तत्कालीन] पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको नवस्थापित महिला विकास शाखाको निम्नानुसार क्षमता विकास गर्ने :

  - महिलाहरूका लागि प्रभावकारी आयमूलक आयोजनाहरूको रचना एवं कार्यान्वयन गर्न र
  - ग्रामीण महिला तथा तिनका परिवारका अभिव्यक्त आवश्यकता पूरा गर्ने गरी खानेपानी, अनौपचारिक शिक्षा, स्वास्थ्यजस्ता सामुदायिक विकासका आयोजनाहरूको योजना तथा कार्यान्वयनमा अरू सरकारी निकायहरूसँग सहभागी हुन ।[२१]

पछि संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (United States Agency for International Development – USAID), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development – IFAD) र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (United Nations Population Fund – UNFPA) पनि कार्यक्रममा संलग्न भए ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोग राप्ती एकीकृत ग्रामीण विकास आयोजनाअन्तर्गतका ५ जिल्लामा सीमित थियो । आव २०४०/४१ मा दाङबाट सुरू गरेर २०४२/४३ सम्ममा पाँचवटै जिल्ला लिइएका थिए । नियोगले सन् १९९५ सम्म कार्यक्रमलाई सहयोग गरेको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय कृषि विकास कोषको संलग्नता आव २०४४/४५ देखि भयो । प्रारम्भमा ६ जिल्ला लिइएका थिए । क्रमशः आव २०४९/५० सम्मका कोषको सहयोगमा १५ जिल्लामा कार्यक्रम फैलियो । कोषको सहयोगका दुई पक्ष – ऋण र सामुदायिक विकास – थिए । दुबै पक्ष एकीकृत गरेर १५ जिल्लामा कार्यक्रम चलेको थियो । ऋणमात्र भने थप ४० जिल्लामा पनि उपलब्ध थियो । सन् १९९७

[२१] Production Credit for Rural Women: An Impact Evaluation Study (काठमाडौँ, महिला तथा विकास केन्द्र र संयुक्त राष्ट्रसङ्घीय बालकोष, १९८९), पृ. २३-२४ ।

को डिसेम्बरसम्म कोषको सहयोग जारी रह्यो ।

त्यस्तै, आव २०४५/२६ देखि संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले पनि कार्यक्रमको ढाँचाअन्तर्गत जनसङ्ख्या शिक्षा तथा प्रजनन स्वास्थ्यतर्फ सहयोग गर्न थाल्यो ।

राष्ट्रिय बैङ्कहरूको स्रोतको उपयोग, बहुसाझेदारको सहयोग र कतिपय संलग्न साझेदारको मिल्दोजुल्दो सहयोगको निरन्तरताका कारण कार्यक्रमको क्षेत्र र सम्पन्नताका बारेमा द्विविधा पनि छ । यदाकदा महिला विकास कार्यक्रम भन्नु नै उत्पादन ऋण कार्यक्रम हो भन्ने बुझाइ छ, जुन प्रस्टता होइन । जे होस्, संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा विस्तारित ३८ जिल्ला, अमेरिकी विकास नियोगको सहयोगप्राप्त ५ जिल्ला र अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋणका साथै सामुदायिक विकासतर्फ सहयोग मिलेका १५ जिल्ला गरी जम्मा ५८ जिल्लामा उत्पादन ऋण कार्यक्रम लागू भएको थियो भन्न सकिन्छ ।

त्यस्तै, अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण सहायता (Loan: 208-NE) सकिएको समय सन् १९९७ डिसेम्बरलाई नै उत्पादन ऋण कार्यक्रम सम्पन्न भएको समय मान्न सकिन्छ । संयुक्त राष्ट्रसङ्घीय बालकोषको तर्फबाट सन् १९९७ जनवरीदेखि नै २००१ सम्ममा लागि (उत्पादन ऋण कार्यक्रम नभनी) महिला तथा परिवार केन्द्रित कार्यक्रमअन्तर्गत महिला सशक्तीकरण आयोजनाका लागि सहयोग प्राप्त हुने भएको थियो ।[२२] संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको सहयोग सामाजिक परिचालनमै नभएर त्यसमा एकीकृत थियो ।

यसरी २०३९ सालको प्रारम्भ देखि २०५४ सालको मध्यसम्म पुगनपुग १५ वर्ष उत्पादन ऋण कार्यक्रम चल्यो ।

## ३.२ रचनात्मक परिवर्तन

### ३.२.१ सङ्गठन

मन्त्रालयस्थित शाखाबाट सोझै समुदायमा कार्यक्रम सञ्चालन गर्ने कुरै आएन । जहाँ-जहाँ कार्यक्रम लागू भयो तहाँ-तहाँ शाखा खोलेर कार्यान्वयन व्यवस्था मिलाइयो । स्थानीयस्तरका शाखाहरू जिल्ला सदरमुकाममा नभएर कार्यक्रमस्थलमै खोलिन्थ्ये । महिला विकास अधिकृतलगायत सबैजना गाउँमै बसेर कार्यक्रम चलाइन्थ्यो । पहिले लिइएको कार्यक्षेत्रमा दुई वर्ष काम गरेपछि अन्यत्र पनि कार्यक्रम विस्तार गर्ने अनि मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ताहरूलाई तहीँ राखेर जतातत‌ै सुपरिवेक्षण गर्न सक्ने गरी महिला विकास अधिकृत सदरमुकाममा सर्ने योजना थियो ।[२३] विभिन्न कारणले व्यवहारमा भने प्रायः पछिसम्म शाखाहरू गाउँमै रहे ।

जे होस्, कार्यक्रमलाई पच्छ्याउँदै शाखाहरू खडा हुँदै गए र आव २०५७/५८ सम्ममा ७५ वटै जिल्लामा पुगे (तालिका ७) ।

यता केन्द्रमा २०४७ साल (१९९० ई.) मा महिला विकास शाखाको स्तरोन्नति गरी महाशाखा बनाइयो भने २०५६ सालमा उक्त महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला, बालबालिका तथा

---

२२ हेर्नुहोस्, Women Development Programme: Annual Progress Report 2000/01 (ललितपुर, महिला विकास विभाग), पृ. १३-१६) ।

२३ हेर्नुहोस्, पाद टिप्पणी २१ मा उल्लिखित प्रकाशन, पृ. ३३ ।

समाजकल्याण मन्त्रालयअन्तर्गत राखियो । नेपाल सरकारको निर्णयबाट मिति २०५७/३/२६ देखि महिला विकास महाशाखा महिला विकास विभागमा र २०६७/६/१२ मा महिला तथा बालबालिका विभाग अनि मिति २०६०/१२/२६ को निर्णयबाट जिल्लास्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०६७/६/१२ मा महिला तथा बालबालिका कार्यालयमा परिणत गरियो ।

**कार्यक्षेत्र**

विभागको स्थापना हुँदा विभागलाई प्रदान गरिएको कार्यक्षेत्र निम्नानुसार छ :

- महिला विकाससम्बन्धी स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने;
- महिला विकाससम्बन्धी नीति एवं कानुनको तर्जुमाका लागि मन्त्रालयलाई सहयोग पुऱ्याउने;
- महिला विकाससम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने;
- महिलाहरूका लागि आवश्यक सीपमूलक तालिम एवं प्रशिक्षण सञ्चालन गर्ने;
- महिला सशक्तीकरणसम्बन्धी कार्यहरू गर्ने;
- चेलीबटी वेचविखन नियन्त्रण, देह व्यापार, घरेलु हिंसा एवं महिलाविरुद्ध हुने अपराध नियन्त्रणसम्बन्धी कार्य गर्ने;
- महिलासम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनसम्बन्धी कार्य गर्ने र
- महिला विकाससम्बन्धी सूचना सङ्कलन एवं प्रकाशन गर्ने ।

**थप जिम्मेवारी**

विकेन्द्रित विकास प्रक्रियाअनुरूप स्थानीयस्तरको योजना तर्जुमा एवं कार्यान्वयन, पुनरावलोकनका सबै चरणमा लैङ्गिक समता अभिवृद्धि तथा बालअधिकारको मूलप्रवाहीकरणका सिलसिलामा आवश्यक समन्वयका साथै सहजकार्यका लागि नेपाल सरकारको २०६० साल साउन ५ गतेको निर्णयबाट जिल्लास्थित महिला तथा बालबालिका कार्यालयलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्कसूत्र, सहजकर्ताको भूमिका निभाउने सम्पर्क निकाय (Focal Agency) तोकिएको छ । महिला तथा बालबालिका कार्यालयलाई प्राप्त यो कार्यजिम्मेवारी (Mandate) का सन्दर्भमा विभाग एवं अन्तर्गतका कार्यालयहरूको भूमिका मुख्यतया दुई प्रकारको भएको छ :

- कार्यक्रम कार्यान्वयनकर्ता
- समन्वयकर्ता, सम्पर्कसूत्र र सहजकर्ताको कार्य गर्ने सम्पर्क निकाय ।

## ३.२.२ कार्यक्रम

विकासमा महिलाको सोचबाट विकासमा लैङ्गिक पहुँचको सोचसम्म आइपुग्दा महिला विकास कार्यक्रमको स्वरूपमा पनि निकै अन्तर आएको छ। यता खास गरी लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणका आयाम थपिएका छन् भने अर्थोपार्जनका क्रियाकलाप आयआर्जनको परिप्रेक्ष्यबाट व्यवसायीकरणको परिप्रेक्ष्यमा सञ्चालित छन् । त्यस्तै, लक्ष्यित समूहको परिभाषा, सशक्तीकरणको न्यूनतम स्तर, सञ्चालक विचार (Governing ideas) लगायतमा पनि समयसापेक्ष परिवर्तन गरिएको छ ।

### ३.२.२.१ लक्ष्यित समूह

**परिभाषा**

ग्रामीण क्षेत्रका २० वर्षमाथिका विपन्न महिलामा महिला विकास कार्यक्रम लक्ष्यित छ ।

'विपन्न महिला' भन्नाले तल उल्लिखित कुनै एक वा दुबै अर्थमा वञ्चित महिला सम्झनुपर्दछ :

- कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म उत्तीर्ण गर्न नसकेका शैक्षिक रूपमा वञ्चित र
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्षदिन खान नपुग्ने परिवारका आर्थिक रूपमा वञ्चित ।

**आकार**

राष्ट्रिय जनगणना, २०५८ र नेपाल जीवनस्तर मापन सर्भेक्षण, २०६०/६१ बाट प्राप्त तथ्याङ्कका आधारमा महिला विकास कार्यक्रमको लक्ष्यित समूहको सङ्ख्या पुगनपुग ३८ लाख ८० हजार देखिएको छ ।

### ३.२.२.२ आयाम र प्राथमिकता

लक्ष्यित महिलाको न्यूनतम सशक्तीकरणको स्तर हासिल गर्ने गरी महिला विकास कार्यक्रममा तीनवटा आयाम र पाँचवटा प्राथमिकता छन् :




### ३.२.२.३ सशक्तीकरणको न्यूनतम स्तर

लक्ष्यित महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा न्यूनतम स्तर देहायबमोजिम निर्धारण गरिएको छ :

- **लैङ्गिक समता** : छेकबारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन, पारिवारिक एवं सामुदायिक सकारात्मक कार्य (Affirmative actions);
- **प्रजनन स्वस्थता** : प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता;
- **जीवनोपयोगी शिक्षा** : आफूलाई व्यक्त गर्ने, अर्काका कुराको परख गर्ने, निर्णय लिने आत्मविश्वास;

- **पुगीसरी सम्पन्नता** : वर्षैभरि खान पुग्ने आयस्रोत, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत र
- **संस्थागत सहभागिता** : बाहिरी सञ्चार, विस्तारित साथ, आवश्यकताअनुसार नेतृत्व वा अनुयायित्व (Followership) वहन गर्ने सक्रियतासहित सामुदायिक सङ्गठनको सदस्यता ।

### ३.२.२.४ सञ्चालक विचार (Governing ideas)

महिला विकास कार्यक्रम देहायका विचारबाट सञ्चालित हुन्छ :

**परिकल्पना (Vision)**

समतामय सम्पन्न समुदाय

**ध्येय (Mission)**

सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

**मूल्य (Values)**

- स्वावलम्बन
- एकता
- सहभागिता
- समता
- इमान
- स्थानीयता
- छर्लङ्गता
- भूलसहनशीलता ।

### ३.२.२.५ रणनीति

**क. मूलप्रवाहीकरण**

- **फराकिलो कार्यसञ्जाल** : लैङ्गिक समानता एवं बालअधिकारको सुनिश्चितताका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्रका सबै सरोकारवालामाझ सञ्जाल बनाएर सहकार्य गरिनेछ ।
- **स्थानीय निकायको नेतृत्व** : समन्वय समितिको अध्यक्षतालगायत लैङ्गिक तथा बालअधिकारको विकेन्द्रित मूलप्रवाहीकरणका समस्त प्रक्रियामा स्थानीय निर्वाचित निकायकै नेतृत्व रहने गरी सहजीकरण गरिनेछ ।
- **सञ्जाल सदस्यको स्वामित्व** : लैङ्गिक तथा बालअधिकारका मुद्दाहरूलाई पहिल्याउने एवं संवोधन गर्ने सिलसिलामा सहभागितात्मक लेखाजोखा विधि अवलम्बन गर्नुका साथै अग्रसरताको स्वामित्व सम्बन्धित सञ्जाल सदस्यमै रहने गरी साझेदारी गरिनेछ ।
- **क्षेत्रगत प्रभावको प्रक्षेपण** : क्षेत्रगत उद्देश्यको परिप्राप्तिमा लैङ्गिक मूलप्रवाहीकरणको प्रभाव प्रक्षेपण हुने गरी अधिवाचन गरिनेछ ।

- **कार्यक्षेत्रको सीमाङ्कन** : सञ्जाल सदस्यको कार्यक्षेत्रमा प्रवेश नगरी मूलप्रवाहीकरणमा समन्वय गरिनेछ तथा बालअधिकारको क्षेत्रमा केन्द्रीय वा जिल्ला बालकल्याण समितिबाट सम्पादन हुने कार्यहरूका हकमा दोहोरो नपर्ने गरी सहयोगी भूमिका निभाइनेछ ।

**ख. सशक्तीकरण**

- **महिलामात्रको समूहीकरण** : विपन्न महिलालाई मौजुदा लैङ्गिक छेकबार पन्छाउन, सशक्तीकरणको प्रक्रियामा सरीक हुन र पछिसम्म आफ्ना हितका पक्षमा स्व-विवेकमा निर्णय गरी सिक्दै जान सुविस्ता होस् भनी महिलामात्रको समूह बनाइनेछ ।

- **सहकारी माध्यमको अवलम्बन** : स्वावलम्बन र पारस्परिकताको भावनाले समूह सदस्यको उत्तरोत्तर उन्नतिका लागि सर्वमान्य सहकारी सिद्धान्तअनुसार संस्थागतीकरण गरिनेछ, जसअन्तर्गत छिमेकका समूहलाई क्रमशः वडा अनि गाविसस्तरमा सङ्गीकरण गरेर वडास्तरमा सम्पूर्ण समूह सदस्यको नियमित बैठक बस्ने गरी सहभागिताको मञ्च बनाइनेछ ।

- **पुरुषजनको सहभागिता** : सल्लाहकार समितिमा प्राथमिकता दिनुका साथै लैङ्गिक प्रशिक्षणलगायतका विभिन्न क्रियाकलापमा समूह सदस्य परिवारका पुरुष सहकर्मी एवं समुदायका अरू पुरुष शुभचिन्तकहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

- **लक्ष्यित महिलाको अग्रसरता** : सशक्तीकरणको प्रयोजनार्थ लक्ष्यित महिलालाई नै कार्यकर्ताको हैसियतमा अघि सार्नुका साथै आवश्यकतामा आधारित छनौटलाई प्रभावित नपार्ने गरी सहायता प्रदान गरिनेछ ।

- **स्वतन्त्र स्रोतको परिचालन** : विपन्न महिलाको सिर्जनशीलता प्रोत्साहित गरिराख्न स्वतन्त्र स्रोत खोजिनेछ, जसअनुसार ऋण, बचत वा वित्तीय दवाव बढी भएका अन्य स्रोतभन्दा अंशधन (Share capital), बीउपुँजी वा वित्तीय दवाव घटी भएका अन्य स्रोतलाई प्राथमिकता दिइनेछ ।

- **विद्यालयविमुख किशोरीको सम्मिलन** : जोखिममा रहेका विद्यालयविमुख किशोरीलाई भावी समूह सदस्यको रूपमा हेरी महिला समूहसँग गाँसेर किशोरी वृत्त बनाइनेछ ।

- **विपन्नतामै व्यावसायिक समूह** : स्व-रोजगारीलाई विपन्नताको निकाश मानी विपन्न महिलामा केन्द्रित भएर व्यावसायिक समूह विकास गरिनेछ ।

- **सामुदायिक सम्बन्धन विस्तार** : प्राकृतिक स्रोतको जगेर्ना, ऐतिहासिक सम्पदाको संरक्षण, साना पूर्वाधार सिर्जनाजस्ता रचनात्मक अग्रसरता लिनुका साथै सामुदायिक स्रोतको उपयोग, लैङ्गिक मुद्दामा वहस, सार्वजनिक लेखापरीक्षणलगायतका गतिविधिबाट महिला सशक्तीकरणमा सामुदायिक अंशियारी बढाइनेछ ।

- **समायोजित सामाजिक परिचालन** : निर्धारित सूचकाङ्कका आधारमा लक्ष्यित समूहको संस्थागत विकासको स्तरअनुसार सामाजिक परिचालनमा संलग्नता समायोजन गरिनेछ ।

**ग. समावेशीकरण**

- **पहुँचमा प्राथमिकता** : आर्थिकका साथै सामाजिक पक्षलाई हेरी लक्ष्यित महिलाको विपन्नताको तहअनुसार प्रदत्त सेवा, टेवामा प्राथमिकताको क्रम कायम गरिनेछ ।

- **समूहीकरणमा अभिन्नता** : एकल, अपाङ्गता भएका, दलित समुदायका महिलालगायत वञ्चितीकरणमा परेका महिलाको छुट्टै समूहीकरण नगरेर मूलधारमै सम्मिलित गरी सामाजिक पुँजी बढाइनेछ ।
- **पोकाबन्दीमा पृथक्ता** : सामाजिक परिचालनको नियमित प्रक्रियामा पहुँच स्थापना गर्न नसकिरहेका खास अवस्थाका बहुविपन्न महिलाका लागि सशर्त नगद हस्तान्तरण (Conditional cash transfer) को मान्यतामा संवोधक क्रियाकलापहरू छुट्टै पोकाबन्दी गरिनेछन् ।

### ३.२.२.६ कार्यान्वयन

महिला विकास कार्यक्रम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको मार्गदर्शनमा महिला तथा बालबालिका विभाग र अन्तर्गतका जिल्लास्थित कार्यालयमार्फत कार्यान्वयन गरिन्छ ।

स्थानीयस्तरमा महिला तथा बालबालिका कार्यालयको भूमिका देहायबमोजिम हुन्छ :

- लक्ष्यित विपन्न महिलाको सशक्तीकरणका लागि समुदाय तहमै प्रत्यक्ष सामाजिक परिचालन;
- विकेन्द्रित विकास प्रक्रियामा लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरणमा सहजीकरण र
- बालबालिकाका साथै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं गैरसरकारी सङ्गठनका लागि सम्पर्क सेवा ।

कार्यक्रमअन्तर्गत समुदाय तहका विभिन्न क्रियाकलाप सञ्चालन गर्दा यथाशक्य प्रवर्धित महिला संस्थाकै माध्यम अपनाइन्छ ।

जिल्ला तहमा महिला तथा बालबालिका सेवा केन्द्रको सञ्चालनजस्ता क्रियाकलापमा विशेषीकृत सामाजिक संस्थाहरूसँग साझेदारी गरिन्छ ।

### ३.२.२.७ मूल्याङ्कन

महिला विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन ५-५ वर्षको अन्तःरालमा खास गरी समूह सदस्यको न्यूनतम सशक्तीकरणको स्तर हासिल भयो, भएन भन्ने आधारमा गरिनेछ । प्रतिफल तहमा लक्ष्यित महिलाको साङ्गठनिक विकास, गतिशीलता र उपादेयता सालबसाली हेरिनेछन् । प्रतिफल मूल्याङ्कनको प्रयोजनार्थ साङ्गठनिक मानचित्रका साथै अभिकार्य एवं अभिप्राप्ति सूचकाङ्क उपयोग गरिनेछन् ।

### क. साङ्गठनिक मानचित्र

प्रत्येक गाविसमा लैङ्गिक समताको ध्वजावाहक महिला संस्था हुनेछ, जुन-

- सदस्यको अर्थोपार्जनमा सहयोगी;
- व्यावसायिक मानकहरूको प्रवर्तक;
- स्वावलम्बनको पर्यायवाची;
- सामाजिक परिवर्तनको शक्ति;
- महिला सुरक्षाको पहरेदार;
- सहकारी सिद्धान्तको परिपालक र
- सहभागिताको सुगम मञ्च हुनेछ ।

## ख. अभिकार्य सूचकाङ्क

समूह सदस्यको व्यक्तिगत, सामूहिक वा संस्थागत अभिकार्य दुई पूरा वर्षको समय सन्दर्भमा देहायबमोजिम हेरिनेछ :

| सूचक | परिभाषा | मान | | | | |
|---|---|---|---|---|---|---|
| १. सक्रियता | नभनिएको कार्य सम्पादन | १ (अज्ञात) | २ (केही न केही) | ३ (केही) | ४ (अलिक) | ५ (प्रसस्त) |
| २. सरोकार | अनिर्धारित बैठकमा उपस्थिति | १ (अज्ञात) | २ (अक्कल-झुक्कल) | ३ (आधासरो) | ४ (प्रायः) | ५ (जहिलेसुकै) |
| ३. सम्पर्क | नसोधिएको विषयमा सोधीखोजी | १ (अज्ञात) | २ (अक्कल-झुक्कल) | ३ (बेला-बखत) | ४ (प्रायः) | ५ (नियमित) |
| ४. सिको | अर्काको अनुकरण | १ (अज्ञात) | २ (केही न केही) | ३ (केही) | ४ (अलिक) | ५ (प्रसस्त) |
| ५. सिक्लाइ | आफ्नो प्रयोग | १ (अज्ञात) | २ (केही न केही) | ३ (केही) | ४ (अलिक) | ५ (प्रसस्त) |
| **सूचकाङ्क** | १ देखि ५ सम्मको जोड | ५-२५ अङ्क | | | | |

**श्रेणीकरण**

- ५-११ = उपचारार्थी
- १२-१८ = सहभागी
- १९-२५ = अभिकर्ता

**अभिकार्य सञ्चार** = १५

## ग. अभिप्राप्ति सूचकाङ्क

लक्ष्यित महिलाको न्यूनतम सशक्तीकरणको स्तर प्राप्तिमा सामाजिक परिचालनको प्रभावकारिता प्रवर्धित संस्थाको रेखाङ्कनमा देहायबमोजिम निर्धारण गरिनेछ :

| सूचक | सूत्र | मान |
|---|---|---|
| १. सञ्चिति | प्रतिसदस्य नियमित बचत रु. (जम्मा रु. / सदस्य सङ्ख्या) ÷ रु. ६,७६० वा प्रतिसदस्य नियमित बचतमा जुन बढी हुन्छ सो × १०० | ०–१००% |
| २. स्वामित्व | सदस्यको पुँजी रु. (शेयरपुँजी रु.+ जगेडा कोष रु. + घाटापूर्ति कोष रु.) ÷ जम्मा स्रोत रु. (सदस्यको पुँजी रु. + सदस्यको बचत रु. + अन्यत्रको ऋण रु.) × १०० | ०–१००% |
| ३. सदस्यतर्फी नगदप्रवाह | पछिल्लो वर्षमा संस्थाबाट सदस्यतर्फ गएको नगद रु. ÷ पछिल्लो वर्षको जम्मा नगद प्रवाह (संस्थाबाट सदस्यतर्फ गएको + सदस्यबाट संस्थातर्फ आएको) रु. × १०० | ०–१००% |
| ४. स्रोत परिचालन | भाखा ननाघेको ऋण रु. ÷ जम्मा लगानीमा रहेको ऋण रु. × १०० | ०–१००% |
| ५. सामेली | सदस्य सङ्ख्या ÷ कार्यक्षेत्रका २० वर्षमाथिका जम्मा महिला सङ्ख्या - प्रवेशिका परीक्षा उत्तीर्ण महिला सङ्ख्या × १०० | ०–१००% |
| ६. नवपुस्ताको सम्मिलन | ३२ वर्ष ३ महिनामुनिका सदस्य ÷ जम्मा सदस्य × १०० | ०–१००% |

| | | |
|---|---|---|
| ७. सहभागिता | समितिको पछिल्लो बैठकमा उपस्थित सदस्य / तत्कालीन जम्मा समूह सदस्य × १०० | ०–१००% |
| **सूचकाङ्क** | १ देखि ७ सम्मको जोड / ७ | ०–१००% |

श्रेणीकरण

- ३० भन्दा तल = सङ्कटापन्न
- ३०-४४ = साधारण
- ४५-५९ = उत्तम
- ६०-७४ = अत्युत्तम
- ७५ देखि माथि = असाधारण

**अभिप्राप्ति सङ्कार = ६०**

## ३.३ हालसम्मको प्रगति

### ३.३.१ फैलावट

त्यसो त, महिला तथा बालबालिका विभागअन्तर्गत सञ्चालित जुनसुकै कार्यक्रम महिला विकास कार्यक्रम हो र महिला विकास कार्यक्रमअन्तर्गत नै पर्दछ । सुरू-सुरूमा महिला विकास कार्यक्रम आयोजनाहरूको सङ्गालोजस्तै थियो । खास गरी सन् १९९७ को डिसेम्बरमा ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम सम्पन्न भएपछि महिला विकास कार्यक्रमको मूलधार प्रकट भयो । महिला सशक्तीकरणका विभिन्न पक्षमा आयोजना थपिने र सम्पन्न हुने सिलसिला त अद्यापि छँदैछ । जे होस, आव २०३९।४० मा पाँच जिल्लाबाट थालिएको कार्यक्रम क्रमशः २०५७/५८ सम्म ७५ वटै जिल्लामा पुगेको छ (तालिका ७) ।

**तालिका ७ : महिला विकास कार्यक्रमको विस्तार**

| आ. व. | जिल्लाको सङ्ख्या | जिल्लाको नाम |
|---|---|---|
| २०३९/४० | ५ | धादिङ, तनहुँ, स्याङ्जा, नवलपरासी र सुर्खेत |
| २०४०/४१ | ७ | झापा, इलाम, उदयपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, पाल्पा र दाङ |
| २०४१/४२ | १३ | मोरङ, दोलखा, मकवानपुर, गोरखा, लमजुङ, मुस्ताङ, म्याग्दी, रूपन्देही, कपिलवस्तु, सल्यान, प्युठान, डोटी र कैलाली |
| २०४२/४३ | ७ | सर्लाही, बारा, काठमाडौँ, सुनसरी, रुकुम, रोल्पा र कञ्चनपुर |
| २०४३/४४ | १ | दैलेख |
| २०४४/४५ | ९ | ताप्लेजुङ, पाँचथर, रामेछाप, सिन्धुली, महोत्तरी, जुम्ला, बाजुरा, अछाम र डडेल्धुरा |
| २०४५/४६ | ७ | पर्सा, रौतहट, गुल्मी, अर्घाखाँची, बझाङ, बैतडी र दार्चुला |
| २०४९/५० | १५ | सिराहा, सप्तरी, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, धनुषा, चितवन, ललितपुर, कास्की, बाँके र बर्दिया |
| २०५२/५३ | ३ | भक्तपुर, पर्वत र बाग्लुङ |
| २०५७/५८ | ८ | नुवाकोट, रसुवा, मनाङ, जाजरकोट, डोल्पा, हुम्ला, मुगु र कालिकोट |
| **जम्मा** | **७५** | |

आ.व. २०५६।५७ देखि महिला विकास कार्यक्रमको देशव्यापी विस्तार प्रयासमा महिला जागृति तथा आयआर्जन कार्यक्रम लागू भयो । महिला जागृति तथा आयआर्जन कार्यक्रम अभियानसरि धेरै गाविसमा लागू भएको र कार्यान्वयन विधि (Modality) का केही पक्षमा साबिकको कार्यक्रमभन्दा अलि फरक भएकाले उक्त कार्यक्रमलाई अलग्गै पनि चिन्न थालियो । भनाइको अर्थ, साबिकको कार्यक्रमलाई महिला विकास कार्यक्रम र नयाँ कार्यक्रमलाई महिला जागृति तथा आयआर्जन कार्यक्रम भनी छुट्याउने चलन चल्यो ।

महिला जागृति तथा आयआर्जन कार्यक्रम देशका ७५ जिल्लाका २०५ वटै निर्वाचन क्षेत्रका ९०५ गाविससम्म पुग्यो । कार्यक्रम लागू गर्दा ५ वर्षभित्र ३,९१५ गाविस नै समेट्ने उच्च आकांक्षा राखिएको भए तापनि स्रोतको विनियोजन गर्दा सोअनुरूप हुन नसकेका कारण दोस्रो वर्षदेखि कार्यक्रम विस्तार भएन ।

महिला विकास कार्यक्रम र महिला जागृति तथा आयआर्जन कार्यक्रम दुबैका उद्देश्य विपन्न महिलाहरूको आर्थिक, सामजिक विकास गर्नु नै भएको र अन्तर्गतका क्रियाकलाप पनि एकै प्रकृतिका भएका हुनाले ती दुबै कार्यक्रमलाई एकीकृत गर्ने निर्णय भए अनुरूप आ.व. २०६२।६३ देखि महिला विकास कार्यक्रम नै एकीकृत कार्यक्रमको रूपमा सञ्चालित छ ।

आ.व. २०६७।६८ सम्म ३,३६० गाविस र ३७ नगरपालिकासमेतका १९,५०७ वडामा महिला विकास कार्यक्रमको क्षेत्र विस्तार भैसकेको छ । प्रकारान्तरले अझै ५५५ गाविसमा कार्यक्रम पुऱ्याउन नसकिएको अवस्था छ । महिला विकास कार्यक्रमको क्षेत्र विस्तारको जिल्लागत विवरण **अनुसूची १** मा दिइएको छ ।

### ३.३.२ लक्ष्यित समूह सहभागिता

महिला विकास कार्यक्रमबाट प्रवर्धित १,०७,९५८ महिला समूहमा ६,५३,०८३ सदस्यहरू छन् । समूहमा आबद्ध कुल सदस्यमध्ये १६.२४ प्रतिशत दलित, ३३.६१ प्रतिशत जनजाति र ५०.१५ प्रतिशत अन्य समुदायका महिलाहरू छन् । यसरी समाजमा आर्थिक, सामाजिक रूपले पिछडिएका अतिविपन्न वर्गका महिलाको मूलप्रवाहीकरण गर्ने महिला विकास कार्यक्रमको समावेशी प्रकृति झल्किन्छ ।

टोल-टोलमा समूह, वडा-वडामा समिति र गाउँ-गाउँमा संस्था गठन गरी सङ्घीकरणको जगलाई आर्थिक, सामाजिक रूपले बलियो बनाउने अभियानअनुरूप १,०७,९५८ समूहबाटै ११,०४९ समिति र १,४३० संस्थाहरू गठन भएका छन् । ती समूह, समिति, संस्थाले आयआर्जन, बचत सङ्कलन र परिचालन तथा सामुदायिक विकासका कार्यमा भूमिका लिएका छन् । कार्यक्रमको अभाव वा अन्य विभिन्न कारणले निष्क्रिय रहेका समूहको सङ्ख्या ५,५४८ छ, जसलाई पुनः क्रियाशील तुल्याउने किसिमले प्रयास भैरहेको छ ।

समूह सङ्ख्याको अनुपातमा समिति सङ्ख्या न्यून छ, जसलाई विसङ्गतिको रूपमा लिनुपर्ने हुन्छ । यसो हुनुमा संस्था दर्ता भैसकेपछि समितिको भूमिकालाई कतिपय स्थानमा गौण देख्नु पनि हो । संस्था दर्ता भैसकेपछि समूहको बचतलाई संस्थामा एकीकरण गरी आर्थिक, सामाजिक क्रियाकलापमा समितिलाई समूह र संस्थाबीचको कडीको भूमिकामा प्रतिस्थापित गर्न सदस्य समुदायलाई अभिप्रेरित गरिएको छ । महिला विकासका समूह सङ्ख्या, समूहमा आबद्ध सदस्य सङ्ख्या, निष्क्रिय समूह, समिति र संस्थाको जिल्लागत विवरण **अनुसूची २** मा दिइएको छ ।

कार्यक्रममा गोलबन्द लक्ष्यित समूहलाई कानुनी हैसियतसमेत दिलाई दिगो संस्थागत विकास गर्न र आर्थिक क्रियाकलाप सञ्चालन गर्न सक्ने तुल्याउन सहकारी संस्थाको रूपमा दर्ता हुन प्रोत्साहन दिने

गरिएको छ। सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएका महिला विकास कार्यक्रमबाट प्रवर्धित संस्थाको सङ्ख्या १,३२३ पुगिसकेको छ भने १०७ संस्था दर्ताको क्रममा रहेका छन्।

### ३.३.३ बचत परिचालन

विपन्न महिलालाई स्थानीय साहुकारको चक्रवृत्ति व्याजको मारबाट पार पाउन, गर्जो टार्न र सानातिना उद्यम, व्यवसाय चलाउन सक्ने बनाउनका लागि समूह बचत परिचालन कार्य जारी छ। कार्यक्रमको थालनीका समयमा बैङ्कको कर्जा प्राप्ति तथा नियमित कर्जा असूलीमा निश्चितताका लागि पनि बचतको व्यवस्था गरिएको थियो। नियमित बचत गर्ने बानीको विकास भएपछि बैङ्कको मात्र भर नपरी आफ्नै बचतबाट दैनिक व्यवहार चलाउन र ग्रामीण व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजीको माग पूरा गर्न सकिएको पनि छ।

नियमित बचतकै परिणामस्वरूप महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित समूह, समिति र संस्था तहमा समेत जम्मा रु. १ अर्व २० करोड ३३ लाख बचत सङ्कलित छ। सङ्कलित बचतमध्ये रु. ९ करोड ५३ लाख समूहमा, रु. १२ करोड ७० लाख समितिमा र रु. ९८ करोड १० लाख संस्थाको तहमा रहेको छ। संस्था गठन नभएसम्म समूह, समितिमा बचत जम्मा गरे तापनि संस्था गठन र दर्तापश्चात् संस्थामा बचत एकीकरण गर्दा बढी प्रभावकारी हुने भएकोले संस्थामा बचत एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

बचत सङ्कलन एउटा पाटो हो भने त्यसको उच्चतम परिचालन अर्को। कुल बचतमध्ये रु. १ अर्व १८ करोड ९ लाख लगानीमा परिचालित अवस्थामा रहेको पाइएको छ। **अनुसूची ३** मा विभिन्न तहमा सङ्कलित बचत र लगानीमा रहेको बचतको जिल्लागत विवरण दिइएको छ।

### ३.३.४ चालुकोष परिचालन

बैङ्क वा अन्य संस्थागत स्रोतबाट पूरा नहुने समूह सदस्यका तात्कालिक सामाजिक एवं खायन (Consumption) ऋण आवश्यकता पूरा गर्न चालुकोष (Revolving Funds) को विचार गरिएको हो।[२४] यता महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित समूहहरूको वित्तको वैकल्पिक स्रोतको रूपमा चालुकोषलाई लिइएको छ। चालुकोषलाई महिला समिति, संस्थाअन्तर्गत परिचालित बचत सुरक्षित गर्ने वित्तीय साधनको रूपमा पनि हेर्न सकिन्छ।

नेपाल सरकारका साथै विभिन्न दातृ-स्रोतबाट प्राप्त रकम कोषमा जम्मा गरिन्छ। नेपाल सरकारबाट स्वीकृत चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका, २०६० अनुसार प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय अनि केन्द्रमा विभागबाट कोषको सञ्चालन व्यवस्था मिलाइन्छ भने लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिन्छ।

कोषबाट महिला तथा बालबालिका कार्यालयले जिल्लाभित्रका महिला समिति, संस्थालाई प्राथमिकताका आधारमा बीउपुँजी प्रदान गर्दछ। बीउपुँजीको व्याज २ प्रतिशत छ र ३ वर्षपछि सो फिर्ता गर्नुपर्ने प्रावधान छ। महिला समिति, संस्थाको कार्य हेरेर अरू २ वर्ष म्याद थप गर्न पनि सकिन्छ। महिला

[२४] Women Development Programme: Progress Report Fiscal Year 1995/96 (ललितपुर, महिला विकास महाशाखा), पृ. २३।

समिति, संस्थाले बीउपुँजीबाट आफ्ना सदस्यहरूलाई ऋण प्रदान गर्दछन् ।

आ.व. २०४४/४५ देखि नै १० जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूमा परीक्षणको रूपमा चालुकोषको व्यवस्था गरिएको हो । आ.व. २०४८/४९ मा कोषका लागि संयुक्त राष्ट्रसङ्घीय बालकोषले एकैपल्ट २३ जिल्लामा ५० हजारका दरले रकम उपलब्ध गराएको थियो । कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को तर्फबाट आ.व. २०५१/५२ मा गोरखा र आ.व. २०५२/५३ मा म्याग्दीका लागि रु. १०-१० हजार अनि आ.व. २०५३/५४ मा १८ जिल्लामा २० देखि ५० हजारसम्म दिइएको र क्रमश: ५२ जिल्लामा कोषको व्यवस्था गरिएको देखिन्छ । त्यस्तै, जर्मन प्राविधिक सहायता नियोग (GTZ) ले गोरखा र धादिङ दुई जिल्लामा चालुकोष स्थापनाका लागि रु. ९५ हजार सहयोग गरेको थियो । आ.व. २०५५/५६ मा संयुक्त राष्ट्रसङ्घीय बालकोषले तनहुँ र नवलपरासीका लागि रु. १६ लाख चालुकोषमा थपेको थियो ।

चालुकोषबाट प्राप्त बीउपुँजी विनियोजनको अधिकार (Power to appropriate resources) महिला समिति, संस्थालाई नै भएको तथा त्यस्तो बीउपुँजीले विभिन्न अर्थमा टेवा पुऱ्याएकोले जिल्लाहरूबाट चालुकोष थप गर्न माग भइआएको सन्दर्भमा नेपाल सरकारबाट स्रोतको उपलब्धताको आधारमा विभिन्न समयमा रकम विनियोजन हुँदैआएको छ ।

आ.व. २०५७/५८ मा २५ जिल्लाका लागि रु. ४६ लाख ३३ हजार १ सय ५०, आ.व. २०५८/५९ मा ७५ जिल्लाका लागि रु. १२ लाख ३६ हजार, आ.व. २०६०/६१ मा ७५ जिल्लाका लागि रु. १९ लाख २० हजार, आ.व. २०६१/६२ मा ४६ जिल्लाका लागि रु. ६४ लाख ४४ हजार, आ.व. २०६२/६३ मा २१ जिल्लाका लागि रु. २१ लाख (DACAW कार्यक्रमअन्तर्गत) र आ.व. २०६३/६४ मा १५ जिल्लाका लागि रु. ६० लाख चालुकोषमा थप गरिएको थियो । त्यस्तै, आ.व. २०६४/६५ मा ४८ जिल्लाका लागि रु. ४८ लाख, आ.व. २०६५/६६ मा २० जिल्लाका लागि रु. २२ लाख ५० हजार, आ.व. २०६६/६७ मा ७४ जिल्लाका लागि रु. ३० लाख र आ.व. २०६७/६८ मा २१ जिल्लाका लागि रु. १२ लाख ४० हजार चालुकोषतर्फ रकम विनियोजन गरिएको थियो ।

हाल (२०६८ असार मसान्तसम्म) चालुकोषको सावाँ रु. ११ करोड १७ लाख ८० हजार छ भने व्याज रु. ८० लाख ९५ हजार गरी जम्मा रु. ११ करोड ९८ लाख ७५ हजार परिचालनमा रहेको छ । चालुकोषको जिल्लागत विवरण **अनुसूची ४** मा देखाइएको छ ।

### ३.३.५ प्रगति

महिला विकास कार्यक्रमको थालनीदेखि हालसम्म उपलब्ध तथ्याङ्कको आधारमा विभिन्न पक्षमा हासिल गर्न सकिएको प्रगति तालिका ८ मा दिइएको छ ।

तालिका ८ : महिला विकास कार्यक्रमको समष्टिगत प्रगति (आ.व. २०३९/४० देखि २०६७/६८)

| क्र.स. | क्रियाकलापको नाम | एकाइ | जम्मा | कैफियत |
|---|---|---|---|---|
| **फैलावट** | | | | |
| १. | कार्यक्रम सञ्चालित जिल्ला | सङ्ख्या | ७५ | |
| २. | कार्यक्रम सञ्चालित गाविस | सङ्ख्या | ३,३६० | |
| ३. | कार्यक्रम सञ्चालित नगरपालिका | सङ्ख्या | ३७ | |
| ४. | कार्यक्रम सञ्चालित वडा | सङ्ख्या | १९,५०७ | नगरपालिकाका समेत |
| **संस्थागत विकास** | | | | |
| ५. | गठन भएका महिला समूह | सङ्ख्या | १०७,९५८ | |
| ६. | समूहमा सम्मिलित महिला | जना | ६५३,०८३ | |
| ६.१ | दलित | जना | १०६,०८६ | १६.२४ प्रतिशत |
| ६.२ | जनजाति | जना | २१९,४७१ | ३३.६१ प्रतिशत |
| ६.३ | अन्य | जना | ३२७,५२६ | ५०.१५ प्रतिशत |
| ७. | गठन भएका महिला समिति | सङ्ख्या | ११,०४९ | |
| ८. | दर्ता भएका महिला संस्था | सङ्ख्या | १,३२३ | |
| ९. | तदर्थ महिला संस्था | सङ्ख्या | १०७ | |
| **स्रोत परिचालन** | | | | |
| १०. | महिलाहरूको सामूहिक बचत | रु. | १,२०३,३०५,६१६ | |
| ११. | जम्मा लगानीमा रहेको | रु. | १,१८०,९१८,९६५ | |
| १२. | चालुकोष | रु. | ११,९८,७४,५९० | |
| १२.१ | मूलधन | रु. | ११,१७,८०,०७२ | |
| १२.२ | व्याज | रु. | ८०,९४,५१८ | |
| **प्रशिक्षण** | | | | |
| १३. | लैङ्गिक चेतना जागरण तालिम | जना | ८०,३८१ | |
| १४. | व्यवस्थापकीय सीप विकास तालिम | जना | ६७,८४५ | |
| १५. | व्यवसायमूलक सीप विकास तालिम | जना | ७८,५१२ | |
| १६. | प्रजनन स्वास्थ्य तालिम | जना | ११२,४९० | |
| १७. | कानुनी चेतना जागरण तालिम | जना | १९,४३४ | |
| १८. | आधारभूत तालिम | जना | १४५,३७७ | |
| १९. | सामाजिक समावेशीकरण तालिम | जना | ३,३७३ | |
| २०. | सासू-बुहारी अन्तरक्रिया | जना | ७,१७४ | |
| २२. | संस्थागत विकास तालिम | जना | १७,९५२ | |

| क्र.स. | क्रियाकलापको नाम | एकाइ | जम्मा | कैफियत |
|---|---|---|---|---|
| २३. | अभिलेख व्यवस्थापन तालिम | जना | ५,२२२ | |
| २४. | बाल विकास चेतना जागरण तालिम | जना | ५,५८७ | |
| २५. | सञ्चार प्रवाह तालिम | जना | ५,२४१ | |
| २६. | सामुदायिक विकास तालिम | जना | १,४९,३५१ | |
| २७. | अध्ययन अवलोकन भ्रमण | जना | ९,५०८ | |
| २८. | मापदण्ड रेखाङ्कन अभ्यास | जना | २,३७५ | |
| २९. | चेलीबेटी सुरक्षा तालिम | जना | ३२४ | |
| ३०. | कर्मचारी विकास विविध तालिम | जना | ४२२ | |
| ३१. | किशोरा विकास तालिम | जना | १२,०३० | |
| ३२. | व्यवसाय प्रवर्द्धनकर्ता तालिम | जना | १,८१७ | |
| ३३. | समूह सदस्यको अनुशिक्षण | जना | १२२,०८७ | |
| ३४. | लेखापालन तालिम | जना | १,४२२ | |
| ३५. | नेतृत्व तथा अधिवाचन तालिम | जना | १,२२४ | |
| ३६. | लैङ्गिक योजना तथा परीक्षण तालिम | जना | १,११३ | |
| **अन्य** | | | | |
| ३७. | उत्कृष्ट महिला संस्था पुरस्कार | सङ्ख्या | ३७ | |

# परिच्छेद ४
# वार्षिक कार्यक्रमको कार्यान्वयन

## ४.१ समष्टिगत प्रगति

आ.व. २०६७/६८ मा विभाग र अन्तर्गतका कार्यालयहरूका हकमा बजेट शीर्षक नं. ५६-३/४-२०० को महिला विकास कार्यक्रम, केन्द्रस्तर र ५६-३/४-८०१ को महिला विकास कार्यक्रम, जिल्लास्तर सञ्चालित थिए। वैदेशिक सहयोगका आयोजनामा बजेट शीर्षक नं. ५६-३/४-२०४ को लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजना, केन्द्रस्तर (विभाग र १५ जिल्ला) र ५६-३/४-२०८ को जोखिममा रहेका तथा द्वन्द्वबाट प्रभावित बालबालिका एवं परिवारका लागि विकेन्द्रित सहयोग सुदृढीकरण आयोजना, केन्द्रस्तर (विभाग र ५ जिल्ला) गरी दुईवटा कार्यान्वयन भएका थिए । उल्लिखित चारवटै कार्यक्रम राष्ट्रिय प्राथमिकताप्राप्त (P1) हुन् । साथै प्रत्यक्ष कोष व्यवस्था (Direct funding) को छाउपडी निवारण आयोजना पनि सञ्चालन गरिएको थियो ।

आ.व. २०६७/६८ मा महिला विकास कार्यक्रम (केन्द्र र जिल्लास्तर) बाट हासिल हुन सकेका मुख्य-मुख्य उपलब्धि देहायबमोजिम छन् :

**(अ) पुँजीगत खर्चअन्तर्गत**

**(क) महिला संस्थाको भौतिक सुविधा विकास**

* १९ वटा साझा उपयोगका बजार पहुँच सुविधाका लागि अग्र-व्यावसायिक महिला संस्थालाई अनुदान प्रदान
* ४७ वटा संस्थालाई भवन निर्माण अनुदान प्रदान

**(ख) कार्यालयको भौतिक सुविधाको स्तरोन्नति**

* ७ जिल्लामा महिला तथा बालबालिका कार्यालयको भवन निर्माण कार्य

**(आ) चालु खर्चअन्तर्गत**

**(क) सेवाविमुख गाविसमा महिला विकास कार्यक्रम विस्तार**

* थप ४०५ गाविसमा कार्यक्षेत्र विस्तार तथा परामर्श बैठक
* थप २,४६८ समूह गठन र बचत परिचालन
* थप ४०४ समिति गठन
* १२,५९६ जना समूह सदस्यलाई अनुशिक्षण

**(ख) नयाँ कार्यक्षेत्रका थप १,१८५ वडामा कार्यक्रम विस्तार**

* ७,२७३ थप समूह गठन र बचत परिचालन
* १,१७२ थप समिति गठन
* ३६,५९६ जना समूह सदस्यलाई अनुशिक्षण
* १२,०३७ जना महिला-पुरुषलाई समविकास तालिम

**(ग) साबिक कार्यक्षेत्रमा क्रमिक सशक्तीकरणका क्रियाकलाप**

* ९८२ समूह गठन र बचत परिचालन
* १०९ समिति गठन
* ४,२८६ जना समूह सदस्यलाई अनुशिक्षण
* १,५७८ जना महिला-पुरुषलाई समविकास तालिम
* २,२६२ जनालाई आधारभूत तालिम
* १,०५२ जनालाई लैङ्गिक संवेदनशील प्रजनन स्वास्थ्य तालिम
* १,०२० जना सासू-बुहारीबीच अन्तरक्रिया
* ७२६ जनालाई संस्थागत विकास तालिम
* २२४ पटक महिला संस्थाका अध्यक्षमाझ चौमासिक अन्तरक्रिया
* ४८० जनालाई प्रस्तावना लेखन तालिम
* ८२८ जनालाई लेखापालन तालिम
* ७२४ जनालाई नेतृत्व तथा अधिवाचन तालिम
* १,१२७ जना महिलाहरूद्वारा अन्तर-जिल्ला रेखाङ्कन भ्रमण

**(घ) व्यावसायिक महिला समूह विकास**

* ३५४ स्थानमा स्थानीय सम्भाव्यता हेरी आर्थिक आत्मनिर्भरताका सर्वोत्तम अवसर पहिचान तथा कार्ययोजना तयारी
* ७,१५९ जना महिलाहरूलाई (३ दिने गाउँस्तर, ५ दिने गाउँस्तर, ५ दिने जिल्लास्तर र ७ दिने जिल्लास्तर) सीप विकास तालिम र प्रतिव्यक्ति रु. २,००० देखि ३,५०० सम्म वस्तुगत टेवा
* ६७५ जनालाई सीप पुनर्ताजगी तालिम
* २७७ जनालाई ग्रामीण व्यवसाय विकास तालिम
* ४१५ पटक स्थानीय अनुगमन तथा स्थलगत परामर्श

**(ङ) लैङ्गिक हिंसाविरुद्धको वर्ष–विशेष अभियान**

* ७५ जिल्लामा जिल्लास्तरीय परामर्श कार्यशाला
* १५२ पटक जिल्ला स्रोत समूहको बैठक
* १५ जिल्लामा सेवा केन्द्र सञ्चालन
* २३८ वटा निर्वाचन क्षेत्रमा सामुदायिक परामर्श कार्यशाला
* स्थानीय एफएम रेडियोबाट जनचेतनामूलक सन्देश प्रवाह (उत्पादन ७६ वटा, प्रसारण १२,६०० पटक)

**(च) विद्यालयविमुख किशोरीको बहुआयामिक विकास**

* २,७५१ जना किशोरीहरूलाई जीवनोपयोगी तालिम
* ९२ वटा महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन

* ९४ वटा महिला संस्थामार्फत अतिविपन्न किशोरी विकास टेवा
* ८९ पटक स्थानीय सम्भाव्यता हेरी आर्थिक आत्मनिर्भरताका सर्वोत्तम अवसर पहिचान तथा कार्ययोजना तयारी
* १,७६२ जना किशोरीहरूलाई सीप विकास तालिम र वस्तुगत टेवा

**(छ) बादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण, १० जिल्ला : दाङ, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, दार्चुला र कञ्चनपुर**

* २९ पटक छूट समुदायमा परामर्श बैठक तथा लक्ष्यित महिला छनौट
* १५४ वटा समूह गठन तथा बचत परिचालन
* २९ वटा समिति गठन
* २८ वटा समूहमा समूह सदस्यको अनुशिक्षण
* २८ समूहमा महिला-पुरुष समविकास तालिम
* ८६७ जना छूट परिवारका महिलाका लागि घर विकास योजना कार्यान्वयन अनुदान
* ८२ समितिलाई घर विकास कार्यक्रमको सहजीकरण तथा अनुगमन
* ३२ समूहलाई सीप विकास तालिम

**(ज) मूलप्रवाहीकरण सम्पर्क निकाय सेवा**

* २२३ पटक मूलप्रवाहीकरण समन्वय समितिको बैठक
* १४६ पटक सञ्जाल सदस्यहरू माझ अन्तरक्रिया
* ३३ समूहमा स्थानीय जनप्रतिनिधि तथा गाविस सचिवलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण
* २९९ जना लैङ्गिक सम्पर्क-बिन्दुलाई मूलप्रवाहीकरण तालिम
* ८ वटा कार्यालयको लैङ्गिक परीक्षण
* सूचीकृत गैससका ३९२ जनाका लागि लैङ्गिक तालिम
* ७३ जिल्लाबाट वार्षिक प्रगति पुस्तिका प्रकाशन

**(झ) महिला जागृति कार्यक्रम**

* ६ गाविसमा एकीकृत जागृति तथा आयआर्जन कार्यक्रम
* ८९१ पटक सामाजिक परिचालिकाको बैठक

**(ञ) विविध**

* ४११ पटक दिवसीय कार्यक्रम
* ६१ जना कर्मचारीलाई कम्प्युटर तालिम
* २,५८८ पटक कार्यक्रम भ्रमण ।

### ४.२ महिला विकास कार्यक्रम (केन्द्रस्तर)

महिला विकास कार्यक्रम (केन्द्रस्तर) मा जम्मा १८ वटा क्रियाकलाप रहेका थिए, जसमध्ये पुँजीगत खर्चका ५ वटा र चालु खर्चअन्तर्गत १३ वटा परेका थिए ।

पुँजीगत खर्चतर्फ सम्भाग छुट्याइएको थिएन भने चालु खर्चतर्फका क्रियाकलाप २ सम्भागमा राखिएका थिए :

- जनशक्ति विकास
- अनुगमन, अभिलेखीकरण तथा संस्थागत सुदृढीकरण ।

पुँजीगत खर्चमा विभागको जेनेरेटर टहरा निर्माण, मोटर, मोटरसाइकल सेड निर्माण, उपकरण, सवारी साधन र फर्निचरका लागि बजेट व्यवस्था भएको थियो । चालु खर्चमा जनशक्ति विकासअन्तर्गत ४ वटा प्रशिक्षण क्रियाकलाप र अनुगमन, अभिलेखीकरण तथा संस्थागत सुदृढीकरणअन्तर्गत वार्षिक समीक्षा गोष्ठी, वार्षिक कार्यक्रम तर्जुमा गोष्ठी, कार्यक्रमको प्रारम्भिक लेखाजोखालगायतका जम्मा ९ वटा क्रियाकलाप समावेश गरिएका थिए ।

महिला विकास कार्यक्रम (केन्द्रस्तर) को भारित प्रगति प्रतिशत ८५.३७ रहेको थियो । क्रियाकलापगत विवरण **अनुसूची ६.ख** मा दिइएको छ ।

### ४.३ महिला विकास कार्यक्रम (जिल्लास्तर)

पुँजीगत खर्चतर्फ ७ र चालु खर्चतर्फ ६१ गरी जिल्लास्तरीय महिला विकास कार्यक्रममा जम्मा ६८ वटा क्रियाकलाप समेटिएका थिए । उल्लेखनीय प्रगतिमा ४०५ गाविसमा कार्यक्षेत्र विस्तार तथा परामर्श बैठक भयो भने २,४६८ नयाँ महिला समूह गठन गरिए । वडास्तरमा थप ४०४ समिति गठन भए । त्यस्तै, १२,५९६ जना समूह सदस्यलाई अनुशिक्षण प्रदान गरिएको थियो ।

नयाँ कार्यक्षेत्रका थप १,१८५ वडामा कार्यक्रम विस्तारअन्तर्गत ७,२७३ वटा समूह गठन तथा बचत परिचालन, १,१५२ वटा समिति गठन, ३६,५९६ जना समूह सदस्यलाई अनुशिक्षण प्रदान गरियो । त्यस्तै, १२,०३७ जनालाई महिला-पुरुष समविकास तालिममा सहभागी गराइएको थियो ।

साबिकका गाविसतर्फ ९८२ समूह गठन तथा बचत परिचालन, १०९ समिति गठन, ४,२८६ जना समूह सदस्यको अनुशिक्षणलगायतका क्रियाकलाप सम्पन्न भए । क्रमिक सशक्तीकरणमा १,५७८ जनालाई महिला-पुरुष समविकास तालिम, २,२६२ जनालाई आधारभूत तालिम, १,०५२ जनालाई लैङ्गिक संवेदनशील प्रजनन स्वास्थ्य तालिम, १,०२० जना सासू-बुहारीबीच अन्तरक्रिया, ७२६ जनालाई संस्थागत विकास तालिम, ४८० जनालाई प्रस्तावना लेखन तालिम, ८२८ जनालाई लेखापालन तालिम र ७२४ जनालाई नेतृत्व तथा अधिवाचन तालिम उल्लेखनीय छन् । त्यसै गरी ७,१५९ जनालाई सीप विकास तालिम, ६७५ जनालाई सीप पुनर्ताजगी तालिम, २७७ जनालाई ग्रामीण व्यवसाय विकास तालिम, २,७५१ जना किशोरीलाई जीवनपयोगी तालिम, १७६२ जना किशोरीलाई सीप विकास तालिम, र २९९ जना लैङ्गिक सम्पर्क-बिन्दुलाई मूलप्रवाहीकरण तालिम प्रदान गरिएको थियो । साथै महिला सहकारी संस्थाका अध्यक्षहरूको अन्तरक्रिया २२४ पटक सम्पन्न भएको छ ।

यस कार्यक्रमका अन्य उल्लेख्य पक्षहरू मध्ये बादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण पनि हो, जसअन्तर्गत २९ पटक छूट समुदायमा परामर्श बैठक तथा लक्ष्यित महिला छनौट, १५४ वटा समूह गठन र बचत परिचालन, २९ वटा समिति गठन, २८ समूहमा समूह सदस्यको अनुशिक्षण र ८६७ जना छूट परिवारका लागि घर विकास योजना कार्यान्वयन अनुदान पर्दछन् । साथै १४६ पटक सञ्जाल सदस्यहरू माझ अन्तरक्रिया र २२३ पटक मूलप्रवाहीकरण समन्वय समितिको बैठकसमेत गरिएका थिए ।

यसरी महिला विकास कार्यक्रम (जिल्लास्तर) तर्फ ९७.५६ प्रतिशत भारित प्रगति हासिल हुन सकेको छ, जसको विवरण **अनुसूची ६.क** मा समावेश गरिएको छ ।

## ४.४ लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजना

### ४.४.१ आयोजनाको परिचय

एशियाली विकास बैङ्कको ऋण सहयोगमा आ.व. २०६३/६४ देखि महिला तथा बालबालिका विभागअन्तर्गत सञ्चालनमा रहेको लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजनाले १५ वटा जिल्ला लिएको छ । सन् २००६ को नोभेम्बर २८ बाट लागू भएको यो आयोजना पाँच वर्षका लागि तर्जुमा गरिएको हो । हालै निर्धारित अवधिमा एक वर्ष थप गरी आयोजना सम्पन्न हुने मिति सन् २०१३ को जुन ३० कायम गरिएको छ । आयोजनाको कार्यान्वयन निकाय महिला तथा बालबालिका विभाग हो । कार्यकारी निकायको रूपमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहेको छ । आयोजनाअन्तर्गतका विभिन्न क्रियाकलापहरू जिल्लास्थित महिला तथा बालबालिका कार्यालयमार्फत अन्य साझेदार निकायसँग समन्वय गरी सञ्चालन हुँदैआइरहेका छन् ।

### ४.४.२ आयोजनाको लक्ष्य तथा उद्देश्य

आर्थिक, सामाजिक र न्यायिक सशक्तीकरणको माध्यमबाट विपन्न महिलाहरूको सशक्तीकरण गरी आयोजना क्षेत्रमा गरिबी घटाउने यस आयोजनाको लक्ष्य रहेको छ ।

उल्लिखित लक्ष्य हासिल गर्नका निम्ति निम्न उद्देश्यहरू रहेका छन् :

- सम्पत्तिमा पहुँच र नियन्त्रण बढाउन महिलाहरूको व्यक्तिगत क्षमता सुदृढ बनाउने;
- संस्थालाई लैङ्गिक संवेदनशील एवं लैङ्गिक उत्तरदायी बनाउन व्यक्तिगत तथा संयुक्त कार्यका लागि सामूहिक टेवा पुऱ्याउने र
- लैङ्गिक उत्तरदायी हुन तथा पछाडि पारिएका महिलाहरूलाई विकासका अवसरमा समावेश गर्न सरकारी निकायका कार्य-प्रक्रिया सुधार गर्ने ।

माथि उल्लिखित लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि आयोजनाले आर्थिक, सामाजिक तथा न्यायिक सशक्तीकरणका क्रियाकलाप र लैङ्गिक मूलप्रवाहीकरणका लागि संस्थागत सुदृढीकरणका क्रियाकलापहरू सञ्चालन गर्दैआइरहेको छ ।

### ४.४.३ आयोजनाको क्षेत्र

पश्चिम भेगका ८ जिल्लाअन्तर्गत ४० गाविस र मध्य भेगका ७ जिल्लाका ४२ गाविस गरी जम्मा ८२ गाविसमा आयोजनाका क्रियाकलाप सञ्चालन भएका छन् (तालिका ९) ।

**तालिका ९ : लैसमस आयोजनाको कार्यक्षेत्र**

| सि.नं. | जिल्लाको नाम | सञ्चालित गाविस | जम्मा |
|---|---|---|---|
| १. | रामेछाप | गेलु, बिजुलीकोट, डडुवा, फुलासी, हिमगंगा, फर्पु | ६ गाविस |
| २. | सिन्धुली | रत्नावती, ककुरठाकुर, रानीचौर, वेलघारी, हरिहरपुर गढी र नेत्रकाली | ६ गाविस |
| ३. | महोत्तरी | सिमरदही, सुनौल, रघुनाथपुर, हरिपुरहरिनमरी, महोत्तरी, खैयरवरी | ६ गाविस |
| ४. | धनुषा | लवटोली, लोहना, घोडघाँस, देउपुरारूपैठा, एकराई, गिद्धा | ६ गाविस |
| ५. | सर्लाही | रोहुवा, चन्द्रनगर, गम्हरिया, खुटौना, कौडेना, लक्ष्मीपुर, सुखचैना | ६ गाविस |
| ६. | रौतहट | सरमजुवा, वसतपुर, गेडहीगुठी, टेङ्ग्राहा, तेजापाकड, गम्हरियाविर्ता | ६ गाविस |
| ७. | वारा | आम्रपट्टी, फतवा, वेलडाँगी, मधुरीजव्दी, सिसहनिया, पटेर्वा | ६ गाविस |
| ८. | अछाम | तुर्माखाँद, भैरवस्थान, रामारोशन, पुल्लेतोला, दुनी | ५ गाविस |
| ९. | डोटी | गिरीचौका, छपाली, मन्नाकपाडी, बर्छैन, घाघल | ५ गाविस |
| १०. | वझाङ | दौलीचौर, दहबगर, कोटभैरव, गडराय, सुर्मा | ५ गाविस |
| ११. | बाजुरा | विछ्या, जयवागेश्वरी, तोली , साप्पाटा, जगन्नाथ | ५ गाविस |
| १२. | मुगु | जिमा, फोतु, ह्याङ्गलु, खमाले, माग्री | ५ गाविस |
| १३. | कालिकोट | धौलागह, नानीकोट, फुइमाहदेव, छाप्रे, भर्ता | ५ गाविस |
| १४. | वैतडी | कोटपटेरा, शिखरपुर, पञ्चेश्वर, ग्वालेक, गुरुखोला | ५ गाविस |
| १५. | जुम्ला | तलिउम, कात्तिकस्वामी, बुम्रामाडीचौर, बड्की, कालिकाखेतु | ५ गाविस |
| | | जम्मा | ८२ गाविस |

### ४.४.४ आयोजनाका सम्भागहरू

यस आयोजनाबाट सञ्चालित क्रियाकलापलाई चारवटा सम्भाग (Components) मा राखिएका छन् :

**आर्थिक सशक्तीकरण**

आयोजना लागू भएका गाविसका महिलाहरूले अगुवाइ गर्न सक्ने लघुउद्यम व्यवसाय प्रवर्धन गर्नुका साथै ज्यालादारी महिलाहरूका अवसर र अवस्थामा सुधार ल्याई ग्रामीण विपन्न महिलाहरूको सम्पत्ति, आय र रोजगारीको अवसरमा वृद्धि गराउने खालका विभिन्न क्रियाकलापका लागि आयोजनाको कुल लागतको करिब ५० प्रतिशत रकम छुट्याइएको छ ।

**कानुनी सशक्तीकरण**

आयोजना लागू भएका गाविसका समुदायमा कानुनी सचेतना अभियान सञ्चालन गरी कानुनी तथा प्रशासनिक हक, अधिकार र कर्तव्यको ज्ञान वृद्धि गर्नुका साथै न्यायधीश, जिल्ला न्यायाधिवक्ता र नेपाल प्रहरीका महिला एकाइमा कार्यरत प्रहरी कर्मचारीहरूलाई महिला अधिकारको बारेमा तालिम प्रदान गरी कानुनी तथा प्रशासनिक वातावरण सुदृढ गर्ने गरी क्रियाकलापहरू राखिएका छन् ।

**सामाजिक सशक्तीकरण**

सामुदायिकस्तरमा साना योजनाहरू सञ्चालनलगायत समय र श्रम बचत गर्ने घरायसी प्रविधिको प्रयोगदर बढाएर विपन्न ग्रामीण महिलाहरूको व्यक्तिगत तथा सामुदायिक विकासका लागि उपयुक्त समय र उचित अवसर उपलब्ध गराउन विभिन्न क्रियाकलाप रहेका छन् ।

**लैङ्गिक मूलप्रवाहीकरणका लागि संस्थागत सुदृढीकरण**

संस्थागत क्षमता अभिवृद्धितर्फ महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालय र स्थानीय निकायहरूको लैङ्गिक मूलप्रवाहीकरण संयन्त्रलाई सुदृढ गर्ने तथा विभाग र कार्यालयहरूको भौतिक सुविधामा सुधार गर्ने क्रियाकलापहरू छन् ।

### ४.४.५ आयोजना कार्यान्वयन एकाइ

आयोजनाअन्तर्गतका क्रियाकलापहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएको केन्द्रीय कार्यान्वयन समन्वय समिति (Central Implementation Co-ordination Committee – CICC) ले नीतिगत निर्देशन प्रदान गर्दछ । विकेन्द्रीकरणको सिद्धान्तअनुसार जिल्लास्तरमा समन्वयात्मक रूपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि जिल्ला कार्यान्वयन समन्वय समिति (District Implementation Co-ordination Committee – DICC) को समेत व्यवस्था गरिएको छ, जसको अध्यक्षता हालका लागि स्थानीय विकास अधिकारीबाट हुँदैआएको छ । महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृतले जिल्ला आयोजना एकाइको मुख्य व्यक्तिको रूपमा जिम्मेवारी सम्हाल्ने व्यवस्था मिलाइएको छ ।

### ४.४.६ कार्यलक्ष्य र उपलब्धि

तालिका १० ले आयोजनातर्फ २०६८ असार मसान्तसम्म सम्पन्न उल्लेखनीय क्रियाकलापसहित उपलब्धिको झलक दिन्छ । सँगै आयोजनाको अवधिभरि हासिल गर्ने गरी निर्धारित मुख्य-मुख्य कार्यलक्ष्य पनि राखिएका छन् ।

**तालिका १० : लैसमस आयोजनाको हालसम्मको प्रगति**

| सम्भागहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| १) आर्थिक सशक्तीकरण | ३०,००० महिला (कम्तीमा ३०% दलित/जनजाति) लाई लघुउद्यम व्यवसाय सञ्चालनका लागि तालिम दिइएको हुनेछ । | • ७,८३३ जना महिला (२२% दलित, १७% जनजाति, ६१% अन्य) ले तालिम प्राप्त गरेका छन् । |
| | ९०% ज्यालादारी महिला कामदारहरू छनौट भई उपयुक्त औजार प्राप्त गरेका हुनेछन् । | • १,४०६ जना कृषि ज्यालादार महिलामध्ये २९% दलित, २२% जनजाति र ४९% अन्यले तालिम प्राप्त गरी कार्य सुरू गरेका छन् । |
| २) कानुनी सशक्तीकरण | गाविसस्तरमा कम्तीमा ८० प्रतिशत गरिब महिलाहरू छनौट भई उनीहरू आफ्नो अधिकारप्रति सजग भएका हुनेछन् । | • ८२ वटा गाविसमा कानुनी सचेतना अभियान सम्पन्न भएको, जसमा १५,००० जना महिला पुरुषको संलग्नता रहेको छ । |
| | १५ जिल्लामा कानुनी सन्देश सामग्रीसहितको पुस्तकालयको स्थापना भई ग्रामीण महिलाहरूको जानकारी अभिवृद्धि भएको हुनेछ । | • १५ वटा जिल्लामा १-१ वटा कानुनी सन्देश सामग्रीसहितको पुस्तकालय स्थापित भई सञ्चालनमा आएको छ । |
| | २५ जना जिल्ला न्यायधीश, २५ जना जिल्ला न्यायाधिवक्ता, र नेपाल प्रहरीका महिला एकाइमा कार्यरत प्रहरी कर्मचारीले महिला अधिकारका बारेमा तालिम पाएका हुनेछन् । | • २७ जना जिल्ला न्यायधीश, जिल्ला न्यायाधिक्ता र प्रहरी प्रमुख (एवं प्रतिनिधि) ले महिला अधिकारका मुद्दामा तालिम प्राप्त गरेका छन् । |

| | | |
|---|---|---|
| | उच्च माध्यमिक शिक्षा परिषद्द्वारा दश जोड २ मा ‘Gender Studies’ र नेपाल कानुन क्याम्पसको सहकार्यमा स्नातक तहमा ‘Gender and Inclusive Justice’ पाठ्यक्रम तयार पारिएको हुनेछ । | • पाठ्यक्रम तर्जुमा भएर आ.व. २०६६/६७ को शैक्षिक सत्रदेखि शिक्षण प्रारम्भ भएको छ; पहिलो वर्ष ऐच्छिक विषयको रूपमा उच्च मा.वि.मा ७०-८० जना र Nepal Law Campus मा २५ जना अध्ययनरत छन् । |
| | कार्यक्रम लागू भएका क्षेत्रमा नागरिकता प्रमाणपत्र प्राप्त गर्ने महिलाहरूको सङ्ख्या २५ प्रतिशतले बढेको हुनेछ । | • कार्यक्रममा संलग्न ८३.२% महिलाहरूले नागरिकताको प्रमाणपत्र प्राप्त गरेका छन् भने ७६.५% प्रतिशत महिलाहरूले विवाह दर्ताको प्रमाणपत्र प्राप्त गरेका छन् ।<br>• आयोजना लागू भएपश्चात् ३,६७७ जना महिलाहरूले नागरिकताको र १,७३५ जना महिलाहरूले विवाह दर्ताको प्रमाणपत्र प्राप्त गरेका छन् । |
| | १५ जिल्लामा १५ वटा जिल्ला स्रोत समूहको गठन भै कानुनी सहायतासम्बन्धी प्रशिक्षण प्राप्त गरी सहजीकरण गरेका हुनेछन् । | • १५ जिल्लामा १५ वटा जिल्ला स्रोत समूहको गठन भई २ समूहमा जम्मा ५२ जनाले तालिम प्राप्त गरेका छन् ।<br>• ८२ गाविसमा गाविसस्तरीय कानुनी सहायता उपचार समितिको गठन भै दर्ता भएका १६७ वटा मुद्दामध्ये १५७ वटा मुद्दा समितिको पहलमा समाधान भएका छन् । |
| ३) सामाजिक सशक्तीकरण | ४०% सेवाविमुख महिलाहरूले प्रत्यक्ष रूपमा संलग्न भै कार्यमूलक साक्षरता हासिल गरेका हुनेछन् । | • १०,००० जना महिलाहरू कार्यमूलक साक्षरता कक्षामा संलग्न भै साक्षर भएका छन्, जसमध्ये ३५% ले साक्षरता कक्षा प्रथम र २०% ले साक्षरता कक्षा दोस्रो प्राप्त गरेका छन् । |
| | कम्तीमा ६०% महिला समूहहरू सक्रिय रूपमा निर्णय प्रक्रियामा संलग्न भएका हुनेछन् । | • ३५% महिला समूहहरू निर्णय प्रक्रियामा संलग्न भै सामुदायिक विकास योजना तथा अन्य सामाजिक कार्य सम्पन्न गर्न सक्षम भएका छन् । |
| | कार्यक्रम लागू भएका गाविसमा कम्तीमा एउटा महिला बहुउद्देश्यीय भवन निर्माण र व्यवस्थापन भएको हुनेछ । | • १५ जिल्लामा ४२ वटा महिला बहुउद्देश्यीय भवन निर्माण सम्पन्न भएर त्यहाँ सामाजिक क्रियाकलाप सञ्चालन भएका छन् । वैकल्पिक विवाद निरुपण केन्द्रको रूपमा पनि त्यस्ता भवन प्रयोगमा आएका छन् । |
| | ३८,५०० घरधुरीमा समय बचतका लागि घरायसी प्रविधिको प्रयोग भएको हुनेछ । | • १०,९७३ घरधुरीमध्ये २९% मा घरायसी प्रविधिको प्रयोग भै दैनिक २-३ घण्टा समयको बचत भएको छ । |
| | आयोजना लागू भएका क्षेत्रमा साना सामुदायिक योजनाको माग भै ९०% कार्य उपभोक्ता समितिद्वारा  सम्पन्न भएको हुनेछ । | • ३,०७५ वटा साना सामुदायिक योजना निर्माण भएका छन् ।<br>• ७१,१८९ धरधुरी साना सामुदायिक योजनाबाट लाभान्वित भएका छन् । |

| | | |
|---|---|---|
| | आयोजना अवधिमा छनौटमा परेका प्रत्येक गाविसबाट १,२२० अतिविपन्न महिला घर-परिवार लाभान्वित हुनेछन् र आयोजना क्षेत्रबाट १ लाख घर-परिवारमा सकारात्मक आर्थिक तथा सामाजिक प्रभाव पर्नेछ । | • ११,२१९ वटा समूहमा ६४,१३२ महिला सदस्य रहेका छन् ।<br>• ७४६ वटा समितिमा ४९,६६२ महिला सदस्य आबद्ध भएका छन् ।<br>• ७२ वटा महिला सहकारी संस्थामा ३१,१६८ शेयर सदस्य रहेका छन् ।<br>• आयोजना लागू भएका १५ जिल्लाका ८२ गाविसमा रु. २७,९२९,८१० बचत सङ्कलन भै रु. २६,८७९,५८६ परिचालन भएको छ । |
| ७१ | बझाङ | ११७९४०४।०९ | २६५३६८०।०० | ३८३३०८४।०९ | ३६१६७२।८८ | ३०.६६ | ३४७१४११।२१ |
| ७२ | दार्चुला | १४९६६९।३६ | १४७६५८।२५ | २९७३२७।६१ | ० | ०.०० | २९७३२७।६१ |
| ७३ | बैतडी | १०८४६०।७८ | ०।०० | १०८४६०।७८ | ३०७६९।१३ | २८.३७ | ७७६९१।६५ |
| ७४ | डडेल्धुरा | २२०६८०।५२ | ३२२०६२।०० | ५४२७४२।५२ | १५००० | ६.८० | ५२७७४२।५२ |
| ७५ | कञ्चनपुर | ३६८५७।३८ | १८६३२८।०० | २२३१८५।३८ | ४९१ | १.३३ | २२२६९४।३८ |
| जम्मा | | ५२२६७७७३ | ५७१७१८७० | १०९४३९६४३ | २५५०२२६९ | | ८३९३७३७४ |

# महिला विकास कार्यक्रम (महिला जागृति कार्यक्रमसमेत) जिल्लास्तरको वार्षिक प्रगति

१. आ.व. : ०६७/६८
२. बजेट शीर्षक नं. : ५६-३/४-८०१
३. बजेट : ३१६५२८
४. खर्च : २५०५२१
५. स्रोत : नेपाल सरकार

(रकम रु. हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | प्रतिवेदन अवधिसम्म यस आ.व.को प्रगति | | | आयोजनाको कुलमध्ये हालसम्म | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | बजेट | सम्पन्न परिमाण | भारित प्रगति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| (अ) पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू : | | | | | | | | | | | | | | |
| क | महिला संस्थाको भौतिक सुविधा विकास | | | | | | | | | | | | | |
| १ | साझा उपयोगका बजार पहुँच सुविधाका लागि अग्र-व्यावसायिक संस्थालाई अनुदान (प्रतिसंस्था रु. १ लाख १७ हजार; जुम्ला रु. १ लाख २२ हजार) | संस्था | १९ | ०.७० | २२२८ | १९ | ०.७० | २२२८ | १९ | ०.७० | २२२८ | | | |
| २ | भवन निर्माण अनुदान (प्रतिसंस्था रु. १ लाख) | संस्था | ५० | १.५८ | ५००० | ४७ | १.४८ | ४७०० | ४७ | १.४८ | ४७०० | | | |
| ख | कार्यालयको भौतिक सुविधाको स्तरोन्नति | | | | | | | | | | | | | |
| ३ | भवन निर्माण | वटा | ७ | ६.९६ | २२०४० | ७ | ६.९६ | १७६१७ | ७ | ६.९६ | १७६१७ | | | |
| ४ | सार्वजनिक निर्माण | पटक | २ | ०.१५ | ४७५ | २ | ०.१५ | ४६९ | २ | ०.१५ | ४६९ | | | |
| ५ | मेसिनरी औजार | पटक | १२ | ०.१५ | ४७५ | १२ | ०.१५ | ४७५ | १२ | ०.१५ | ४७५ | | | |
| ६ | फर्निचर तथा फिक्चर्स | पटक | ४९ | ०.५३ | १६६६ | ४८ | ०.५२ | १६४१ | ४८ | ०.५२ | १६४१ | | | |
| ७ | सवारी साधन | पटक | १८ | ०.४८ | १५०५ | १८ | ०.४८ | १४७८ | १८ | ०.४८ | १४७८ | | | |
| | पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमको जम्मा | | | १०.५५ | ३३३८९ | | १०.४४ | २८६०८ | | १०.४४ | २८६०८ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (आ) चालु खर्चअन्तर्गतका कार्यक्रमहरू : | | | | | | | | | | | | | | |
| क | सेवाविमुख ४०५ गाविसमा महिला विकास कार्यक्रम विस्तार | | | | | | | | | | | | | |
| १ | गाविसस्तरीय परामर्श बैठक | पटक | ४०५ | ०.६४ | २०२५ | ४०५ | ०.६४ | २००८ | ४०५ | ०.६४ | २००८ | | | |
| २ | समूह गठन र बचत परिचालन | समूह | २४३० | ०.३८ | १२१५ | २४६८ | ०.३८ | १२०१ | २४६८ | ०.३८ | १२०१ | | | |
| ३ | समिति गठन | समिति | ४०५ | ०.६४ | २०२५ | ४०४ | ०.६४ | २००८ | ४०४ | ०.६४ | २००८ | | | |
| ४ | समूह सदस्यको अनुशिक्षण, गाउँस्तर, ३ दिने | जना | १२१५० | २.५६ | ८१०० | १२५९६ | २.५६ | ७८६३ | १२५९६ | २.५६ | ७८६३ | | | |
| ५ | सामाजिक परिचालन, सहजीकरण तथा अनुगमन (प्रतिगाविस रु १०,०००/विकास लागत २-२.५ जिल्ला रु १५,०००/विकास लागत ३ जिल्ला रु २५,०००) | पटक | १२१५ | १.६६ | ५२४० | १२३८ | १.६६ | ४७८४ | १२३८ | १.६६ | ४७८४ | | | |
| | जम्मा | | | | १८६०५ | | | १७८६४ | | | | | | |
| ख | नयाँ कार्यक्षेत्रका थप १,१८५ वडामा कार्यक्रम विस्तार | | | | | | | | | | | | | |
| ६ | समूह गठन र बचत परिचालन | समूह | ७१४० | १.१३ | ३५७० | ७२७३ | १.१३ | ३६९९ | ७२७३ | १.१३ | ३६९९ | | | |
| ७ | समिति गठन | समिति | ११८५ | १.८७ | ५९२५ | ११७२ | १.८५ | ५७३८ | ११७२ | १.८५ | ५७३८ | | | |
| ८ | समूह सदस्यको अनुशिक्षण, गाउँस्तर, ३ दिने | जना | ३५७०० | ७.५२ | २३८०० | ३६५९६ | ७.५२ | २३४१२ | ३६५९६ | ७.५२ | २३४१२ | | | |
| ९ | महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | जना | ११८८० | २.५० | ७९२० | १२०३७ | २.५० | ७८४३ | १२०३७ | २.५० | ७८४३ | | | |
| १० | सामाजिक परिचालन, सहजीकरण तथा अनुगमन (प्रतिगाविस आव २०६६/६७ रु ६,०००/विकास लागत २-२.५ जिल्ला रु ९,०००/विकास लागत ३ जिल्ला रु. १५,०००; आव २०६५/६६ रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ५,०००/विकास लागत ३ जिल्ला रु ८,०००) | पटक | २९९८ | २.१९ | ६९३४ | ३००५ | २.१९ | ६६३४ | ३००५ | २.१९ | ६६३४ | | | |
| | जम्मा | | | | ४८१४९ | | | ४७२२६ | | | | | | |
| ग) | साबिक कार्यक्षेत्रमा क्रमिक सशक्तीकरणका क्रियाकलाप | | | | | | | | | | | | | |
| ११ | छूट घरधुरीको समूहीकरण | | | | | | | | | | | | | |
| १२ | समूह गठन र बचत परिचालन | समूह | ९७८ | ०.१५ | ४८९ | ९८२ | ०.१५ | ४७२ | ९८२ | ०.१५ | ४७२ | | | |
| १३ | समिति गठन | समिति | १०८ | ०.१७ | ५४० | १०९ | ०.१७ | ५४० | १०९ | ०.१७ | ५४० | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | समूह सदस्यको अनुशिक्षण, गाउँस्तर, ३ दिने | जना | ४५०० | ०.९५ | ३००० | ४२८६ | ०.९० | २८९३ | ४२८६ | ०.९० | २८९३ | | | |
| १५ | महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | जना | १६२० | ०.३४ | १०८० | १५७८ | ०.३३ | १०२४ | १५७८ | ०.३३ | १०२४ | | | |
| १६ | आधारभूत  तालिम, ७ दिने, जिल्लास्तर | जना | २२५० | २.६२ | ८३०६ | २२६२ | २.६२ | ७८०५ | २२६२ | २.६२ | ७८०५ | | | |
| १७ | लैङ्गिक संवेदनशील प्रजनन स्वास्थ्य तालिम, ५ दिने, जिल्लास्तर | जना | १०५० | ०.९९ | ३१३२ | १०५२ | ०.९९ | ३०२६ | १०५२ | ०.९९ | ३०२६ | | | |
| १८ | सासू-बुहारी अन्तरक्रिया, ३ दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | जना | १०२० | ०.२१ | ६८० | १०२० | ०.२१ | ६७६ | १०२० | ०.२१ | ६७६ | | | |
| १९ | संस्थागत विकास | | | | | | | | | | | | | |
| १९.१ | संस्थागत विकास तालिम, ५ दिने, जिल्लास्तर | जना | ७२५ | ०.६८ | २१६० | ७२६ | ०.६८ | २१०६ | ७२६ | ०.६८ | २१०६ | | | |
| १९.२ | महिला संस्थाको अवस्था विश्लेषण कार्यशाला, १ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | पटक | ३ | ०.०१ | ३३ | ३ | ०.०१ | ३३ | ३ | ०.०१ | ३३ | | | |
| १९.३ | महिला संस्थाका अध्यक्षमाझ चौमासिक अन्तरक्रिया, १ दिने, जिल्लास्तर | पटक | २२५ | १.२१ | ३८२५ | २२४ | १.२० | ३७५१ | २२४ | १.२० | ३७५१ | | | |
| १९.४ | प्रस्तावना लेखन तालिम, ३ दिने, जिल्लास्तर | जना | ५०० | ०.३६ | ११४८ | ४८० | ०.३५ | १०९१ | ४८० | ०.३५ | १०९१ | | | |
| १९.५ | लेखापालन तालिम, ७ दिने, जिल्लास्तर | जना | ८२० | १.१५ | ३६५० | ८२८ | १.१५ | ३५३५ | ८२८ | १.१५ | ३५३५ | | | |
| १९.६ | नेतृत्व तथा अधिवाचन तालिम, ५ दिने, जिल्लास्तर | जना | ७२५ | ०.६८ | २१५० | ७२४ | ०.६८ | २०९५ | ७२४ | ०.६८ | २०९५ | | | |
| १९.७ | अन्तरजिल्ला रेखाङ्कन भ्रमण, ७ दिने | जना | ११२५ | २.६३ | ८३२५ | ११२७ | २.६३ | ८२९४ | ११२७ | २.६३ | ८२९४ | | | |
| | जम्मा | | | | ३८५१८ | | | ३७३४१ | | | | | | |
| घ) | व्यावसायिक महिला समूह विकास | | | | | | | | | | | | | |
| २० | स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी | पटक | ३६१ | ०.५७ | १८०५ | ३५४ | ०.५६ | १७१० | ३५४ | ०.५६ | १७१० | | | |
| २१ | सीप विकास तालिम र वस्तुगत टेवा (प्रतिव्यक्ति रु. २,०००/विकास लागत २-२.५ जिल्ला रु. २,५००/विकास लागत ३ जिल्ला रु. ३,५००) | | | | | | | | | | | | | |
| २१.१ | ३ दिने, गाउँस्तर | जना | १३२० | १.४१ | ४४७२ | १३०० | १.३९ | ४३८९ | १३०० | १.३९ | ४३८९ | | | |
| २१.२ | ५ दिने, गाउँस्तर | जना | ७८० | ०.९७ | ३०६९ | ७८० | ०.९७ | ३०१३ | ७८० | ०.९७ | ३०१३ | | | |
| २१.३ | ५ दिने, जिल्लास्तर | जना | २४२० | ४.४३ | १४०३० | २४२२ | ४.४३ | १३५७१ | २४२२ | ४.४३ | १३५७१ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१.४ | ७ दिने, जिल्लास्तर | जना | २७०० | ५.८९ | १८६४१ | २६५७ | ५.८० | १७६७६ | २६५७ | ५.८० | १७६७६ | | | |
| २२ | सीप पुनर्ताजगी तालिम | | | | | | | | | | | | | |
| २२.१ | ३ दिने, गाउँस्तर | जना | ३०० | ०.०८ | २६४ | ३०० | ०.०८ | २६१ | ३०० | ०.०८ | २६१ | | | |
| २२.२ | ३ दिने, जिल्लास्तर | जना | ३७५ | ०.२८ | ८७६ | ३७५ | ०.२८ | ८१३ | ३७५ | ०.२८ | ८१३ | | | |
| २३ | ग्रामीण व्यवसाय विकास तालिम, ५ दिने, जिल्लास्तर | जना | २७५ | ०.२६ | ८२२ | २७७ | ०.२६ | ८०७ | २७७ | ०.२६ | ८०७ | | | |
| २४ | लघुवित्तमा पहुँचविहीन महिलाका लागि चालुकोषमार्फत बीउपुँजी प्रवाह | संस्था/समिति | ६२ | ०.३९ | १२४० | ६२ | ०.३९ | १२४० | ६२ | ०.३९ | १२४० | | | |
| २५ | स्थानीय अनुगमन तथा स्थलगत प्राविधिक परामर्श | पटक | ३६१ | ०.५७ | १८०५ | ४१५ | ०.५७ | १७२४ | ४१५ | ०.५७ | १७२४ | | | |
| | जम्मा | | | | ४७०२४ | | | ४५२०४ | | | | | | |
| ङ) | लैङ्गिक हिंसाविरुद्धको वर्ष-विशेष अभियान | | | | | | | | | | | | | |
| २६ | जिल्लास्तरीय परामर्श कार्यशाला, १ दिने | पटक | ७५ | ०.४० | १२७५ | ७५ | ०.४० | १२७५ | ७५ | ०.४० | १२७५ | | | |
| २७ | जिल्ला स्रोत समूहको बैठक | पटक | १५० | ०.७१ | २२५० | १५२ | ०.७१ | २१२६ | १५२ | ०.७१ | २१२६ | | | |
| २८ | महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित सेवा केन्द्र स्थापना तथा सञ्चालन अनुदान : १५ जिल्ला (प्रतिजिल्ला हिमाल रु. ४ लाख /पहाड रु. ६ लाख/ तराई रु. ८ लाख) | सेवा केन्द्र सञ्जाल | १५ | ३.१६ | १०००० | १५ | ३.१६ | ८४५१ | १५ | ३.१६ | ८४५१ | | | |
| २९ | प्रत्येक निर्वाचन क्षेत्रमा सामुदायिक परामर्श कार्यशाला, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | पटक | २४० | १.९० | ६००० | २३८ | १.८८ | ५९८६ | २३८ | १.८८ | ५९८६ | | | |
| ३० | स्थानीय एफएम रेडियोबाट जनचेतनामूलक सन्देश प्रवाह | | | | | | | | | | | | | |
| ३०.१ | उत्पादन | वटा | ७५ | ०.१७ | ५२५ | ७६ | ०.१७ | ५०५ | ७६ | ०.१७ | ५०५ | | | |
| ३०.२ | प्रसारण | पटक | १३५०० | ०.२१ | ६७५ | १२६०० | ०.२० | ६३० | १२६०० | ०.२० | ६३० | | | |
| | जम्मा | | | | २०७२५ | | | १८९७३ | | | | | | |
| च) | विद्यालयविमुख किशोरीको बहुआयामिक विकास | | | | | | | | | | | | | |
| ३१ | जीवनोपयोगी तालिम, १० दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | जना | २७६० | १.३१ | ४१४० | २७५१ | १.३० | ४०८३ | २७५१ | १.३० | ४०८३ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन | केन्द्र | ९२ | १.०२ | ३२२० | ९२ | १.०२ | ३२०५ | ९२ | १.०२ | ३२०५ | | | |
| ३३ | महिला संस्थामार्फत अतिविपन्न किशोरी विकास टेवा | संस्था | ९२ | ०.५८ | १८४० | ९४ | ०.५८ | १८४० | ९४ | ०.५८ | १८४० | | | |
| ३४ | व्यावसायिक किशोरी समूह विकास | | | | | | | | | | | | | |
| ३४.१ | स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी | पटक | ९२ | ०.१५ | ४६० | ८९ | ०.१४ | ४४२ | ८९ | ०.१४ | ४४२ | | | |
| ३४.२ | सीप विकास तालिम, ५ दिने, जिल्लास्तर र वस्तुगत टेवा (प्रतिव्यक्ति रु. २,०००/विकास लागत २-२.५ जिल्ला रु. २,५००/विकास लागत ३ जिल्ला रु. ३,५००) | जना | १८४० | ३.४० | १०७६० | १७६२ | ३.२६ | १०१६२ | १७६२ | ३.२६ | १०१६२ | | | |
| | जम्मा | | | | २०४२० | | | १९७३२ | | | | | | |
| छ) | बादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण, १० जिल्ला : दाङ, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, दार्चुला र कञ्चनपुर | | | | | | | | | | | | | |
| ३५ | छूट समुदायमा परामर्श बैठक तथा लक्ष्यित महिला छनौट | पटक | २९ | ०.०५ | १४५ | २९ | ०.०५ | १४५ | २९ | ०.०५ | १४५ | | | |
| ३६ | छूट समुदायमा समूह गठन र बचत परिचालन | समूह | १५४ | ०.०२ | ७७ | १५४ | ०.०२ | ७७ | १५४ | ०.०२ | ७७ | | | |
| ३७ | छूट समुदायमा समिति गठन | समिति | २९ | ०.०५ | १४५ | २९ | ०.०५ | १४५ | २९ | ०.०५ | १४५ | | | |
| ३८ | समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर | समूह | २८ | ०.२० | ६४४ | २८ | ०.२० | ६२६ | २८ | ०.२० | ६२६ | | | |
| ३९ | महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | समूह | २८ | ०.२० | ६४४ | २८ | ०.२० | ६३० | २८ | ०.२० | ६३० | | | |
| ४० | छुट परिवारका लागि घर विकास योजना कार्यान्वयन अनुदान (प्रतिपरिवार अधिकतम रु १५ हजारका दरले) | जना | ८४३ | ३.९९ | १२६४५ | ८६७ | ३.९९ | १२०१५ | ८६७ | ३.९९ | १२०१५ | | | |
| ४१ | घर विकास योजना कार्यान्वयनमा स्थलगत सहजीकरण, अवलोकन तथा प्राविधिक परामर्श | समिति | ८५ | ०.२७ | ८५४ | ८२ | ०.२६ | ८३४ | ८२ | ०.२६ | ८३४ | | | |
| ४२ | घर विकास योजना अनुसारको सीप विकास तालिम, ३ दिने, गाउँस्तर | समूह | ३३ | ०.२५ | ८०१ | ३२ | ०.२५ | ७८० | ३२ | ०.२५ | ७८० | | | |
| ४३ | घर विकास सर्भेक्षण तथा योजना फाराम छपाइ | पटक | ८ | ०.०३ | ८० | ८ | ०.०३ | ८० | ८ | ०.०३ | ८० | | | |
| | जम्मा | | | | १६०३५ | | | १५३३२ | | | | | | |
| ज) | मूलप्रवाहीकरण सम्पर्क निकाय सेवा | | | | | | | | | | | | | |
| ४५ | मूलप्रवाहीकरण समन्वय समितिको बैठक | पटक | २२५ | १.०७ | ३३७५ | २२३ | १.०६ | ३२५९ | २२३ | १.०६ | ३२५९ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | सञ्जाल सदस्यमाभ्र अन्तरक्रिया, १ दिने, जिल्लास्तर | पटक | १५० | ०.८१ | २५५० | १४६ | ०.७८ | २४२२ | १४६ | ०.७८ | २४२२ | | | |
| ४७ | स्थानीय जनप्रतिनिधि तथा गाविस सचिवलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, ३ दिने, जिल्लास्तर (जिविससँगको साभ्रेदारीमा) | पटक | ४१ | ०.२७ | ८६१ | ३३ | ०.२२ | ६९२ | ३३ | ०.२२ | ६९२ | | | |
| ४८ | लैङ्गिक सम्पर्क-बिन्दुलाई मूलप्रवाहीकरण तालिम, ५ दिने, जिल्लास्तर | जना | ३२५ | ०.१४ | ४२९ | २९९ | ०.१२ | ३९६ | २९९ | ०.१२ | ३९६ | | | |
| ४९ | जिल्लास्तरीय कार्यालयको लैङ्गिक परीक्षण | पटक | ८ | ०.०४ | १२० | ८ | ०.०४ | १२० | ८ | ०.०४ | १२० | | | |
| ५० | सूचीकृत गैससका लागि लैङ्गिक मूलप्रवाहीकरण तालिम, ३ दिने, जिल्लास्तर | जना | ३७५ | ०.२५ | ७८६ | ३९२ | ०.२५ | ६७३ | ३९२ | ०.२५ | ६७३ | | | |
| ५१ | मूलप्रवाहीकरण समन्वय समितिका सदस्यबाट कार्यक्रम अवलोकन | पटक | १ | ०.०१ | २५ | १ | ०.०१ | २५ | १ | ०.०१ | २५ | | | |
| ५२ | वार्षिक प्रगति प्रतिवेदन प्रकाशन | पटक | ७५ | ०.३६ | ११२५ | ७३ | ०.३५ | १०८५ | ७३ | ०.३५ | १०८५ | | | |
| | जम्मा | | | | ९२७१ | | | ८६७२ | | | | | | |
| झ) | महिला जागृति कार्यक्रम | | | | | | | | | | | | | |
| ५३ | एकीकृत जागृति तथा आयआर्जन कार्यक्रम | गाविस | ८ | १.२६ | ४००० | ६ | ०.९५ | २९२२ | ६ | ०.९५ | २९२२ | | | |
| ५४ | सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र दशैं खर्च | महिना | १२१०३ | १३.३९ | ४२३७६ | ११०१७ | १२.१९ | ३७४२९ | ११०१७ | १२.१९ | ३७४२९ | | | |
| ५५ | परिचालिका भ्रमण तथा बैठक खर्च | पटक | ९०० | १.६४ | ५१९८ | ८९१ | १.६३ | ४६४२ | ८९१ | १.६३ | ४६४२ | | | |
| | जम्मा | | | | ५१५७४ | | | | | | | | | |
| ञ) | विविध | | | | | | | | | | | | | |
| ५६ | आधार-रेखा सूचना फाराम छपाइ | पटक | ७५ | ०.२४ | ७५० | ७० | ०.२२ | ६९९ | ७० | ०.२२ | ६९९ | | | |
| ५७ | दिवसीय कार्यक्रम | पटक | ४५० | ०.८३ | २६२५ | ४११ | ०.७६ | २२५७ | ४११ | ०.७६ | २२५७ | | | |
| ५८ | कर्मचारीलाई कम्प्युटर तालिम | जना | ६८ | ०.०६ | २०४ | ६१ | ०.०६ | १८४ | ६१ | ०.०६ | १८४ | | | |
| ५९ | सफल महिला सशक्तीकरण प्रयासको वृत्तचित्र तयारी | पटक | २ | ०.०६ | २०० | १ | ०.०३ | १०० | १ | ०.०३ | १०० | | | |
| ६० | ईमेल, इन्टरनेट पहुँच | पटक | ७५ | ०.४७ | १५०० | ६८ | ०.४३ | १३०१ | ६८ | ०.४३ | १३०१ | | | |
| ६१ | कार्यक्रम भ्रमण खर्च | पटक | २७०० | २.३८ | ७५४५ | २५८८ | २.२८ | ७०२८ | २५८८ | २.२८ | ७०२८ | | | |
| | जम्मा | | | | १२८२४ | | | ११५६९ | | | | | | |
| | चालु खर्चअन्तर्गतका कार्यक्रमको जम्मा | | | ८९.४५ | २८३१४५ | | ८७.१२ | २२१९१३ | | ८७.१२ | | | | |
| | कार्यक्रम खर्चतर्फको जम्मा (अ+आ) | | | १०० | ३१६५३४ | | ९७.५६ | २५०५२१ | | ९७.५६ | | | | |

**वार्षिक भारित प्रगति ९७.५६**

# महिला विकास कार्यक्रम (केन्द्रस्तर) को वार्षिक प्रगति

१. आ.व. : २०६७६८
२. बजेट शीर्षक नं. ५६–३/४–२००
३. यस अवधिको बजेट : ५८८४
४. यस अवधिको खर्च : ४३७६
५. स्रोत : नेपाल सरकार

रकम रु. हजारमा

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | प्रतिवेदन अवधिसम्म यस आ.व.को प्रगति | | आयोजनाको कुलमध्ये हालसम्म | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | बजेट | परिमाण | भारित | सम्पन्न परिमाण | भारित प्रगति | |
| | | | ४ | ५ | ६ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| (अ) पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू : | | | | | | | | | | | | | |
| १ | जेनेरेटर टहरा निर्माण | पटक | १ | २.५५ | १५० | १ | २.५५ | १०३ | १ | २.५५ | | | |
| २ | मोटर, मोटरसाइकल सेड निर्माण | पटक | १ | २.७० | १५९ | १ | २.७० | ११९ | १ | २.७० | | | |
| ३ | उपकरण (कम्प्युटर-१, यूपीएस-१, इत्यादि) | पटक | १ | १.२१ | ७१ | १ | १.२१ | ७० | १ | १.२१ | | | |
| ४ | सवारी साधन (साइकल-२) | पटक | १ | ०.१९ | ११ | | | | | | | | |
| ५ | फर्निचर तथा फिक्चर्स | पटक | १ | ०.८३ | ४९ | १ | ०.८३ | ४९ | १ | ०.८३ | | | |
| | पुँजीगत खर्च कार्यक्रमको जम्मा | | | ७.४८ | ४४० | | ७.२९ | ३४१ | | ७.२९ | | | |
| (आ) चालु खर्चअन्तर्गतका कार्यक्रमहरू : | | | | | | | | | | | | | |
| (क) | जनशक्ति विकास | | | | | | | | | | | | |
| १ | सुपरभाइजरका लागि सेवा प्रवेश अनुशिक्षण, ७ दिने, केन्द्रस्तर | समूह | १ | ५.५२ | ३२५ | | | | | | | | |
| २ | किशोरी विकास प्रशिक्षक प्रशिक्षण, १० दिने, केन्द्रस्तर | समूह | १ | ६.३७ | ३७५ | १ | ६.३७ | ४३० | १ | ६.३७ | | | |
| ३ | ग्रामीण व्यवसाय प्रवर्धनकर्ता पुनर्ताजगी प्रशिक्षण, ७ दिने, केन्द्रस्तर | समूह | १ | ५.५२ | ३२५ | १ | ५.५२ | ३२५ | १ | ५.५२ | | | |
| ४ | एकीकृत महिला जागृति तथा आयआर्जन कार्यक्रमको अनुशिक्षण, ५ दिने, केन्द्रस्तर | समूह | १ | ५.३५ | ३१५ | १ | ५.३५ | २९३ | १ | ५.३५ | | | |
| | जम्मा | | | | १३४० | | | १०४८ | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ख) | अनुगमन, अभिलेखीकरण तथा संस्थागत सुदृढीकरण | | | | | | | | | | | | |
| ५ | वार्षिक समीक्षा गोष्ठी, ३ दिने | पटक | ३ | १५.३० | ९०० | ३ | १५.३० | १०४१ | ३ | १५.३० | | | |
| ६ | वार्षिक कार्यक्रम तर्जुमा गोष्ठी, ३ दिने | पटक | ३ | १५.३० | ९०० | २ | १०.२० | ७६२ | २ | १०.२० | | | |
| ७ | कार्यक्रमको प्रारम्भिक प्रभाव लेखाजोखा | पटक | १ | २.३६ | १३९ | | | | | | | | |
| ८ | उत्तम महिला संस्था पुरस्कार (प्रतिसंस्था रु. १ लाख) | संस्था | ५ | ९.७७ | ५७५ | ५ | ९.७७ | ५०० | ५ | ९.७७ | | | |
| ९ | अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा महिला विकास कार्यालयमा कार्यरत उत्कृष्ट महिला कर्मचारीलाई पुरस्कार (अधिकृतस्तर, १ जनालाई रु २५,००० र सहयोगीस्तर, ४ जनालाई रु १५,००० का दरले) | जना | ५ | २.२९ | १३५ | ५ | २.२९ | ८५ | ५ | २.२९ | | | |
| १० | इन्टरनेट पहुँच तथा सूचना सेवा | पटक | ३ | ५.१० | ३०० | ३ | ५.१० | ३०० | ३ | ५.१० | | | |
| ११ | सहकारी समन्वय सञ्जालको बैठक | पटक | १ | ०.०८ | ५ | १ | ०.०८ | ५ | १ | ०.०८ | | | |
| १२ | वार्षिक प्रगति प्रतिवेदन प्रकाशन | पटक | १ | २.५५ | १५० | १ | २.५५ | १४३ | १ | २.५५ | | | |
| १३ | कार्यक्रमको सघन अनुगमन | जिल्ला | ३५ | १७.०० | १००० | ३२ | १५.५४ | १५१ | ३२ | १५.५४ | | | |
| | जम्मा | | | | ४१०४ | | | २९८७ | | | | | |
| | चालु खर्च कार्यक्रमको जम्मा | | | ९२.५२ | ५४४४ | | ७८.०८ | ४०३५ | | | | | |
| | कार्यक्रम खर्चतर्फको जम्मा (अ+आ) | | | | ५८८४ | | ८५.३७ | ४३७६ | | | | | |

**वार्षिक भारित प्रगति ८५.३७**

# जिल्लागत प्रगति अनुपात

| सि.नं. | जिल्ला | भौतिक प्रगति | वित्तीय प्रगति | < ९५% भौतिक प्रगति भएका जिल्लामा सम्पन्न वा पूरै सम्पन्न हुन नसकेका क्रियाकलाप |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ७५.९४ | ८३.६२ | सामाजिक परिचालन, सहजीकरण तथा अनुगमन, स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी, आधार-रेखा सूचना फारम छपाइ, दिवसीय कार्यक्रम |
| २ | पाँचथर | १०० | ९९.६२ | |
| ३ | इलाम | ९२.४९ | ९२.३५ | समूह सदस्याको अनुशिक्षण, सामाजिक परिचालन, सहजीकरण तथा अनुगमन, इमेल, इन्टरनेट पहुँच, कम्प्युटर तालिम |
| ४ | झापा | १०० | १०० | |
| ५ | संखुवासभा | १०० | १०० | |
| ६ | तेह्रथुम | ९७.७४ | ९७.८५ | |
| ७ | भोजपुर | १०० | ९९.६१ | |
| ८ | धनकुटा | १०० | १०० | |
| ९ | सुनसरी | ९८.९५ | ९८.९५ | |
| १० | मोरङ | १०० | १०० | |
| ११ | सोलुखुम्वु | १०० | ९५।२९ | |
| १२ | खोटाङ | ९७.४८ | ९४.८८ | |
| १३ | उदयपुर | १०० | ८०।४२ | |
| १४ | ओखलढुङ्गा | ९९.२६ | ९३.३१ | |
| १५ | सप्तरी | ९६.४१ | ८२.८९ | |
| १६ | सिराहा | ९९.३२ | ९८.४१ | |
| १७ | धनुषा | ९५ | ९४.६४ | |
| १८ | महोत्तरी | ९३.४७ | ९३.४७ | विद्यालयविमुख किशोरीहरूको सीप विकास तालिम |
| १९ | सर्लाही | ९७.६४ | ८७ | |
| २० | सिन्धुली | ८९.६५ | ८८.२८ | स्थानीय जनप्रतिनिधि तथा गाविस सचिवलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण |
| २१ | रामेछाप | ८९.२८ | ८८.९४ | स्थानीय जनप्रतिनिधि तथा गाविस सचिवलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण |
| २२ | दोलखा | ९८.८५ | ९८.१७ | |
| २३ | सिन्धुपाल्चोक | ९३.३६ | ९२.११ | स्थानीय एफएम रेडियोबाट जनचेतनामूलक सन्देश प्रवाह, स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी |

| | | | | |
|---|---|---|---|---|
| २४ | रसुवा | ९९.६० | ९७.४८ | |
| २५ | धादिङ | ९६.६५ | ९३.०३ | |
| २६ | नुवाकोट | ९६.६८ | ९१.९८ | |
| २७ | काठमाडौँ | १०० | ९४.९५ | |
| २८ | ललितपुर | ९८.०१ | ९२.४१ | |
| २९ | भक्तपुर | ९८.२१ | ९७.४१ | |
| ३० | काभ्रेपलाञ्चोक | ९३.८८ | ९१.९५ | [रिक्त] सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र दशैं खर्च |
| ३१ | मकवानपुर | ९८.९५ | ८९.३७ | |
| ३२ | रौतहट | १०० | १०० | |
| ३३ | बारा | ९६.४७ | ९३.८१ | |
| ३४ | पर्सा | १०० | १०० | |
| ३५ | चितवन | १०० | ९७०६ | |
| ३६ | नवलपरासी | ९०.९९ | ८९.८१ | समूह सदस्यको अनुशिक्षण, महिला-पुरुष समविकास तालिम, सीप विकास तालिम |
| ३७ | रूपन्देही | ९६.५० | ९५.२१ | |
| ३८ | कपिलवस्तु | ९५.७५ | ९०.५४ | |
| ३९ | अर्घाखाँची | ९८.२३ | ९९.४४ | |
| ४० | पाल्पा | १०० | ९९.१४ | |
| ४१ | गुल्मी | ९१.९१ | ९७.९६ | [रिक्त] सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र दशैं खर्च |
| ४२ | स्याङ्जा | ९७.४५ | ९५.४७ | |
| ४३ | तनहुँ | १०० | ९६.१९ | |
| ४४ | गोरखा | ९६.९५ | ९५.९८ | |
| ४५ | मनाङ | १०० | ९९.७४ | |
| ४६ | लमजुङ | १०० | १०० | |
| ४७ | कास्की | ९९.८२ | ९९.७० | |
| ४८ | पर्वत | ९६.३४ | ९६.४७ | |
| ४९ | बाग्लुङ | ९९.०४ | ९३.२५ | |
| ५० | म्याग्दी | ९६.५२ | ८३.५३ | |
| ५१ | मुस्ताङ | ९७.७७ | ९३.४९ | |
| ५२ | मुगु | ९५.।९६ | ९१.२६ | |
| ५३ | डोल्पा | १०० | ९९.६८ | |
| ५४ | हुम्ला | ९३.१९ | ९४.५१ | भवन निर्माण अनुदान, फर्निचर तथा फिक्चर्स, [रिक्त] सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र दशैं खर्च |

| | | | | |
|---|---|---|---|---|
| ५५ | जुम्ला | ९५.९८ | ९५.०२ | |
| ५६ | कालिकोट | १०० | ९९.८० | |
| ५७ | रुकुम | ९७.१४ | ९३.११ | |
| ५८ | रोल्पा | ९६.९८ | ९६.५३ | |
| ५९ | प्युठान | ९८.०७ | ९३.३६ | |
| ६० | दाङ | ९९.२८ | ९७.१० | |
| ६१ | सल्यान | ९९.६० | ९४.९३ | |
| ६२ | बाँके | १०० | ९८.३५ | |
| ६३ | बर्दिया | ९८.०६ | ९८.३६ | |
| ६४ | सुर्खेत | १०० | ७४.८५ | |
| ६५ | जाजरकोट | ९०.३२ | ९०.५८ | वादी समुदायका महिलाको घर विकासतर्फ सीप विकास तालिम, एकीकृत जागृति तथा आयआर्जन कार्यक्रम |
| ६६ | दैलेख | ८६.७१ | ८६.७१ | स्थानीय अनुगमन तथा स्थलगत प्राविधिक परामर्श, विद्यालयविमुख किशोरीको सीप विकास तालिम, मूलप्रवाहीकरण समन्वयन समितिको बैठक, सञ्जाल सदस्यमाझ चौमासिक अन्तरक्रिया, स्थानीय जनप्रतिनिधि तथा गाविस सचिवलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, वार्षिक प्रगति प्रतिवेदन प्रकाशन |
| ६७ | कैलाली | ९७.८८ | ८४.५३ | |
| ६८ | डोटी | ८६.७२ | ८२.०७ | समूह सदस्यको अनुशिक्षण, एकीकृत जागृति तथा आयआर्जन कार्यक्रम, स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी |
| ६९ | अछाम | ९८.४१ | ७८.३३ | |
| ७० | बाजुरा | ९४.९८ | ९५.०३ | |
| ७१ | बझाङ | १०० | ९४।८५ | |
| ७२ | दार्चुला | १०० | ९७.९२ | |
| ७३ | बैतडी | ९९.३५ | ९४.७१ | |
| ७४ | डडेल्धुरा | ९१.३४ | ८९.६५ | दिवसीय कार्यक्रम, [रिक्त] सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र दशैं खर्च |
| ७५ | कञ्चनपुर | ९८.१५ | ९१.८४ | |

# समीक्षा गोष्ठीको सार

## १. विषय प्रवेश

महिला तथा बालबालिका विभागको आ.व. २०६८/६९ का लागि स्वीकृत कार्यक्रम (केन्द्रस्तर) मा निर्धारित लक्ष्यअनुसार पोखरा, भद्रपुर र नेपालगञ्जमा समीक्षा गोष्ठी आयोजना गरिएको थियो । कार्यक्रममा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिवज्यूका साथै सहसचिव एवं प्रतिनिधि, महिला तथा बालबालिका विभागका महानिर्देशक, निर्देशकद्वय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालयको प्रतिनिधि, महालेखा परीक्षकको कार्यालयको प्रतिनिधि, स्थानीय विकास मन्त्रालयको प्रतिनिधि, महिला तथा बालबालिका विभागका लेखा अधिकृत तथा शाखा अधिकृतलगायत ७५ जिल्लाका महिला विकास अधिकृत तथा निमित्त महिला विकास अधिकृतहरू सहभागी हुनुभएको थियो ।

## २. उद्देश्य

गोष्ठीका उद्देश्य तीनवटा थिए ।

- आ.व. २०६७/६८ मा सञ्चालन भएका कार्यक्रमको समीक्षा गर्ने;
- कार्यक्रम सञ्चालन गर्दा आइपरेका विभिन्न समस्याहरूको बारेमा छलफल गरी समाधानका उपाय पहिल्याउने र
- भावी नीति, कार्यदिशा तथा कार्यक्रम तय गर्ने ।

## ३. स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गका क्रियाकलापहरूको स्तरीकरण

आ.व. २०६७/६८ का लागि स्वीकृत महिला विकास कार्यक्रमअन्तर्गतका क्रियाकलापमध्ये सम्पूर्ण जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूबाट स्तरीकरण गरिएका क्रियाकलापहरू देहायबमोजिम छन् :

- कार्यक्षेत्र विस्तार
- गाविसस्तरीय परामर्श बैठक
- समूह, समिति, संस्था गठन र बैठक सञ्चालन
- समूह बचत परिचालन
- चालुकोष परिचालन
- महिला संस्थाहरूलाई भवन निर्माण अनुदान
- समूहका सदस्यहरूलाई अनुशिक्षण
- स्थानीय सम्भाव्यताअनुसारको सीप विकास तालिम र वस्तुगत टेवा
- लैङ्गिक तथा प्रजनन स्वास्थ्य तालिम
- आधारभूत तालिम
- संस्थागत विकास तालिम

- लेखापालन तालिम
- नेतृत्व तथा अधिवाचन तालिम
- अन्तरजिल्ला रेखाङ्कन भ्रमण (उत्कृष्ट सहकारी संस्थाहरूमा तुलनात्मक अवलोकन गरी आफ्नो संस्थामा पनि अनुशरण)
- सेवाकेन्द्रमार्फत सेवा प्रवाह तथा सचेतनाका गतिविधिहरू
- लैंङ्गिक हिंसासम्बन्धी सामुदायिक परामर्श तथा न्यूनीकरण अभियान
- विद्यालयविमुख किशोरीको बहुआयामिक विकासतर्फ जीवनोपयोगी तालिम, टेवा, सूचना तथा परामर्श केन्द्र
- ईमेल, इन्टरनेट पहुँच ।

## ४. कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपाय

जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरूले महिला विकास कार्यक्रम कार्यान्वयन गर्ने क्रममा भोग्नुपरेका विभिन्न समस्याहरू गोष्ठीमा उल्लेख गरिएका थिए । मुख्य-मुख्य समस्याहरूका साथै तिनको समाधान गर्न प्राप्त सुझाउहरू निम्नानुसार छन् :

### क. भोग्नुपरेका समस्या

- वृत्ति विकासका अवसरको न्यूनता
- सेवा अवधि गणनामा अन्यौल
- नियुक्ति भएदेखि हालसम्म एउटै जिल्लामा खटन
- दरवन्दीमा रहेका कर्मचारी जिल्लाको सिफारिसविना काजमा राख्ने चलन
- पुरस्कार र दण्डको अव्यवस्था
- कर्मचारीहरूको बीमाको अभाव
- कार्यालयहरूमा थोरै दरवन्दी; भएको दरवन्दीमा पनि कर्मचारी पूर्ति हुन नसकेको अवस्था
- कर्मचारीहरूमा सुगम क्षेत्रमा काजमा वस्ने प्रवृत्ति
- विभिन्न कार्यक्रमले गर्दा नियमित कार्यक्रममा प्रतिकूल प्रभाव
- जिल्लागत प्राथमिकताका कार्यक्रमको अस्वीकृति
- दैभ्रभमा सात दिनको सीमा
- कर्मचारीको अवस्था नहेरी कार्यक्रम विस्तार र विनियोजन
- जिल्लाबाट पठाइएका विवरणहरू व्यवस्थित नराखी विभागले पटक-पटक माग्ने गरेको अनुभव
- केन्द्रीयस्तरमा महिला र बालबालिकासम्बन्धी कार्यक्रमको सूचना अभाव
- अपाङ्गता परिचय-पत्र वितरणमा अनावश्यक राजनीतिक दवाव
- भौतिक पूर्वाधारको न्यूनता
- केन्द्रस्तरबाट अनुगमन गर्दा सुगम जिल्लामा मात्र ध्यान
- एउटै जिल्लामा दोहोऱ्याई तेहऱ्याई अनुगमन गर्ने प्रवृत्ति
- हिमाली र अति-दुर्गम क्षेत्रमा अवस्थित जिल्लाका गाविसहरूमा कार्यालयका तर्फबाट गर्नुपर्ने अनुगमन पनि प्रभावकारी रूपमा गर्न नसकिएको यथार्थ
- अपर्याप्त बजेट विनियोजनको कारणले समूहमा भएका सम्पूर्ण सदस्यहरूलाई समेटेर तालिम दिन नसकिएको अवस्था

- दुर्गम जिल्लामा सुगम जिल्लासरह बजेट विनियोजनले कार्यक्रम सञ्चालन गर्न कठिनाइ
- तालिममा दिने गरिएको रकमले खान-बस्न नपुग्ने भनी सहभागीहरूबाट कार्यक्रम छोट्याउन आग्रह
- सीप विकास तालिममा वस्तुगत टेवातर्फ रकमको अपर्याप्तता
- गाविसस्तरीय तालिम सञ्चालनमा सहभागी भत्ताको अभाव
- महिला सहकारी संस्था दर्ता गर्ने क्रममा बहुउद्देश्यीय सहकारी संस्था दर्ता नगरिदिने कारणले ऋण तथा बचत सहकारी संस्था दर्ता गर्नुपर्ने बाध्यता ।

**ख. समाधानका लागि सुझाउ**

- वैदेशिक तालिममा अवसर दिँदा समानता हुनुपर्ने
- पुरस्कृत हुने कर्मचारीको सङ्ख्यामा वृद्धि गर्नुका साथै जिल्लास्तरबाट पनि कर्मचारी पुरस्कृत गर्ने गरी बजेट व्यवस्था हुनुपर्ने
- सहकारी संस्था दर्ता हुनु अगावै सहकारी शिक्षा लिनुपर्ने प्रावधान राख्नुपर्ने
- एकल महिलाका लागि कार्यक्रम हुनुपर्ने
- अञ्चलस्तर/क्षेत्रीयस्तरमा बालगृहको व्यवस्था गर्नुपर्ने
- तराईका जिल्लामा बालविवाह कायमै रहेको हुँदा किशोरीको कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने
- संस्थाको भवन निर्माणसँगै फर्निचरका लागि पनि रकमको व्यवस्था हुनुपर्ने
- किशोरी परामर्श कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको कारणले विशेष पहल गर्नुपर्ने
- ज्येष्ठ नागरिक उपचारसम्बन्धी कार्यक्रम दोहोरोपन नहुने गरी राख्नुपर्ने
- बिजुलीको कारणले कार्यालय सञ्चालनमा वाधा पुगेको र समयमा प्रतिवेदन पठाउन कठिन भएको हुँदा बैकल्पिक उर्जाको व्यवस्था गर्नुपर्ने
- भौगोलिक अवस्थाअनुसार बजेट विनियोजन हुनुपर्ने
- सामाजिक परिचालिकाहरूका सम्बन्धमा नीतिगत प्रस्टता हुनुपर्ने
- चल्ने ठाउँमा सवारी साधन हुनुपर्ने
- जिल्लाको भौगोलिक वातावरणअनुसार कर्मचारीको व्यवस्था हुनुपर्ने
- महिला तथा बालबालिका कार्यालयमा प्रशासनिक कर्मचारीको पनि दरबन्दी राख्नुपर्ने
- कर्मचारीहरूको नोकरी अवधि शतप्रतिशत जोडिनुपर्ने
- कर्मचारीहरूको क्षमता विकास तालिममा लेखापालन, तनाव व्यवस्थापन, उत्प्रेरणासम्बन्धी तालिममा पनि ध्यान दिनुपर्ने
- दण्ड र पुरस्कारको व्यवस्था पारदर्शी हुनुपर्ने
- राजनितिक दवावमा विभाग तथा मन्त्रालयहरूमा कर्मचारी राख्न नहुने
- सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी छुट्टै शाखा प्रमुखको व्यवस्था गर्नुपर्ने ।

## ५. केन्द्रीयस्तरका सुझाउ

समीक्षाका क्रममा जिल्लामा कार्यरत सहभागीहरूबाट व्यक्त समस्या एवं सुझाउसमेतका आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र महिला तथा बालबालिका विभागका तर्फबाट सम्बन्धित प्रतिनिधिहरूबाट राखिएका सुझाउ देहायबमोजिम छन् :

- हालै स्वीकृत महिला विकास कार्यक्रमको रणनीति-पत्रअनुसार कार्यान्वयन व्यवस्था मिलाउनुपर्ने
- सिकाइहरूलाई बाँडीचुँडी व्यवहारमा लागू गर्दै जानुपर्ने
- चालु त्रिवर्षीय योजना अवधिभित्रमा सबै गाविसहरूमा महिला विकास कार्यक्रम सञ्चालन भइसक्नुपर्ने
- अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका विभिन्न प्रतिज्ञा पूरा गर्नुका साथै नेपाल पक्ष भएका महासन्धिहरूलाई लागू गर्ने तर्फ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय लागी पर्नुपर्ने
- राष्ट्रिय योजनाका नीतिहरूलाई ध्यानमा राखी किनाराका समूहलाई मूलप्रवाहीकरणमा ल्याउन प्रयास गर्नुपर्ने
- कार्यक्रम विस्तार गर्नु मात्र प्रगति होइन; प्रभावकारी रूपमा सञ्चालन गर्नमा जोड दिनुपर्ने
- खाली दरवन्दीमा लोक सेवा आयोगको सिफारिशबाट छिट्टै पदपूर्ति हुने
- कार्यक्रमलाई प्रभावकारी बनाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्ने
- प्रधानमन्त्रीज्यूको अध्यक्षतामा हुने समीक्षालाई सघाउ पुऱ्याउन समयमै प्रगति प्रतिवेदन पठाइदिनुपर्ने
- बेरुजू घटाउनका लागि पुरस्कार र दण्डको सम्बन्ध बेरुजूसँग गाँस्नुपर्ने ।

## ६. विभागीय निर्देशन

महिला तथा बालबालिका विभागका महानिर्देशकले जिल्लाका तर्फबाट समीक्षा गोष्ठीमा प्रस्तुत प्रगतिको आधार र सघन अनुगमनका सिलसिलामा यदाकदा देखिएका सुधारयोग्य पक्षहरूलाई समेत समेटेर सम्पूर्ण सहभागीहरूलाई निर्देशन दिनुभयो, जसका बुँदा निम्नानुसार छन् :

### क. सुधारयोग्य पक्षहरू

**कार्यालय सञ्चालन**

- हाजिरी किताप खाली रहने गरेको
- समानुपातिक कार्यविभाजन नभएको
- कार्यालय प्रमुखले नै पेश्की लिने गरेको
- कर्मचारी बैठकमा एउटा निर्णय गर्ने अनि कार्य अर्कै गरी गर्ने गरेको
- कार्यालय प्रमुख जिल्लाबाहिर बढी समय रहने गरेको
- चालुकोष वृद्धि गर्नुपर्ने माग राखेको तर हिसाब अद्यावधिक गर्ने तर्फ चासो नराखेको
- प्रगति प्रतिवेदन समयमा पठाउने नगरेको
- दरबन्दीअनुसार कर्मचारी नभएको
- बेरुजू फछ्र्यौटपट्टि उदासीन देखिएको ।

**कार्यक्रम सञ्चालन**

- कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक पूर्व-तयारीको कमी रहेको
- मासिक कार्यतालिका नबनाएको
- वस्तुगत टेवा प्रदान गर्दा मार्गदर्शनमा निर्धारित प्रक्रिया पूरा नगरेको

- समयमा कार्यक्रम सम्पन्न गर्ने तर्फ सचेत नरही चौमासिकको वा वर्षको अन्त्यमा हतार गर्ने गरेको
- प्रगति प्रतिवेदन छपाउने पेश्की लिएर धेरै ढिलो छपाउने गरेको ।

## ख. सुधारका लागि निर्देशन

**कार्यक्रम कार्यान्वयन**

- प्रत्येक कर्मचारीलाई एक-एकप्रति मार्गदर्शन उपलब्ध गराएर मार्गदर्शनबमोजिम कार्यक्रम कार्यान्वयन गर्ने, गराउने
- निर्धारित कार्यतालिकाबमोजिम तालिम सञ्चालन गर्ने
- प्रत्येक कार्यक्रमका लागि आवश्यक पूर्व-तयारी पूरा गरेर मात्र कार्यान्वयन गर्ने
- नेपाल सरकारको तत्काल राहत कार्यक्रम, २०६८ बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूलाई उच्च प्राथमिकता दिएर सम्पादन गर्ने
- मन्त्रालय र विभागको पूर्व-स्वीकृतविना कुनै पनि दातृ-निकायसँग सम्झौता गरी कार्यक्रम नलिने
- नयाँ वा पुराना सबै कार्यक्षेत्रमा नियमित अनुगमन गर्नुपर्ने
- निष्क्रिय समूहलाई पुनः सक्रिय बनाउन जोड दिने
- विभागको गृहपन्ना www.dwd.gov.np नियमित रूपमा हेरी आन्तरिक सञ्चारबारे जानकारी लिइराख्ने ।

**आर्थिक प्रशासन**

- बेरुजू नहुने व्यवस्था गर्नुका साथै पुरानो बेरुजू फछ्र्यौटलाई प्राथमिकता दिने
- सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को पूर्ण पालना गर्ने
- कार्यालय प्रमुखले पेश्की लिने काम तत्काल बन्द गर्ने तथा पेश्की लिएर समयमा काम नगर्ने प्रवृत्ति रोक्ने; अन्यथा विभागीय कार्यवाही हुने
- चालुकोषको हिसाबकिताप अद्यावधिक गर्ने; खातामा अन्य कुनै प्रकारको रकम नराख्ने
- सार्वजनिक खरिद नियमावली, २०६४ मा हालै (२०६८/३/६ मा) भएको तेस्रो संशोधनसमेतलाई ख्याल गरी आर्थिक कारोबार सञ्चालन गर्ने ।

**कर्मचारी प्रशासन**

- प्रत्येक आर्थिक वर्ष समाप्त भएको साउन महिनाको ७ गतेभित्र नि.से.नि.मा तोकिएको फारामको ढाँचामा कासमू फाराम भरी दर्ता गराएको हुनुपर्ने
- कासमू फाराम भर्ने सिलसिलामा अझै पनि विभिन्न ढाँचा प्रयोग गरिएको देखिएकोले नि.से.नि. बमोजिमको ढाँचामात्र प्रयोग गर्नुपर्ने
- हाजिरी किताप प्रस्ट रूपमा राखिनुपर्ने र काज जनाउँदा कर्मचारी कुन क्षेत्रमा खटिएको हो खुलाउने
- विभागको पूर्व-स्वीकृतिविना जिल्लाबाहिर हुने कुनै पनि निकायको कार्यक्रममा भाग नलिने
- प्रत्येक कर्मचारीको व्यक्तिगत फाइल सुरक्षित र व्यवस्थित रूपमा राख्ने
- सबै कर्मचारीलाई आ-आफ्नो पदको कार्यविवरणअनुसार समानुपातिक रूपमा कार्य-जिम्मेवारी बाँडफाँड गरेर कार्य-सञ्चालन गर्ने र त्यसरी कार्य-जिम्मेवारी बाँडफाँड गरेको जानकारी विभागमा पठाउने
- सामाजिक परिचालिका कार्यरत क्षेत्रको समेत नियमित अनुगमन तथा सामाजिक परिचालिकाको कामको सुपरिवेक्षण गर्ने ।

**प्रगति प्रतिवेदन**

नियमित रूपमा प्रगति विवरण पठाउने र नपठाउने जिल्लाको अभिलेख विभागमा राखिएको हुँदा निम्नानुसार गर्ने :

- तत्काल राहत कार्यक्रमको प्रगति पाक्षिक रूपमा प्रत्येक महिनाको १४ र २८ गते पठाउने
- घरेलु हिँसाबाट प्रभावितका लागि सञ्चालित सेवा केन्द्रबाट सम्पादन गरिएका कार्यहरूको विवरण प्रत्येक महिनाको २४ गते विभागमा आइपुग्ने गरी पठाउने
- मासिक प्रगति विवरण प्रत्येक महिनाको ३ गतेभित्र विभागमा आइपुग्ने गरी पठाउने
- चौमासिक प्रगति विवरण चौमासिक व्यतीत भएको १२ गतेभित्र विभागमा आइपुग्ने गरी पठाउने
- खर्चको फाँटबारी प्रत्येक महिनाको ७ गतेभित्र विभागमा आइपुग्ने गरी पठाउने ।

**७. सचिवज्यूको निर्देशन**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिवज्यूले जिल्ला-जिल्लाको प्रगति, समस्या तथा सुझाउहरूलाई समेटेर कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्देशन दिनुभयो, जसलाई बुँदागत रूपमा तल राखिएको छ :

- महिला विकास कार्यक्रमबाट समुदायमा सकारात्मक प्रभाव परिरहेकाले कार्यक्रमको विस्तारमा ध्यान दिनुपर्ने
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९७९ अन्तर्गतको दायित्व पूरा गर्ने सिलसिलामा पनि महिला विकास कार्यक्रम नै आधारभूत भएकाले स्रोत विनियोजनमा उच्च प्राथमिकता दिइनुपर्ने
- विभिन्न किसिमका लैङ्गिक हिंसा हुने गरेको अवस्था अन्त्य गर्न प्रयास गर्नुपर्ने
- नीतिगत पुनरावलोकनका लागि हिंसासम्बन्धी तथ्याङ्क जरुरी भएकाले जिल्लाबाट नियमित रूपमा प्रगति पठाउनुपर्ने
- मेलमिलाप गराएर हिंसापीडितहरूलाई अदालतसम्म जानबाट वञ्चित गराइएको पाइएकोले न्यायमा पहुँच सुनिश्चित गर्नुपर्ने
- चाँडै विवाह हुँदा बढी मात्रामा हिंसाको शिकार हुने सम्भावना भएकाले सामाजिक जागरण ल्याउनुपर्ने
- जोखिममा परेका बालबालिकालाई सहयोग गर्न कोषमार्फत राहत दिन सकिने व्यवस्था मिलाउने ।

●●●

## नेपालमा महिला विकास : मुख्य घटनाहरू

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०१३ (१९५६ ई.) | • महिला प्रशिक्षण केन्द्रको स्थापना | हेर्नुहोस्, परिच्छेद २, संस्थागत व्यवस्था |
| २०२९ (१९७२ ई.) | • महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाजकल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा | ऐ. |
| २०३० (१९७३ ई.) | • तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमितिअन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन | ऐ. |
| २०३२ (१९७५ ई.) | • आमा मिलन केन्द्रको स्थापना | ऐ. |
| २०३३ (१९७६ ई.) | • समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपालको अनुमोदन | अनुमोदन मिति : ६ अक्टोबर १९७६ |
| २०३४ (१९७७ ई.) | • तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत नारी सेवा समन्वय समिति गठन | |
| २०३६ (१९७९ ई.) | • नेपालमा महिलाहरूको मर्यादास्तर (The Status of Women in Nepal) अध्ययन | हेर्नुहोस्, परिच्छेद २, ऐतिहासिक आधार-रेखा |
| २०३७ (१९८० ई.) | • छैठौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट 'विकास कार्यमा महिला सहभागिता प्रवर्धन' गर्ने छुट्टै नीति समावेश | |
| २०३८ (१९८१ ई.) | • तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा खडा<br>• साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन | हेर्नुहोस्, परिच्छेद ३, प्रारम्भ |
| २०३९/४० (१९८२/८३ ई.) | • महिला विकास कार्यक्रम प्रारम्भ | हेर्नुहोस्, परिच्छेद ३, कार्यक्रम |
| २०४२ (१९८५ ई.) | • तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा | |
| २०४४ (१९८७ ई.) | • श्रम मन्त्रालयमा महिला महाशाखा खडा | |
| २०४७ (१९९० ई.) | • महिला विकास शाखाको महाशाखामा स्तरोन्नति | |
| २०४८ (१९९१ ई.) | • महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपालको अनुमोदन | अनुमोदन मिति : २२ अप्रिल १९९१ |
| २०४९ (१९९२ ई.) | • कृषि मन्त्रालयमा महिला कृषक महाशाखा खडा<br>• आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा लैङ्गिक मूलप्रवाहीकरणको नीति अवलम्बन | |
| २०५० (१९९३ ई.) | • जल तथा शक्ति आयोगको सचिवालयमा एकाइ खडा<br>• राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा खडा | |
| २०५२ (१९९५ ई.) | • महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना<br>• महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समितिअन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था | स्थापना मिति : २०५२/६/६ |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०५२ (१९९६ ई.) | ● नेपाल प्रहरीमा महिला एकाइ (Cell) खडा | प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ |
| २०५४ (१९९७ ई.) | ● नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति | |
| २०५५ (१९९८ ई.) | ● स्थानीय स्वायत्त शासन ऐन जारी :<br>- गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान<br>- गाउँ परिषद्मा एकजना, जिल्ला परिषद्मा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता<br>- गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त | |
| २०५६ (१९९९ ई.) | ● महिला जागृति तथा आयआर्जन कार्यक्रम लागू<br>● महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालयअन्तर्गत राख्ने व्यवस्था | हेर्नुहोस्, परिच्छेद ३, हालसम्मको प्रगति |
| २०५७ (२००० ई.) | ● महिला तथा समाजकल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामाकरण<br>● महिला विकास महाशाखा महिला विकास विभागमा परिणत | निर्णय मिति : २०५७/३/२६ |
| २०५८ (२००१ ई.) | ● राष्ट्रिय महिला आयोगको गठन<br>● नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामाकरण<br>● राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण | डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति; हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार |
| २०५९ (२००२ ई.) | ● विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Focal-point) तोक्ने व्यवस्था | |
| २०६० (२००३ ई.) | ● नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>● जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत<br>● नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्कसूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focal Agency) तोक्ने निर्णय | निर्णय मिति : २०६०/९/१७<br>निर्णय मिति : २०६०/१२/२६<br>निर्णय मिति : २०६०/४/५ |
| २०६१ (२००४ ई.) | ● नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>● नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृति : स्थानीयस्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू (Focal-point) तोक्नुपर्ने व्यवस्था | हेर्नुहोस्, परिच्छेद २, राष्ट्रिय कार्ययोजना<br>निर्णय मिति : २०६१/५/३१ |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| | ● सम्पत्तिमा महिलाको स्वामित्व वृद्धि गर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति | आ.व. २०६१/६२ को बजेट वक्तव्य |
| २०६२ (२००५ ई.) | ● लैङ्गिक-उत्तरदायी बजेट (Gender-responsive Budget) अग्रसरता<br>● वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने, बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षीण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन<br>● महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था | आ.व. २०६२/६३ को बजेट वक्तव्य<br>अनुमोदन मिति :<br>३१ अक्टोबर २००६ |
| २०६२ (२००६ ई.) | ● महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन | अनुमोदन मिति :<br>१८ डिसेम्बर २००६ |
| २०६३ (२००६ ई.) | ● प्रतिनिधि सभाको घोषणा जारी : राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प<br>● नेपालको अन्तरिम संविधान जारी : महिलाका मौलिक हकको प्रत्याभूति<br>● नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा<br>● लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी<br>● गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि निर्धारण :<br>- महिला, बालबालिका, दलित वर्ग, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिमा लक्ष्यित हुने गरी मागका आधारमा आयोजना सञ्चालन गर्न एवं सञ्चालन हुने अन्य कार्यक्रमसँग समायोजन कोष (Matching Fund) का रूपमा राख्न कम्तिमा रु. १ लाख ५० हजारसम्म रकम छुट्याउने व्यवस्था<br>- प्रत्येक योजनाका लागि गाविसले गठन गर्ने उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने व्यवस्था | हेर्नुहोस्, परिच्छेद २, संवैधानिक प्रावधान<br>निर्णय मिति : २०६३/१/२६<br>प्रमाणीकरण मिति :<br>२०६३/७/१७ |
| २०६३ (२००७ ई.) | ● राष्ट्रिय महिला आयोग ऐन जारी | प्रमाणीकरण मिति :<br>२०६३/९/३० |
| २०६४ (२००७ ई.) | ● मानव वेचविखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी<br>● निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन :<br>- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याएर छुट्याइएको ४५ प्रतिशतलाई शतप्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पूर्ति गर्ने प्रावधान<br>- महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान | प्रमाणीकरण मिति :<br>२०६४/४/८<br>लालमोहर र प्रकाशन मिति :<br>२०६४/४/२३ |

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०६५ (२००८ ई.) | ● नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू तय : स्थानीयस्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाई सदस्य महिला हुनुपर्ने व्यवस्था<br>● मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली तर्जुमा<br>● राष्ट्रिय महिला आयोग नियमावली तर्जुमा | |
| २०६६ (२००९ ई.) | ● [स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि] लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति : गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्याउनुपर्ने व्यवस्था<br>● घरेलु हिंसा (कसूर र सजाय) ऐन जारी | प्रमाणीकरण मिति : २०६६/१/१४ |
| २०६७ (२०१० ई.) | ● महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामाकरण<br>● घरेलु हिंसा (कसूर र सजाय) नियमावली तर्जुमा<br>● लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली तर्जुमा<br>● त्रिवर्षीय योजना (२०६७/६८ – २०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य | निर्णय मिति : २०६७/६/१२ |
| २०६७ (२०११ ई.) | ● नेपाल सरकारबाट संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ –२०७१/७२) को स्वीकृति | |